"जीवन, मर्यादा, समानता र स्वतन्त्रताको अधिकार : दिगो शान्ति र संवृद्धिको आधार"

## राष्ट्रिय मानव अधिकार आयोग, गण्डकी प्रदेश कार्यालयको

# वार्षिक गतिविधि पुस्तिका

२०८२/८३


**राष्ट्रिय मानव अधिकार आयोग**

**गण्डकी प्रदेश कार्यालय, पोखरा**

æजीवन, मर्यादा, समानता र स्वतन्त्रताको अधिकार M दिगो शान्ति र सम्बृद्धिको आधारÆ

# वार्षिक गतिविधि पुस्तिका

## आ.व. २०८२/८३

राष्ट्रिय मानव अधिकार आयोग

गण्डकी प्रदेश कार्यालय, पोखरा

**आयोगका पदाधिकारीहरू**

**अध्यक्ष**
माननीय तप बहादुर मगर

**सदस्यहरू**
माननीय मिहिर ठाकुर
माननीय मनोज दुवाडी
माननीय लिली थापा

**सचिव**
मुरारिप्रसाद खरेल

**सल्लाहकार**
नीतु गर्तौला
सहसचिव/कार्यालय प्रमुख

**संयोजन समिति**
रेगम महर्जन
खिमलाल सुवेदी

**लेखन**
रेगम महर्जन
खिमलाल सुवेदी
टंकप्रसाद खनाल
कृष्णप्रसाद अधिकारी

**व्यवस्थापन**
मुक्तिराम सुवेदी
मुकेश घिमिरे

**प्रकाशक** : राष्ट्रिय मानव अधिकार आयोग
गण्डकी प्रदेश कार्यालय, पोखरा ।

**प्रकाशन मिति** : २०८३

**संस्करण** : छैटौं

© **सर्वाधिकार** : राष्ट्रिय मानव अधिकार आयोग
गण्डकी प्रदेश कार्यालय, पोखरा

*© आयोगको यस कार्यालयको पूर्व स्वीकृति विना यस प्रतिवेदनलाई बौद्धिक वा शैक्षिक प्रयोजन बाहेक व्यापारिक वा अन्य प्रयोजनका लागि पुनः उत्पादन एवं मुद्रण गर्ने गरी सङ्ग्रह गर्न अथवा कुनै पनि माध्यमबाट प्रयोगमा ल्याउन पाईने छैन। बौद्धिक तथा शैक्षिक प्रयोजनार्थ स्रोत खुलाई आवश्यक अंशहरू साभार गरी प्रयोग गर्न सकिने छ।*

# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission of Nepal**

केन्द्रीय कार्यालय (Central Office)

पुल्चोक, ललितपुर, नेपाल (Pulchowk, Lalitpur, Nepal)

## मन्तव्य

आयोगको गण्डकी प्रदेश कार्यालय, पोखराले आव २०८२/०८३ को मानव अधिकारको समग्र अवस्थालाई समेटी वार्षिक गतिविधि पुस्तिका प्रकाशन गर्न लागेको थाहा पाउँदा मलाई खुसी लागेको छ।

मानव अधिकार उल्लङ्घनका घटनाहरु हुन नदिन, राज्यका संयन्त्रहरूलाइ मानव अधिकारको सुनिश्चितताका लागि जवाफदेही बनाउन तथा मानव अधिकार संस्कृतिको निर्माण गर्न यस क्षेत्रमा कार्यरत सबैको हातेमालो अपरिहार्य छ।

गण्डकी प्रदेश कार्यालयको कार्यक्षेत्रअन्तर्गतका जिल्लाहरुको यस आ.व को मानव अधिकारको समग्र अवस्थालाई मुखरित गरी तयार पारिएको प्रस्तुत प्रकाशनले त्यस प्रदेशको मानव अधिकारको सर्वाङ्गिण पक्षलाई उजागर गर्ने मेरो विश्वास छ।

अन्त्यमा, यो वार्षिक गतिविधि पुस्तिका प्रकाशनको कार्यमा संलग्न गण्डकी प्रदेश कार्यालयका प्रमुखसहित सम्पूर्ण कर्मचारीहरुको म हार्दिक सराहना गर्दछु।

(तप बहादुर मगर)
अध्यक्ष

असार २०८३

फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५४४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल
Phone: +977-1-5010015, Fax: +977-1-5447973, G.P.O. Box: 9182, Kathmandu, Nepal

राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
पुल्चोक, ललितपुर, नेपाल (Pulchowk, Lalitpur, Nepal)


## मन्तव्य

मानव अधिकारको सम्मान, संरक्षण र संवर्धन गर्ने उद्देश्यले राष्ट्रिय मानव अधिकार आयोगको संस्थागत पहुँच विस्तार गर्ने क्रममा वि.सं. २०६२ साल वैशाख २१ गते पोखरामा आयोगको क्षेत्रीय कार्यालय स्थापना भएको हो। स्थापनाकालदेखि नै मानव अधिकारको संरक्षण र संवर्धनका क्षेत्रमा निरन्तर क्रियाशील रहँदै आएको राष्ट्रिय मानव अधिकार आयोग, गण्डकी प्रदेश कार्यालय, पोखराले आ.व. २०८२/०८३ मा सम्पादन गरेका मानव अधिकार उल्लङ्घनका घटनाको अनुसन्धान तथा अनुगमन, प्रवर्द्धनात्मक कार्यक्रम, सरोकारवालासँगको समन्वय तथा सहकार्यलगायतका विविध गतिविधिहरूलाई समेटी वार्षिक गतिविधि पुस्तिका प्रकाशन गर्न लागेकोमा खुशी व्यक्त गर्दछु।

मानव अधिकारको प्रभावकारी संरक्षण र संवर्धनका लागि राज्यका सबै तह र निकायको जवाफदेहिता, उत्तरदायित्व, पारदर्शिता तथा सहकार्य अपरिहार्य हुन्छ। यस सन्दर्भमा आयोगले संविधान तथा प्रचलित कानूनद्वारा प्रदत्त कार्य अनुरूप मानव अधिकारको सम्मान र संरक्षणका लागि निरन्तर अनुगमन, अनुसन्धान तथा प्रवर्द्धनात्मक कार्यहरू गर्दै आएको छ। प्रस्तुत पुस्तिकामा गण्डकी प्रदेशमा एक वर्षको अवधिमा देखिएका मानव अधिकारसम्बन्धी प्रमुख सवाल, उल्लङ्घनका घटना, अनुगमनबाट प्राप्त तथ्य, कार्यालयबाट सम्पादन गरिएका गतिविधि, हासिल भएका उपलब्धि तथा विद्यमान चुनौतीहरूलाई समेटिएको छ।

यस पुस्तिकाले गण्डकी प्रदेशको मानव अधिकार संरक्षण र संवर्धनका क्षेत्रमा विद्यमान समस्या तथा चुनौतीको पहिचान गर्न र आगामी दिनका लागि आवश्यक रणनीति तथा कार्यदिशा तय गर्न समेत महत्वपूर्ण आधार प्रदान गर्ने विश्वास लिएको छु। साथै, प्रतिवेदनमा प्रस्तुत तथ्य, अनुभव तथा निष्कर्षले राज्यका सम्बद्ध निकायहरूलाई मानव अधिकारमैत्री नीति, योजना तथा कार्यक्रम निर्माण र कार्यान्वयनमा आवश्यक सहयोग पुग्ने अपेक्षा गरेको छु।

अन्त्यमा, प्रस्तुत वार्षिक गतिविधि प्रतिवेदन तयार गर्ने क्रममा तथ्य तथा सूचना संकलन, अनुगमन, दस्तावेजीकरण, लेखन, सम्पादन तथा प्रकाशन कार्यमा संलग्न राष्ट्रिय मानव अधिकार आयोग, गण्डकी प्रदेश कार्यालयका कार्यालय प्रमुखलगायत सम्पूर्ण कर्मचारीहरू तथा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग पुर्‍याउनुहुने सम्बन्धित सबैप्रति हार्दिक आभार व्यक्त गर्दछु।

असार २०८३

मुरारिप्रसाद खरेल
सचिव


फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५४४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल
Phone: +977-1-5010015, Fax: +977-1-5447973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org,
https://www.youtube.com/@nationalhumanrightscommiss4301, https://www.facebook.com/NepalNHRC, https://twitter.com/NepalNHRC

# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission, Nepal**

गण्डकी प्रदेश कार्यालय Gandaki Province Office

पोखरा-८, पर्यटन मार्ग (एयरपोर्ट), Pokhara-8, Paryatan Marga (Airport)


## मन्तव्य

नेपालको संविधानको धारा २४९ बमोजिम मानव अधिकारको सम्मान, संरक्षण, संवर्धन तथा त्यसको प्रभावकारी कार्यन्वयनलाई सुनिश्चितता गर्न आयोगको संवैधानिक दायित्व र आयोगले लिएको "जीवन, मर्यादा समानता र स्वतन्त्रताको अधिकारः दिगो शान्ति र संवृद्धिको आधार" दूरदृष्टिलाई आत्मासाथ गर्दै आयोगको छैठौं रणनीतिक योजना (२०२१-२०२६) र कार्यालयको आ.व.२०८२/८३ को स्वीकृत बार्षिक कार्ययोजनाले समेटेका तथा नसमेटेका सम्पादित गतिविधिहरुलाई समावेश गरी यो बार्षिक गतिविधि पुस्तिका यहाँहरु समक्ष ल्याएका छौं । यस गतिविधि पुस्तिकाले यस आ.व.मा यस कार्यालयबाट भएका अनुगमन, उजुरीमा अनुसन्धान, प्रवर्धनात्मक कार्यक्रमहरु, सरकारी तथा गैरसकारी निकायहरुका कार्यक्रमहरुमा सहभागिता तथा सचार माध्यममा यस कार्यालयको उपस्थित, श्रोत व्यक्तिका रुपमा गरेका कार्यहरुको साथै यस कार्यालयको उपलब्धीहरु र चुनौतीहरु लगायतका विषयहरु यस पुस्तिकामा समेटिएका छन् ।

आयोगको पहुँच सहज बनाउने उद्देश्यले २०६२ वैशाख २१ गते आयोगको पश्चिमाञ्चल क्षेत्रीय कार्यालयको रुपमा स्थापना भई संघीय संरचना अनुरुप हाल गण्डकी प्रदेश कार्यालयको रुपमा अनवरत रुपमा प्रदेशस्तरमा मानव अधिकार प्रत्याभुतिलाई सुनिश्चितताको प्रयास गर्दै मानव अधिकार संस्कृति निर्माणमा क्रियाशिल रहदै आएको छ ।

नेपाल, विभिन्न २४ वटा मानव अधिकार सम्बन्धी सन्धि र महासन्धिहरुको पक्षराष्ट्र बनिसकेको अवस्थामा ती मानव अधिकार सम्बन्धी अन्तराष्ट्रिय कानूनहरुको प्रवधानहरुको घरेलुकरण तथा सविधानले ती व्यवस्थालाई मौलिक हकको रुपमा प्रत्याभूत गरेको अवस्था छ । साथै यी व्यवस्थाहरु विभिन्न राष्ट्रिय कानूनहरुले समेत समेटिएको अवस्थामा मानव अधिकारको  सम्मान, संरक्षण र परिपूर्ति गर्नु संघ, प्रदेश र स्थानीय सरकार समेतको प्रमुख दायित्व रहेको हुँदा यस गतिविधि पुस्तिकाले प्रदेश तथा स्थानीय तहलाई यो प्रदेशको समग्र मानव अधिकारको वस्तुस्थिति बुझ्न र कार्यान्वयन गर्नलाई समेत केही हदसम्म सहयोग पुर्याउने छ भन्ने विश्वास समेत लिएकी छु ।

प्रदेशमा मानव अधिकारसँग सम्बन्धित सवालहरुमा अनिवार्य र निःशुल्क शिक्षाको पूर्ण रुपमा कार्यान्वयन हुन नसक्नु, सिमान्तकृत समुदायका नागरिकलाई जन्मदर्ता र नागरिकता प्राप्तीमा चुनौती हुनु, बाल न्याय प्रणाली सुदृढीकरण नहुनु, अनुशासनको आडमा विद्यालयमा विभिन्न किसिमका दण्ड दिईनु, जातीय छुवाछुत तथा भेदभाव कायमै रहनु, श्रमिकका अधिकार, कारागार तथा बाल सुधार गृहका भौतिक सुधार लगायतका नीतिगत समस्याहरुको सम्बोधन हुन नसक्नु, केही सीमित अपराधमा बाहेक अपराध पीडितले क्षतिपूर्ति नपाउनु, नाबालकमै यौन गतिविधीमा संलग्न हुने, २० वर्ष उमेर अगावै विवाह गर्ने र बहुविवाह तथा लिभ इन रिलेसनबाट सृजित


फोन नं. ०६१-५८६०५९,५८६०८१ फ्याक्स नं. ००९७७-६१-५८५८७५ पो.ब.नं. ७२ पोखरा, नेपाल

Phone: +977 61-586059, 586081 Fax: +977 61-585875, G.P.O. Box: 72, Pokhara, Nepal

Email: nhrcpkr@gmail.com website www.nhrcnepal.org

समस्याहरुको सम्बोधन हुन नसक्नु, दुई नावालक बिच भएको बिवाह वा शारिरिक सम्बन्धमा केटालाई जवरजस्ती करणीको दोषी बनाईनु, प्रदेशमा बिधी विज्ञान प्रयोगशालाको अभावमा न्यायमा ढिलाई, रेसिडेन्सियल डाक्टरहरुको तथा निजी अस्पतालमा कार्यरत नर्सहरुको सवालहरुको सम्बोधन हुन नसक्दा स्वास्थ्य सेवा प्रभावित बन्नु, एच.आई.भी. संक्रमितहरुको मानव अधिकार, युवाहरु लागुऔषधको कुलतमा फस्नु तथा यस्ता प्रयोगकर्ताको बृद्धिसँगै अपराधमा बढोत्तरी र नयाँ किसिमको अपराधहरुका कारण सुरक्षाचुनौती बढ्नुका साथै सुधारको आडमा सुधारगृहबाट निजहरुमाथि हुने हिंसा, आन्तरिक तथा बाह्य रुपमा हुने मानव बेचबिखन, महिलाहिंसा, यौन श्रममा संलग्न महिला माथि हुने शोषण तथा नाबालकहरुको जोखिमयुक्त कार्यमा संलग्नता, मानसिक स्वास्थ्य, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, उपभोक्ताको अधिकार, बिपद् व्यवस्थापन, सडक दुर्घटना लगायतका सवालहरु रहेका छन् । वैदेशीक रोजगारमा गएका व्यक्तिहरुलाई विशेष गरी पुरुषलाई जीवन साथीबाट हुने धोकाबाट सृजित समस्याहरु तथा पुरुषहरु पनि घरेलु हिंसामा पर्नु र कानूनले महिलाको मात्र सुन्छ भन्ने धारणा रहनु, अपराध अनुसन्धानको क्रममा सुन्ने भन्दा थुन्ने कार्यलाई जोड दिईनु, संविधानले प्रत्याभुत गरेको फौजदारी न्याय सम्बन्धी अधिकारहरुको स्वेच्छाचारी प्रयोग हुनु र न्याय प्राप्तीमा लामो समय लाग्ने गरेको कारण आम नागरिकको न्याय प्रति नकरात्मक धारणा बढ्नु, त्यसैगरी दिन प्रतिदिन नागरिकहरुले आफ्नो कर्तव्य भुल्नु तथा कानून हातमा लिने प्रवृत्ति बढ्दै जानु र सो विषयलाई सम्बोधन गर्ने नेपाल प्रहरीसँग प्रविधि र सीमित श्रोत साधनको कारण मानव अधिकार बहालीमा चुनौती थपिएको छ ।

अधिकारका नयाँ आयामको रुपमा आएका व्यवसाय र मानव अधिकार, वातावरण-जलवायु परिवर्तन, डिजिटल राईटस् लगायतका अधिकारको प्रत्याभुति नहुँदा नागरिकहरुले मानव अधिकारको पूर्ण उपभोग गर्नबाट प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा अवरोधत झेल्नु परेको छ। नागरिकको मानव अधिकारको सम्मान तथा संरक्षण र मानव अधिकार संस्कृतिको निर्माण एकल प्रयासबाट मात्र हुने विषय नभई दृढ राजनीतिक ईच्छाशक्ति, नागरिकहरुको कर्तव्यबोध तथा सरोकारवालाहरु, तीनै तहका सरकार, निकायहरुले जिम्मेवारी र जवाफदेहिता बोध गरी सवैसँग हातेमालो गरेर अघि बढ्न सकेमा मात्र मानव अधिकारको सम्मान र मानव अधिकार संस्कृतिको निर्माणले मूर्त रुप लिन्छ ।

मानव अधिकारको संरक्षण र संवर्धनको सिलसीलामा यस कार्यालयलाई प्राप्त सहयोग, समन्वय र सहकार्यका लागि प्रदेश प्रमुखको कार्यालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश सभा, अदालतहरू, स्थानीय तह, सरकारी तथा सुरक्षा निकाय, पेशागत संघसंस्था, कानून व्यवसायी, नागरिक समाज, मानव अधिकारकर्मी तथा सञ्चारजगतप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दै आगामी दिनमा पनि यस्तै रचनात्मक सहयोगको अपेक्षा गर्दछु ।

अन्त्यमा, कार्यालयको वार्षिक कार्ययोजना कार्यान्वयन तथा यस गतिविधि पुस्तिका प्रकाशनमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा संलग्न सम्पूर्ण कर्मचारी, सहयोगी तथा सरोकारवालाहरूप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु।

गर्तौला

नीतु गर्तौला
सहसचिव
(कार्यालय प्रमुख)

**गण्डकी प्रदेश कार्यालय पोखराको आ.व. २०८२/०८३ को बार्षिक गतिविधि सार संक्षेपमा**

| क्र.स. | कामको प्रकृति | संख्या | बिषय | कैफियत |
|---|---|---|---|---|
| १ | मानव अधिकार संरक्षण | | | |
| १.१ | उजूरी | अनुसन्धान जारी रहेका उजूरी संख्या ९१ | नागरिक तथा राजनीतिक अधिकार<br>आर्थिक, समाजिक तथा साँस्कृतिक अधिकार<br>यातना विरुद्धको अधिकार<br>महिला हिंसा विरुद्धको अधिकार<br>बाल अधिकार<br>जातीय भेदभाव विरुद्धको अधिकार<br>अपाङ्गता भएका व्यक्तिको अधिकार<br>बेपत्ता विरुद्धको अधिकार<br>आप्रवासी कामदारको अधिकार<br>न्याय प्रशासन<br>अन्य अधिकार | सबै उजूरी उपर अनुसन्धान कार्य जारी रहेको । |
| १.२ | अनुसन्धान सम्पन्न (फिल्ड र डेक्स) | १९ | नागरिक तथा राजनीतिक अधिकार<br>आर्थिक, समाजिक तथा साँस्कृतिक अधिकार<br>यातना विरुद्धको अधिकार<br>महिला हिंसा विरुद्धको अधिकार<br>बाल अधिकार<br>न्याय प्रशासन | |
| १.३ | परामर्श र सुझाव | १०१ | महिला हिंसा, न्याय प्रशसान वातावरण, बाल अधिकार, स्वास्थ्य अधिकार, मानसिक स्वास्थ्य, अपाङ्गता भएका व्यक्तिको अधिकार, वालवालिकाको जन्म दर्ता लगायत | |
| १.४ | निर्णयको लागि के.का पठाएको | १३ | नागरिक तथा राजनीतिक अधिकार<br>आर्थिक, समाजिक तथा साँस्कृतिक अधिकार<br>यातना विरुद्धको अधिकार<br>महिला हिंसा विरुद्धको अधिकार<br>बाल अधिकार<br>न्याय प्रशासन लगायत | |
| १.५ | अनुगमन (नियमित तथा आकस्मिक) | १९ | अपाङगता भएका वालवालिकाको शिक्षाको अधिकार, वालिका माथि भएको भनिएको दुर्व्यवहारको अनुगमन, जेन्जी आन्दोलन र त्यसपछिको मानव अधिकार अवस्था, स्वास्थ्यको अधिकार, प्रतिनिधिसभा सदस्य निर्वाचनको अनुगमन, हिरासत तथा कारागार अनुगमन लगायत | |
| १.६ | आयोगबाट भएका निर्णय | १ | तामेली | |

| | | | | |
|---|---|---|---|---|
| २ | प्रवर्धनात्मक कार्य | | | |
| २.१ | समन्वय र सहकार्यमा सम्पन्न कार्यक्रम | ६ | ७७औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवस<br>• मानव अधिकार रक्षक दिवसमा छलफल<br>• दिप प्रज्वलन<br>मानव अधिकार रक्षकको अधिकार<br>महिला अधिकार<br>मानव अधिकार शिक्षा सम्वन्धी स्टल व्यवस्थापन<br>कानून व्यवसायीहरूको व्यवसायिक आचरण, समस्या र दृष्टिकोण<br>आयोगको २६औं स्थापना दिवसको अवसरमा रक्तदान कार्यक्रम | |
| २.२ | मानव अधिकार प्रवर्धन र दिवश तथा अन्य | २ | ७७औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवस<br>आयोगको स्थापना दिवस | |
| २.३ | अन्य सरकारी तथा गैरसरकारी निकायहरूको कार्यक्रममा आयोगको उपस्थिती | १३३ | प्रमुख अतिथी, विशेष अतिथि, अतिथी, श्रोत व्यक्ति, सहभागीका रुपमा कार्यालय प्रमुख तथा मानव अधिकार अधिकृतहरूको सहभागिता रहने गरेको । | |
| ३ | आन्तरिक समिति गठन | ३ | खरिद इकाई, आयोगको छैटौं रणनीतिक योजना कार्यान्वयन समिति, लैङ्गिक तथा सामाजिक समावेशीकरण नीति समिति गठन गरिएको । | |
| ४ | कर्मचारी बैठक | १३ | कार्यालयको दैनिक प्रशासन, अनुगमन, अनुसन्धान, कार्यक्रम लगायतका विषयमा | |
| ५ | मानव संसाधन (कर्मचारी) | १८ | ४ वटा पद रिक्त रहेको | |

# विषय सूची

_Toc241673991
परिच्छेद १ ........ १
आयोगको काम, कर्तव्य, अधिकार र संगठन संरचना ........ १
१.१ पृष्ठभूमि ........ १
१.२ आयोगको काम, कर्तव्य र अधिकार ........ २
१.३ संगठनात्मक संरचना ........ ३
१.४ शाखा/पद र जिम्मेवारी ........ ४
परिच्छेद २ ........ ५
गण्डकी प्रदेश कार्यालयद्वारा सम्पादित गतिविधिहरू ........ ८
२.१.संरक्षण सम्बन्धी कार्यहरू ........ ८
२.१.१ उजूरी ग्रहण ........ ८
२.१.२ पीडित उपर परामर्श सेवा ........ ८
२.१.३ अनुसन्धान ........ ८
२.१.४ राष्ट्रिय मानव अधिकार आयोगबाट भएका निर्णय विवरण ........ १०
२.२ अनुगमन ........ १०
२.३ प्रवर्द्धनात्मक कार्यक्रम ........ १३
२.४ आन्तरिक तथा बाह्य तालिम र बैठकसम्बन्धी विवरण ........ १५
२.५ सञ्चार माध्यमहरूमा सहभागिता ........ १५
२.६. अन्य निकायले संचालन गरेको तालिम/कार्यक्रममा सहभागिता ........ १६
२.७.अन्य संस्थाले आयोजना गरेको तालिम/कार्यक्रममा स्रोत व्यक्तिको रुपमा सहभागिता ........ १६
२.८ प्रशासनिक कार्यहरू ........ १८
२.९ कर्मचारी बैठक ........ १८
परिच्छेद ३ ........ २२
गण्डकी प्रदेशको मानव अधिकारको अवस्था ........ २२
३.१ नागरिक तथा राजनीतिक अधिकारको अवस्था ........ २२
३.१.४ जेन्जी आन्दोलन र मानव अधिकार अवस्था अनुगमन ........ २५
३.२ आर्थिक, सामाजिक तथा सास्कृतिक अधिकारको अवस्था ........ २७
३.३ महिला अधिकार ........ २८
३.४ बाल अधिकार ........ २९
३.५ बलपूर्वक बेपत्ता पार्ने कार्य विरुद्धको अधिकार ........ ३०
३.६ यातना विरुद्धको अधिकार ........ ३१
३.७ अपाङ्गता भएका व्यक्तिहरूको अधिकार ........ ३२
३.८ जातीय भेदभाव विरूद्धको अधिकारको अवस्था ........ ३३
३.९ आप्रवासी कामदारहरूको अधिकार ........ ३४
३.१० आदिवासी जनजातिहरूको अधिकार ........ ३४
३.११ जेष्ठ नागरिकको अधिकार ........ ३५
४. सामुहिक अधिकार ........ ३६
४.१ वातावरण र विकासको अधिकारको अवस्था ........ ३७
४.२ वातावरण/जलवायु परिर्वतन ........ ३७
४.३ विपद् र मानव अधिकार ........ ३८
४.४ लैङ्गिक तथा यौनिक अल्पसंख्यकको अधिकार ........ ४०
४.५ मानव अधिकार रक्षकको अधिकार अवस्था ........ ४०
आयोगका गतिविधिहरूका झलकहरू ........ ४२

परिच्छेद ५ ........ ४९
उपलब्धी, चुनौती र समाधानका उपायहरू ........ ४९
५.१ उपलब्धिहरू ........ ४९
५.२ चुनौती र समस्याहरू ........ ५०
५.३ समस्या/चुनौति समाधानका सम्भावित उपायहरू ........ ५१
अनूसूचीहरू ........ ५४
अनूसूची १ उजूरीको विवरण ........ ५४
अनूसूची २ निर्णयका लागि केन्द्रीय कार्यालय पठाईएका उजूरी संख्या ........ ५४
अनूसूची ३ जिल्लागत तथा विषयहत उजूरी विवरण ........ ५५
अनूसूची ४ आ.व. २०८२/०८३ को अन्तिम फाँटबारी विवरण ........ ५६

# परिच्छेद १

# आयोगको काम, कर्तव्य, अधिकार र संगठन संरचना

## १.१ पृष्ठभूमि

मानव अधिकार मानिसको मर्यादित रुपमा स्वतन्त्रपूर्वक बाँच्न पाउने अधिकारसँग सम्बन्धित छ । मानव अधिकारको प्रभावकारी संरक्षण, संवर्धन तथा प्रवर्द्धनका लागि राष्ट्रिय मानव अधिकार संस्थाको आवश्यकता सम्बन्धमा सन् १९४६ देखि नै संयुक्त राष्ट्रसङ्घको आर्थिक तथा सामाजिक परिषद्मा विभिन्न चरणमा छलफल हुँदै आएको थियो। लामो अन्तर्राष्ट्रिय प्रयासपछि सन् १९९१ मा पेरिसमा सम्पन्न अन्तर्राष्ट्रिय सम्मेलनले राष्ट्रिय मानव अधिकार संस्थाको स्थापना, क्षेत्राधिकार र कार्यक्षमतासम्बन्धी आधारभूत मापदण्ड तय गऱ्यो, जसलाई पेरिस सिद्धान्त भन्ने गरिन्छ । त्यसलाई सन् १९९३ मा संयुक्त राष्ट्रसङ्घको महासभाले अनुमोदन गरी संस्थागत रूप प्रदान गऱ्यो।

राष्ट्रिय मानव अधिकार संस्थाहरू स्वतन्त्र, स्वायत्त तथा सक्षम हुनुपर्ने मान्यतासहितका यी प्रावधान सहित तयार पारिएको दस्तावेजलाई पेरिस सिद्धान्त भनिन्छ। पेरिस सिद्धान्तले राष्ट्रिय मानव अधिकार संस्थाको स्वतन्त्रता, प्रभावकारिता, बहुलता र मानव अधिकार संरक्षण तथा संवर्धनमा संस्थागत क्षमतालाई विशेष महत्त्व दिएको छ।

नेपालमा पनि मानव अधिकार सँस्थाको आवश्यकता महसूश गरी वि.सं. २०४६ मा बहुदलीय व्यवस्थाको पुनःस्थापनापछि अधिकारकर्मी, कानुन व्यवसायी, सञ्चार क्षेत्र, नागरिक समाज, बौद्धिक समुदाय तथा विभिन्न पेशागत सङ्घसंस्थाहरूले राष्ट्रिय मानव अधिकार आयोग स्थापनाका लागि निरन्तर पहल गरे। आयोग स्थापनाको विषयमा विभिन्न बहस, छलफल, अन्तर्क्रिया तथा दबाबमूलक कार्यक्रम सञ्चालन गरिए।

अन्ततः तत्कालीन प्रतिनिधिसभाका सदस्यद्वारा प्रस्तुत निजी विधेयक ऐनका रूपमा पारित भएपछि मानव अधिकार आयोग ऐन, २०५३ जारी भयो। तर, सरकारी उदासीनताका कारण ऐन जारी भएको करिब चार वर्षसम्म पनि आयोग गठन हुन सकेन। आयोग गठनको माग गर्दै शान्तिपूर्ण आन्दोलन, सञ्चारमाध्यमबाट खबरदारी तथा अन्तर्राष्ट्रिय समुदायको चासो र दबाब निरन्तर रह्यो। आयोग गठन हुन नसकेपछि आयोग स्थापनाको माग गर्दै सर्वोच्च अदालतमा सार्वजनिक सरोकारको रिट निवेदन दर्ता गरियो। सर्वोच्च अदालतबाट आयोग गठन गर्न परमादेश जारी भएपछि अन्ततः वि.सं. २०५७ जेठ १३ गते राष्ट्रिय मानव अधिकार आयोगको स्थापना भयो।

मानव अधिकार आयोग ऐन, २०५३ अन्तर्गत स्थापित राष्ट्रिय मानव अधिकार आयोगलाई नेपालको अन्तरिम संविधान, २०६३ ले संवैधानिक अङ्गका रूपमा स्तरोन्नति गऱ्यो। नेपालको वर्तमान संविधानले पनि उक्त संवैधानिक व्यवस्थालाई निरन्तरता दिएको छ। नेपालको संविधानको धारा २४८ र २४९ मा राष्ट्रिय मानव अधिकार आयोगका पदाधिकारीको नियुक्ति तथा आयोगको काम, कर्तव्य र अधिकारसम्बन्धी व्यवस्था गरिएको छ।

राष्ट्रिय मानव अधिकार आयोगको स्थापना भएपछि मानव अधिकार संरक्षण तथा संवर्धनका कार्यलाई क्षेत्रीयस्तरसम्म विस्तार गर्ने उद्देश्यले वि.सं. २०६२ वैशाख २१ गते पोखरामा आयोगको क्षेत्रीय

कार्यालय स्थापना गरिएको थियो । हाल उक्त कार्यालयले गण्डकी प्रदेशअन्तर्गतका ११ जिल्लामा मानव अधिकारको संरक्षण, संवर्धन तथा प्रवर्द्धनसम्बन्धी कार्य गर्दै आएको छ ।

## १.२ आयोगको काम, कर्तव्य र अधिकार

नेपालको संविधानले राष्ट्रिय मानव अधिकार आयोगलाई मानव अधिकारको सम्मान, संरक्षण र संवर्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्ने दायित्व सुम्पिएको छ । मानव अधिकारको संवर्धन र संरक्षण गर्नु राज्यको प्राथमिक दायित्व मानिन्छ । राज्यले यस दायित्व सन्तोषजनक रूपमा निर्वाह नगरेको अवस्थामा आयोगले संविधान र ऐनमा उल्लिखित कार्यदेशभित्र रही राज्यलाई सजग र उत्तरदायी बनाउन प्रयत्नशील रही आयोगबाट मानव अधिकार संरक्षण/संवर्धन, मानव अधिकारमैत्री कानुन लगायतका कार्यमा केन्द्रित हुदै आएको छ । संरक्षण अन्तर्गत उजुरी ग्रहण, अनुगमन, उजुरी माथि अनुसन्धान, मानव अधिकार उल्लङ्घनका दोषीउपर कारबाही तथा मुद्दा चलाउन सिफारिस लगायतका कार्यहरू हुने गर्दछन् । मानव अधिकारको संवर्धनका सम्बन्धमा आयोगबाट एकल र सङ्घ संस्थाहरूको सहकार्यमा पनि कार्यक्रमहरू सम्पादन गरिन्छ । सहकार्य अन्तर्गत राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय तहमा आवश्यकता एवम् विषयवस्तुको गाम्भीर्यताको आधारमा समेत कार्यक्रमहरू सम्पन्न भएका छन् । यसमा सचेतना अभिवृद्धि, छलफल, बैठक, तालिम, प्रशिक्षण, गोष्ठी तथा सभा-सम्मेलन, भ्रमण/अनुभव आदानप्रदान, प्रकाशन/प्रसारण, प्रेसविज्ञप्ति विधि अवलम्बन गरिन्छ । मानव अधिकारमैत्री कानुन निर्माणमा पनि आयोगको भूमिका रहेको छ । मानव अधिकारसँग सम्बन्धित कानुन निर्माण, पुनरावलोकन र अन्तर्राष्ट्रिय सन्धि-सम्झौताको नेपाल पक्ष बन्नुपर्ने कारणसहित सरकारसमक्ष सिफारिसहरू गर्ने दायित्व आयोगलाई रहेको छ ।

नेपालको संबिधानको धारा २४९ मा राष्ट्रिय मानव अधिकार आयोगको काम, कर्तव्य र अधिकारका बारेमा उल्लेख गरिएको छ । जसमा मानवअधिकारको सम्मान, संरक्षण र सम्बर्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नु आयोगको प्रमुख कर्तव्य पनि हो । त्यसको लागि आयोगले निम्न कार्यहरू गर्दै आईरहेको छ :

(क) कुनै व्यक्ति वा समूहको मानव अधिकार उल्लङ्घन हुनबाट रोक्ने जिम्मेवारी वा कर्तव्य भएको पदाधिकारीले आफ्नो जिम्मेवारी पूरा नगरेमा वा कर्तव्य पालना नगरेमा वा जिम्मेवारी पुरा गर्न वा कर्तव्य पालना गर्न उदासिन देखाएमा त्यस्तो पदाधिकारी उपर विभागीय कारवाही गर्न सम्बन्धित अधिकारी समक्ष सिफारिस गर्ने,
(ख) कुनै व्यक्ति वा समुहको मानव अधिकार उल्लङ्घन वा त्यसको दुरुत्साहन भएकोमा पीडित व्यक्ति आफै वा निजको तर्फबाट कसैले आयोग समक्ष प्रस्तुत वा प्रेषित गरेको निवेदन वा उजुरी वा कुनै श्रोतबाट आयोगलाई प्राप्त भएको जानकारी वा आयोगको आफ्नै स्वविवेकमा त्यसको छानविन तथा अनुसन्धान गरि दोषी उपर कारवाहि गर्न सिफारिस गर्ने,
(ग) मानव अधिकार उल्लङ्घन गर्ने व्यक्तिका विरुद्ध मुद्दा चलाउनु पर्ने आवश्यकता भएमा कानून बमोजिम अदालतमा मुद्दा दायर गर्न सिफारिस गर्ने,

(घ) मानव अधिकारको उल्लङ्घन कर्तालाई बिभागीय कारवाही तथा सजाय गर्न कारण र आधार खुलाई सम्बन्धित निकायमा सिफारिस गर्ने,
(ङ) मानव अधिकारसंग सम्बन्धित प्रचलित कानूनको आवधिक रुपमा पुनरावलोकन गर्ने तथा त्यसमा सुधार तथा संशोधन गर्नुपर्ने सम्बन्धमा नेपाल सरकार समक्ष सिफारिस गर्ने,
(च) मानव अधिकारसंग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि सम्झौताको नेपाल पक्ष बन्नुपर्ने भएमा त्यसको कारण सहित नेपाल सरकारलाई सिफारिस गर्ने र पक्ष बनिसकेका सन्धि वा सम्झौंताको कार्यान्वयन भए नभएको अनुगमन गरि कार्यान्वयन नभएको पाईएमा सोको कार्यान्वयन गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने,
(छ) मानव अधिकारको उल्लङ्घनका सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगले गरेको सिफारिस वा निर्देशन पालना वा कार्यान्वयन नगर्ने पदाधिकारी, व्यक्ति वा निकायको नाम कानून बमोजिम सार्वजनिक गरि मानव अधिकार उल्लङ्घनकर्ताको रुपमा अभिलेख गर्ने ।

राष्ट्रिय मानव अधिकार आयोगले आफ्नो कार्य सम्पादन गर्दा वा कर्तव्य पालना गर्दा देहायको अधिकार प्रयोग गर्न सक्नेछ
(क) कुनै व्यक्तिलाई आयोग समक्ष उपस्थित गराई जानकारी वा बयान लिने वा वकपत्र गराउने, प्रमाण बुझ्ने, दशी प्रमाण दाखिला गर्न लगाउने सम्बन्धमा अदालतलाई भए सरहको अधिकार प्रयोग गर्ने,
(ख) मानव अधिकारको गम्भीर उल्लंघन हुन लागेको वा भइसकेको सूचना आयोगले कुनै किसिमबाट प्राप्त गरेमा कुनै व्यक्ति वा निजको आवास वा कार्यालयमा विना सूचना प्रवेश गर्ने, खानतलासी लिने तथा त्यसरी खानतलासी लिंदा मानव अधिकारको उल्लंघनसंग सम्बन्धित लिखत, प्रमाण वा सबुद कब्जामा लिने,
(ग) कुनै व्यक्तिको मानव अधिकार उल्लंघन भई रहेको कुरा जानकारी भई तत्काल कारबाही गर्नु पर्ने आवश्यक देखिएमा विना सूचना सरकारी कार्यालय वा अन्य ठाउँमा प्रवेश गर्ने र उद्धार गर्ने,
(घ) मानव अधिकारको उल्लंघनबाट पीडित भएको व्यक्तिलाई कानून बमोजिम क्षतिपूर्ति दिन आदेश दिने ।

## १.३ संगठनात्मक संरचना

### १.३.१ कूल दरबन्दी र कार्यरत संख्या

आयोगको गण्डकी प्रदेश कार्यालय पोखराको भौगोलिक क्षेत्राधिकार अन्तर्गत कास्की, स्याङ्जा, तनहुँ, गोरखा, लमजुङ, नवलपरासी (बर्दघाट/सुस्तापूर्व), पर्वत, बागलुङ, म्याग्दी, मनाङ र मुस्ताङ गरी ११ जिल्लाहरू रहेका छन् । उक्त कार्यक्षेत्र भित्र रहेका जिल्लाहरूको मानव अधिकार अवस्थाको सम्बन्धमा अनुगमन तथा मानव अधिकार उल्लंघनका घटनामा अनुसन्धान लगायत सवैधानिक र कानुनी कायदिश बमोजिमको कार्य गर्नको लागि १८ जना कर्मचारीको दरवन्दीको व्यवस्था गरिएको छ । आयोगको गण्डकी प्रदेश कार्यालय पोखरामा हाल कार्यरत र रिक्त दरवन्दी तपसील बमोजिम रहेको छ ।

| क्र. स. | तह | पद | कुल दरवन्दी संख्या | हाल कार्यरत संख्या | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | प्रथम श्रेणी | सहसचिव | १ | १ | ० | |
| २ | द्वितीय श्रेणी | उपसचिव | १ | १ | ० | |
| ३ | तृतीय श्रेणी | मानव अधिकार अधिकृत | ६ | ४ | २ | |
| ४ | नायव सुब्वा | नायव सुब्वा | ३ | १ | २ | |
| ५ | श्रेणीविहिन | सवारी चालक | २ | २ | ० | |
| ६ | श्रेणीविहिन | कार्यालय सहयोगी | २ | २ | ० | |
| ७ | श्रेणीविहिन | सुरक्षा गार्ड | ३ | २ | १ | |
| | | **जम्मा** | **१८** | **१३** | **५** | |

### १.३.२ कार्यरत कर्मचारीहरू

यस कार्यालयमा कार्यरत कर्मचारीहरूको नामावली सहितको विवरण यस प्रकार रहेको छ ।

| क्र. स. | कर्मचारीको नाम | पद | कैफियत |
|---|---|---|---|
| १. | नीतु गर्तौला | सहसचिव/कार्यालय प्रमुख | |
| २. | रेगम महर्जन | उपसचिव/सूचना अधिकारी | |
| ३. | खिमलाल सुवेदी | मानव अधिकार अधिकृत | |
| ४. | टंक प्रसाद खनाल | मानव अधिकार अधिकृत | |
| ५. | मुक्तिराम सुवेदी | लेखा अधिकृत | |
| ६. | कृष्ण प्रसाद अधिकारी | मानव अधिकार अधिकृत | |
| ७. | मुकेश घिमिरे | नायव सुब्वा | |
| ८. | हरि तामाङ | सवारी चालक | |
| ९. | कुमार लामा | सवारी चालक | |
| १०. | देबु खवास | कार्यालय सहयोगी | |
| ११. | लक्ष्मण राना | कार्यालय सहयोगी | |
| १२. | दामोदर पौडेल | सुरक्षा गार्ड | |
| १३. | गौतम रणपाल | सुरक्षा गार्ड | |

### १.४ शाखा/पद र जिम्मेवारी

यस कार्यालयमा रहेका शाखाको काम कारवाहीको विवरण तथा कार्यरत कर्मचारीको पद तथा जिम्मेवारीहरू निम्न बमोजिम रहेका छन् ।

| शाखा/पद | जिम्मेवारी |
|---|---|

| | |
|---|---|
| कार्यालय प्रमूख | प्रशासनिक तथा आर्थिक क्रियाकलाप संचालनको लागि अख्तियारी लिने खाता संचालन गर्ने/गराउने ।<br>उजूरी अनुसन्धान योजना बनाउने क्रममा सम्बन्धित अधिकृतलाई सुझाव दिने ।<br>अनुसन्धान प्रक्रिया र प्रतिवेदन स्वीकार्य मापदण्ड अनुसार भए/नभएको जाँच गर्ने ।<br>कार्ययोजना बमोजिम कार्य गर्न आवश्यक मार्गदर्शन गर्ने, मानव अधिकार अवस्थाको निरन्तर अनुगमनका साथै भैपरी आउने र आकस्मिक घट्नाहरूको अनुगमन गर्ने गराउने ।<br>उजूरीउपर अनुसन्धान सम्पन्न भैसकेको फाइलहरू आफ्नो राय सहितको टिप्पणी उठाई निर्णयको लागि केन्द्रीय कार्यालयमा पेश गर्ने ।<br>मानव अधिकार सम्वद्र्धनात्मक गतिविधिहरू संचालन गर्ने गराउने ।<br>प्रदेश स्तरमा मानव अधिकार रक्षकहरू, मानव अधिकारका क्षेत्रमा कार्य गर्ने संघसंस्थाहरूसँग सम्बन्ध विस्तार र सुदृढीकरणको लागि आवश्यक पहल गर्ने ।<br>कार्यालयमा संचालित सम्पूर्ण क्रियाकलाप र कार्यक्रमहरूको बारेमा पूर्ण रुपमा जिम्मेवार, जवाफदेही र उत्तरदायी बन्ने ।<br>सुपरीवेक्षण गरी सम्पूर्ण कर्मचारीहरूलाई आवश्यक दिशा निर्देशन गर्ने ।<br>दैनिक तथा मासिक प्रतिवेदन तयार गर्न लगाई केन्द्रीय कार्यालयमा पेश गर्ने ।<br>आवश्यकता अनुसार केन्द्रीय कार्यालय लगायत सरकारी निकायहरूसँग समन्वय र सहकार्य गर्ने गराउने । |
| अनुसन्धान र अनुगमन शाखा | मानव अधिकार उल्लंघनका घट्नाहरूको उजूरी ग्रहण गर्ने ।<br>मानव अधिकार उल्लंघनका घटनामा अनुसन्धान तथा अनुगमन गर्ने ।<br>मानव अधिकार उल्लंघनका घटनाहरूमा सम्वन्धित निकायहरूमा पत्राचार, ताकेता, पुनः ताकेता गर्ने ।<br>उजूरीहरूको अनुसन्धान सम्पन्न गरी निर्णय गर्नुभन्दा पूर्व अनुसन्धानबाट प्राप्त तथ्यहरूको आधारमा सम्बन्धित पक्षहरूलाई प्रतिक्रियाको लागि पत्राचार गर्ने ।<br>अनुसन्धान सम्पन्न भैसकेको उजूरीउपर निर्णयको लागि कार्यालय प्रमुखसमक्ष राय तथा परामर्शको लागि उजूरी फाइलहरू पेश गर्ने ।<br>मानव अधिकार प्रवर्धनात्मक गतिविधिहरू संचालन गर्ने, आवश्यक समन्वय गर्ने आदि ।<br>विभिन्न तालिम, गोष्ठी, अन्तरक्रियाहरूमा सहभागी भई मानव अधिकार सम्वद्र्धन र संरक्षणमा सघाउने ।<br>विभिन्न घटना तथा मानव अधिकार अवस्थाको सम्वन्धमा अनुगमन गर्ने । |
| उजूरी शाखा | मानव अधिकार उल्लंघन सम्बन्धी उजूरी ग्रहण गर्ने ।<br>उजूरी कारवाही सम्बन्धी अन्य कार्यहरू गर्ने ।<br>पीडितहरूलाई अन्य निकायको कार्यक्षेत्र अन्तर्गतका विषयबस्तुहरूको सन्दर्भमा सम्बन्धित निकायमा जानको लागि आवश्यक सहयोग एवं परामर्श प्रदान गर्ने । |

| | |
|---|---|
| सूचना अधिकारी | कार्यालयका प्रमुख क्रियाकलापहरूको अद्यावधिक गर्ने ।<br>अद्यावधिक सूचनाहरू सूचनाको हक सम्बन्धी ऐन, २०६४ र नियमावली, २०६५ बमोजिम कुनै पनि निकाय वा व्यक्तिलाई उपलब्ध गराउने ।<br>त्रैमासिक कार्यसम्पादन विवरण प्रकाशन गर्ने । |
| प्रशासन शाखा | आवश्यक प्रशासनिक चिठीपत्रहरू तयार गर्ने र पठाउने ।<br>अन्य शाखाहरूबाट माग भएका बस्तु र सेवाको उपलब्ध गराउन पहल गर्ने, आवश्यक समन्वय गर्ने ।<br>जनशक्ति व्यवस्थापन (कर्मचारी सरुवा, पदपूर्ति र स्वीकृति सम्बन्धि कार्य) हरूको अभिलेख राख्ने ।<br>कार्यालय व्यवस्थापन, दैनिक प्रशासनिक कार्यहरू संचालन तथा कर्मचारीहरूको विदाको अभिलेखीकरण गर्ने ।<br>सबै शाखाहरूबाट कार्यालयलाई आवश्यक पर्ने सामानहरूको विवरण माग गरी सामानहरूको खरिद प्रक्रिया अघि वढाउन समन्वय गर्ने ।<br>चिठीपत्र दर्ता, चलानी र सम्बन्धित शाखामा बुझाउने व्यवस्था गर्ने ।<br>रेकर्ड फाइल, चिठीको खाम, ब्रोसर्स लगायत विभिन्न सामग्रीहरूको प्रकाशन गर्ने प्रक्रियाको आवश्यक समन्वय गर्ने ।<br>भण्डार शाखाको संचालन र व्यवस्थापन गर्ने ।<br>स्टाफ बैठकको समन्वय गर्ने र माइन्यूट तयार गर्ने ।<br>अतिथि सत्कारको लागि आवश्यक व्यवस्था गर्ने ।<br>कार्यालयमा प्राप्त सम्पूर्ण सामग्रीहरूको रेकर्ड राख्ने, चेक जाँच गर्ने ।<br>प्रशासनिक सुपरिवेक्षण गर्ने । |
| आर्थिक प्रशासन शाखा | कार्यालय प्रमुखको निर्देशनमा रही खाता संचालन गर्ने गराउने ।<br>को.ले.नि.का.संग समन्वय गर्ने ।<br>कर्मचारीहरूलाई तलव भत्ता वितरण गरी अभिलेख राख्ने ।<br>पेश्की दिने,फछ्र्यौट गर्ने तथा उक्त कार्य गर्दा आवश्यक कागजातहरू मिले नमिलेको चेकजाँच गरी सम्बन्धित अधिकारीलाई नपुग कागजातहरू माग गर्न सूचित गर्ने ।<br>आन्तरीक तथा वाह्य लेखापरीक्षण कार्यमा समन्वय गर्ने ।<br>कार्यालयको कामको शिलशिलामा रकम अभाव भए केन्द्रीय कार्यालयको आर्थिक व्यवस्थापन महाशाखासंग आवश्यक समन्वय गर्ने ।<br>आर्थिक कारोवारको लेखा राख्ने ।<br>आर्थिक अनुशासन कायम गर्ने ।<br>वित्तिय स्रोत तथा आयोगका निर्णय र कार्यहरूबाट पर्न जाने वित्तीय असरको अभिलेखन गर्ने ।<br>आर्थिक प्रतिवेदन तयार गरी पेश गर्ने । |
| सूचना प्रविधि | आयोगको कार्यलाई प्रभावकारी बनाउन सूचना प्रविधिलाई चुस्त दुरुस्त राख्ने । |

| | |
|---|---|
| र मानव अधिकार स्रोत केन्द्र | सूचना प्रविधि सम्बन्धी विषयमा सुझाव दिने ।<br>सूचना प्रविधि उपकरणहरूको रेखदेख, संचालन र संभारमा ध्यान दिने र आवश्यक समन्वय गर्ने ।<br>मानव अधिकार स्रोत केन्द्र व्यवस्थापन गर्ने ।<br>केन्द्रीय कार्यालयबाट प्राप्त भएका मानव अधिकार सम्वन्धी विभिन्न पाठ्यपुस्तकहरूको संरक्षण तथा अभिलेखन गर्ने ।<br>प्रकाशनहरूको वितरण र पत्राचार गर्ने । |
| सुरक्षा गार्ड कक्ष | कार्यालयको सुरक्षा गर्ने तथा सुरक्षा सजगता सम्बन्धी जानकारी दिने ।<br>मानव अधिकार हनन् र सुरक्षा स्थितिको समीक्षा गर्ने ।<br>सुरक्षा सम्बन्धी सल्लाह सुझाव प्रदान गर्ने ।<br>सुरक्षाका अन्य कामहरू सम्पादन गर्ने । |

# परिच्छेद २
# गण्डकी प्रदेश कार्यालयद्वारा सम्पादित गतिविधिहरू

## २.१.संरक्षण सम्बन्धी कार्यहरू

### २.१.१ उजूरी ग्रहण

आयोगले मानव अधिकार उल्लंघन भएको सम्बन्धमा जुनसुकै माध्यमबाट जानकारी प्राप्त भए पनि त्यस्ता विषयलाई उजुरीका रूपमा ग्रहण गरी आवश्यक कारबाही गर्ने गर्दछ। आ.व. २०८२/८३ मा मानव अधिकार उल्लंघन भएको भनी औपचारिक रूपमा उजुरी दर्ता नभए पनि यस गण्डकी प्रदेश कार्यालयमा मानव अधिकारसम्बन्धी ७ वटा उजुरी सामान्य दर्ता गरी आवश्यक प्रक्रिया पूरा गर्दै समस्या समाधान गरिएको छ।

यस आ.व.मा अनुसन्धानका क्रममा रहेका उजुरीहरूमध्ये १९ वटा उजुरीहरुउपर अनुसन्धान सम्पन्न भएका छन्। साथै, गत आ.व.मा अनुसन्धान सम्पन्न भएका उजुरीसमेत गरी १३ वटा उजुरी फाइल आवश्यक निर्णयका लागि केन्द्रीय कार्यालयमा पठाइएको छ।

यस कार्यालयमा स्थापनाकालदेखि आ.व. २०८२/८३ सम्म कुल १,११५ वटा उजुरी दर्ता भएका छन्। तीमध्ये हाल ९१ वटा उजुरी अनुसन्धानको क्रममा रहेका छन्। उजुरीहरूको विस्तृत विवरण अनुसूची १ र अनुसन्धानको क्रममा रहेका उजुरीहरूको विवरण अनुसूची ३ मा समावेश गरिएको छ।

### २.१.२ पीडित उपर परामर्श सेवा

आयोगमा मानव अधिकारसम्बन्धी विभिन्न विषयमा उजुरी तथा गुनासो लिएर पीडितहरू आउने गरेका छन्। कतिपय उजुरी तथा गुनासोका विषयहरू आयोगको क्षेत्राधिकारभित्र नपर्ने भए पनि त्यस्ता पीडितलाई यस कार्यालयबाट आवश्यक परामर्श प्रदान गरी सम्बन्धित निकायबाट कानुनी उपचार तथा सेवा प्राप्त गर्नका लागि सम्बन्धित निकायमा जान सल्लाह दिने गरिएको छ। साथै, कतिपय विषयमा सम्बन्धित निकायलाई समस्या तथा विषयवस्तुबारे जानकारी गराउँदा समेत समस्या समाधान हुने गरेको छ।

यस अवधिमा मानव अधिकार उल्लंघन भएको भनी यस कार्यालयमा आएका १०१ जना पीडितलाई आवश्यक परामर्श सेवा प्रदान गरिएको छ। विशेषगरी घरेलु हिंसा, न्याय प्राप्त नभएको, बाल अधिकार तथा अन्य मानव अधिकारसम्बन्धी समस्याहरू लिएर आउने पीडितलाई आवश्यक परामर्श प्रदान गरी सम्बन्धित निकायबाट कानुनी उपचार प्राप्त गर्नका लागि उचित सुझाव तथा सल्लाह दिइएको थियो।

### २.१.३ अनुसन्धान

आयोगको मुख्य दायित्व मानव अधिकार उल्लंघन भएको भनी दर्ता भएका उजुरीउपर अनुसन्धान गरी सत्यतथ्य पत्ता लगाउनु तथा घटनाको प्रकृति र गम्भीरताका आधारमा आवश्यकतानुसार दोषीउपर कारबाही र पीडितलाई क्षतिपूर्तिलगायतका विषयमा सिफारिस गर्नु हो। यस कार्यलाई

प्रभावकारी रूपमा सञ्चालन गर्न आयोगले वार्षिक कार्ययोजना तयार गरी आयोगमा दर्ता भएका उजुरीउपर अनुसन्धान गर्ने गर्दछ।

यस आ.व.को वार्षिक कार्ययोजनामा ६ वटा अनुसन्धान मिसन सम्पन्न गर्ने लक्ष्य निर्धारण गरिएकोमा ४ वटा अनुसन्धान मिसन सम्पन्न भएका छन्। उक्त अनुसन्धान मिसनमार्फत विभिन्न विषयसँग सम्बन्धित १९ वटा उजुरीउपर अनुसन्धान कार्य सम्पन्न गरिएको छ। अनुसन्धान कार्यको विस्तृत विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ।

| क.सं | अनुसन्धान मिति | उजुरीको विषय/अनुसन्धान सम्पन्न संख्या | जिल्ला | अनुसन्धान टोली |
|---|---|---|---|---|
| १. | २०८२/८/८-८/१४ | बाल अधिकार १<br>वेपत्ता २<br>न्याय प्रशासन १<br>जम्मा ४ | गोरखा र तनहुँ | मोहन काफ्ले<br>मुक्तिराम सुवेदी |
| २. | २०८२/८/२८-२०८२/९/५ | बाल अधिकार १<br>वेपत्ता २<br>हत्या १<br>स्थिती अज्ञात १<br>जम्मा ५ | कास्की तनहुँ | खिमलाल सुवेदी<br>कृष्ण प्र. अधिकारी<br>मुकेश घिमिरे |
| ३. | २०८२/९/१८-२४ | न्याय प्रशासन ३<br>यातना/कुटपिट १<br>वेपत्ता १<br>जम्मा ५ | स्याङ्जा<br>कास्की | टंक प्रसाद खनाल<br>सरोज गौली र<br>महेश गौतम |
| ४. | २०८२/१२/९-१५ | वेपत्ता ४<br>न्याय प्रशासन १<br>जम्मा ५ | कास्की र तनहुँ | खिमलाल सुवेदी<br>कृष्ण प्रसाद अधिकारी |
| | **जम्मा उजुरी अनुसन्धान** | १९ | | |

अनुसन्धान सम्पन्न भएका उजुरीउपर आवश्यक निर्णयका लागि आयोगमा पेश गर्नुपर्ने व्यवस्था रहेको छ। यस कार्यका लागि अनुसन्धान सम्पन्न भएका उजुरीका सक्कल फाइलहरू आवश्यक निर्णयार्थ आयोगको केन्द्रीय कार्यालयमा पठाउनुपर्ने हुन्छ। यस कार्यालयमा निर्णयका लागि केन्द्रीय कार्यालयमा पठाइएका उजुरीहरुको विवरण अनुसूची २ मा विस्तृत विवरण राखिएको छ । यस अवधिमा यस कार्यालयबाट अनुसन्धान सम्पन्न भएका १३ वटा उजुरीका सक्कल फाइलहरू आवश्यक निर्णयका लागि आयोगको केन्द्रीय कार्यालयमा पठाइएको छ। उक्त फाइलहरूको विस्तृत विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ।

| क्र.स. | पिडित व्यक्तिको नाम, थर, ठेगाना | मानव अधिकार उल्लङ्घनको विषय | आरोपित पक्ष | फा.न. CMRS No. | कैफियत |
|---|---|---|---|---|---|
| १. | भीमेन्द्र गौचन, म्याग्दी | अपहरण | माओवादी | १३९/९१५४ | निर्णय गर्नुपर्ने |
| २. | खिमलाल रिजाल, रुकुम | यातना | जिल्ला प्रहरी कार्यालय | ३२४/९१५२ | निर्णय गर्नुपर्ने |
| ३. | जित बहादुर कार्की, बागलुङ | कुटपिट | सेना | १६८/९२४१ | निर्णय गर्नुपर्ने |
| ४. | खेम कुमारी महतो, नवलपरासी | सम्पत्तिको अधिकार | राज्यपक्ष | ३५८/१२३६८ | निर्णय गर्नुपर्ने |
| ५. | राम बहादुर बि.क., बागलुङ | वेपत्ता | नेपाली सेना | ४२/९३४५ | निर्णय गर्नुपर्ने |
| ६. | जगेन्द्र बहादुर पुन, म्याग्दी | उपचारमा हेलचक्राइ | कारागार कार्यालय | ४३८/१६६८७ | निर्णय गर्नुपर्ने |
| ७. | विजया बुढाथोकी, गोरखा | वेपत्ता | राज्य | ५८/९२६९ | निर्णय गर्नुपर्ने |
| ८. | तिलक चापागाई अमलाचौर बाग्लुङ | हत्या | सुरक्षाकर्मी | ६०/९००६ | निर्णय गर्नुपर्ने |
| ९. | छोटेलाल चौधरी, टीकापुर ७ कैलाली | मारिएको | सुरक्षाकर्मी | ८९/९२८८ | निर्णय गर्नुपर्ने |
| १०. | सर्वदा खनाल, खैरेनीटार तनहुँ | वेपत्ता | सुरक्षाकर्मी | ३८/९११२ | निर्णय गर्नुपर्ने |
| ११. | प्रकाश सिग्देल, भिमाद १ तनहुँ | बाल अधिकार | विद्यालय | ४४६/१७७८४ | निर्णय गर्नुपर्ने |
| १२. | हरिबहादुर चुमान, तनहुँ | वेपत्ता | राज्यपक्ष | ५९/९०३१ | निर्णय गर्नुपर्ने |
| १३. | नरेन्द्र बज्राचार्य, कलंकी काठ्माण्डौं | अपहरण | ने.क.पा. माओवादी | ८२/९०११ | निर्णय गर्नुपर्ने |

### २.१.४ राष्ट्रिय मानव अधिकार आयोगबाट भएका निर्णय विवरण

यस कार्यालयमा विभिन्न समयमा दर्ता भएका विभिन्न विषयका उजूरीहरू उपर अनुसन्धान सम्पन्न भई आवश्यक निर्णयका लागि केन्द्रीय कार्यालयमा पठाइएका उजूरी फाइलहरूमा यस आ.व.मा १ वटा उजूरी फाइल उपर आयोगवाट निर्णय भएको छ ।

## २.२ अनुगमन

मानव अधिकारको संरक्षण, संवर्धन तथा प्रवर्द्धनका लागि मानव अधिकारका विभिन्न विषयमा अनुगमन गर्नु आयोगको प्रमुख दायित्व हो। आयोगले प्रत्येक वर्ष मानव अधिकारसँग सम्बन्धित विभिन्न विषय तथा उजुरीउपर नियमित रूपमा अनुगमन गर्दै आएको छ। अनुगमन कार्यलाई प्रभावकारी र व्यवस्थित बनाउन वार्षिक कार्ययोजनामा नै विभिन्न विषय समावेश गरी सोहीअनुरुप अनुगमन कार्य गर्ने गरिएको छ। साथै, मानव अधिकार उल्लंघनका घटना वा प्राप्त उजुरीमा आकस्मिक रूपमा अनुगमन गर्नुपर्ने भएमा वार्षिक कार्ययोजनामा समावेश पनि आवश्यकता अनुसार अनुगमन गर्ने गरिएको छ।

यस कार्यालयले आ.व. २०८२/८३ मा वार्षिक कार्ययोजनामा समावेश भएका विषयका साथै आकस्मिक रुपमा मानव अधिकारसम्बन्धी घटना वा उजुरी उपर अनुगमन कार्य १९ पटक गरेको छ। अनुगमन गरिएका विषयहरूको विस्तृत विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ।

| क्र.सं. | अनुगमन | मिति | अनुगमन विषय | अनुगमन टालीको नामावली |
|---|---|---|---|---|
| १. | सिर्जना वहिरा आवासीय मा.वि. पोखरा, कास्की | २०८२/०५/११ | सिर्जना वहिरा आवासीय मा.वि. पोखरा २६ का विद्यार्थीहरूले आन्दोलन गरि शैक्षिक वातावरण विग्रिएको भन्ने सम्बन्धमा अनुगमन | खिमलाल सुवेदी सरोज गौली |
| २. | कास्की | २०८२/६/५ | बालिकालाई दुर्व्यवहार गरिएको सम्बन्धमा अनुगमन | नीतु गर्तौला र अन्य संघसंस्था |
| ३. | कास्की | २०८२/६/७,९, १०,२१ | जेनजी आन्दोलन पश्चात घाइले र सरकारी कार्यालय लगायत आगजनी तथा तोडफोड भएका संरचना, पार्टी कार्यालय र होटलहरूको अनुगमन | नीतु गर्तौला सरोज गौली कृष्ण प्रसाद अधिकारी |
| ४. | कास्की | २०८२/६/२१ | मणिपाल अस्पतालका नर्सिङ स्टाफले गरेको आन्दोलनको अनुगमन | सरोज गौली कृष्ण प्रसाद अधिकार जयन्त थापा |
| ५. | कास्की | २०८२/६/२८ र २९ | मणिपाल अस्पताल र गण्डकी मेडिकल | नीतु गर्तौला रेगम महर्जन खिमलाल सुवेदी सरोज |

| | | | | |
|---|---|---|---|---|
| | | | कलेजका नर्सिङ स्टाफले गरेको आन्दोलन अनुगमन | गौली जयन्त थापा |
| ६. | नवलपरासी पूर्व र तनहुँ | २०८२/७/१७-७/२३ | जेनजी आन्दोलन र त्यसपछीको मानव अधिकार अवस्था सम्बन्धी अनुगमन । | खिमलाल सुवेदी कृष्ण प्र.अधिकारी |
| ७. | कास्की | २०८२/८/२-८/५ | जेनजी आन्दोलन पश्चात हिरासत तथा कारागार र बालसुधार गृहमा रहेका थुनुवा तथा कैदीबन्दीको मानव अधिकार अवस्था अनुगमन | रेगम महर्जन<br>कृष्ण प्र.अधिकारी महेश गौतम |
| ८. | तनहुँ र नवलपरासी पूर्व | २०८२/८/४-८/७ | जेनजी आन्दोलन पश्चात हिरासत तथा कारागारमा रहेका थुनुवा तथा कैदीबन्दीको मानव अधिकार अवस्था अनुगमन | मोहन काफ्ले मुक्तिराम सुवेदी |
| ९. | कास्की | २०८२/१०/६ | प्रतिनिधिसभा सदस्य निर्वाचनको लागि उम्मेदवारको मनोनयन पत्र दर्ता प्रकृया | नीतु गर्तौला<br>कृष्ण प्रसाद अधिकारी<br>महेश गौतम |
| १०. | तनहुँ | २०८२/११/११ | प्रतिनिधिसभा सदस्य निर्वाचन पुर्वको अनुगमन | रेगम महर्जन<br>टंक प्रसाद खनाल<br>मुकेश घिमिरे |
| ११. | कास्की | २०८२/१०/११ | राष्ट्रिय सभा सदस्य निर्वाचन मतदान प्रकृया | नीतु गर्तौला<br>कृष्ण प्रसाद अधिकारी |
| १२. | पर्वत बाग्लुङ | २०८२/११/१४-१६ | प्रतिनिधिसभा सदस्य निर्वाचन पुर्वको अनुगमन | रेगम महर्जन<br>खिमलाल सुवेदी |
| १३. | नवलपुर गोरखा | २०८२/११/१५-१७ | प्रतिनिधिसभा सदस्य निर्वाचन पुर्वको अनुगमन | टंक प्रसाद खनाल<br>कृष्ण प्रसाद अधिकारी |
| १४. | कास्की स्याङ्जा | २०८२/११/१८-२३ | प्रतिनिधी सभा निर्वाचन | नीतु गर्तौला<br>टंक प्रसाद खनाल |

| | | | | |
|---|---|---|---|---|
| | | | | कृष्ण प्रसाद अधिकारी |
| १५. | बाग्लुङ पर्वत | २०८२/११/१८-२३ | प्रतिनिधी सभा निर्वाचन | रेगम महर्जन<br>खिमलाल सुवेदी |
| १६. | गोरखा तनहुँ | २०८२/११/१८-२३ | प्रतिनिधी सभा निर्वाचन | मुक्ति प्रसाद सुवेदी<br>मुकेश घिमिरे |
| १७. | कास्की | २०८२/१२/१९ | ट्रान्स पार्टीमा संलग्नलाई वडा प्रहरी कार्यालयले पक्राउ गरेको सम्बन्धमा जानकारी लिएको । | रेगम महर्जन<br>कृष्ण प्र. अधिकारी |
| १८. | तनहुँ | २०८३/१/२७ | शुक्लागण्डकी नगरपालिका वडा नं २ का दुई नाबालकलाई आमाको दोस्रो श्रीमान सौतेनी बाबुले कुटपिट गरी खान समेत नदिएको सम्बन्धमा अनुगमन | नीतु गर्तौला |
| १९. | स्याङ्जा तनहुँ लम्जुङ र मनाङ | २०८३/३/२-८ | मानव अधिकारको अवस्था अनुगमन | उपसचिव रेगम महर्जन<br>मा.अ.अ टंक प्रसाद खनाल<br>मा.अ.अ कृष्णप्र.अधिकारी |

## २.३ प्रवर्धनात्मक कार्यक्रम

मानव अधिकार आयोगको प्रमुख दायित्वहरू मध्ये एक मानव अधिकारको प्रवर्धन गर्नु पनि रहेको छ । मानव अधिकारमैत्री वातावरण निर्माण तथा मानव अधिकारको प्रभावकारी कार्यान्वयनका लागि आयोगले विभिन्न प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। यस्ता कार्यक्रमहरू आयोगको वार्षिक कार्ययोजनामा समावेश गरी सञ्चालन गर्ने गरिएको छ। साथै, मानव अधिकारको क्षेत्रमा क्रियाशील विभिन्न संघसंस्था तथा सरोकारवाला निकायहरूसँगको समन्वय र सहकार्यमा समेत प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन्।

यस आ.व.मा यस कार्यालयबाट सञ्चालन तथा सम्पन्न गरिएका मानव अधिकारसम्बन्धी प्रवर्द्धनात्मक कार्यक्रमहरूको विवरण देहायबमोजिम रहेको छ।

| क्र.सं. | जिल्ला/स्थान | मिति | कार्यक्रमको विषय | आयोजक |
|---|---|---|---|---|
| १. | पोखरा | २०८२/५/२० | मानव बेचविखन तथा ओसारपोसार विरुद्धको सन्दर्भमा सचेतना कार्यक्रम | |
| २. | पोखरा | २०८२/६/८ | जेनजी पुस्ताको प्रदर्शनपछिको मानव अधिकार अवस्था सम्बन्धमा सरोकारवाला निकाय विच छलफल कार्यक्रम | आयोग |
| ३. | पोखरा | २०८२/६/२६ | जेनजी पुस्ताको प्रदर्शनपछिको मानव अधिकार अवस्था सम्बन्धमा सरोकारवाला निकाय विच छलफल कार्यक्रम | आयोग |
| ४. | पोखरा | २०८२/८/१७ | मानव अधिकारको विषयमा विद्यार्थीहरूलाई सचेतना कार्यक्रम | रत्नज्योती मा.वि. पोखरा र आयोग |
| ५. | कास्की | २०८२/८/२४ | ७७औ अन्तराष्ट्रिय मानव अधिकार दिवश | आयोग |
| ६. | लेखनाथ, पोखरा | २०८२/९/३-९/१४ | लेखनाथ महोत्वसमा मानव अधिकार शिक्षा कार्यक्रम, पोखरा | आयोग र अन्य मानव अधिकार सघ सस्था, बार एसोसिएशन, एनजिओ फेडरेशन |
| ७. | कास्की | २०८३/१/१० | एकल महिलाका अधिकार विषयमा कानुनी पुनरावलोकन सम्बन्धी लक्षित समूह छलफल कार्यक्रम | आयोग र गण्डकी प्रदेशमा एकल महिलाका |
| ८. | आयोगको कार्यालय | २०८३/२/८ | आयोगको बारेमा जानकारी साथै विद्यार्थीहरूको जिज्ञासाहरूमा छलफल गरिएको | आयोग र काठ्माण्डौं स्कुल अफ ल |
| ९. | आयोगको कार्यालय | २०८३/२/११ | आयोगको बारेमा जानकारी साथै विद्यार्थीहरूको जिज्ञासाहरूमा छलफल गरिएको | आयोग र काठ्माण्डौं स्कुल अफ ल |

| | | | | |
|---|---|---|---|---|
| १०. | पोखरा, कास्की | २०८३/२/१३ | आयोगको २६ औं स्थापना दिवसको अवसरमा रक्तदान तथा शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न। | आयोग |
| ११. | आयोगको कार्यालय | २०८३/३/२६ | पोखरा विश्वविद्यालय कानून संकायमा अध्ययनरत विद्यार्थीहरूको अवलोकन भ्रमण साथै आयोगको काम कर्तव्य र अधिकारका विषयमा जानकारी | आयोग र पोखरा विश्वविद्यालय |

## २.४ आन्तरिक तथा बाह्य तालिम र बैठकसम्बन्धी विवरण

आयोगले आफ्ना कार्यहरू प्रभावकारी रूपमा सम्पादन गर्न कार्यरत कर्मचारीहरूको ज्ञान, सीप तथा दक्षता अभिवृद्धि गर्न र मनोबल बढाउन आन्तरिक तथा बाह्य विभिन्न तालिम तथा क्षमता विकाससम्बन्धी कार्यक्रममा सहभागिता गराउँदै आएको छ। कर्मचारीहरूको क्षमता विकास तथा कार्यसम्पादनमा सुधार ल्याउने उद्देश्यले आवश्यकता अनुसार विभिन्न तालिम तथा प्रशिक्षणमा सहभागी गराउने गरिएको छ।

यस आ.व.मा यस कार्यालयमा कार्यरत देहयबमोजिमको कर्मचारीले देहायबमोजिमका तालिम तथा प्रशिक्षणमा सहभागिता जनाएका छन्।

| क्र.सं. | बैठक/कार्यकम | सहभागीको नाम तथा कार्यालय | तालिमको अवधि (मिति र दिन समेत) |
|---|---|---|---|
| १. | नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान द्धारा सञ्चालित Professional Course on Management And Development | मा.अ.अ द्धय मोहन काफ्ले, टंक प्रसाद खनाल | २०८२ भदौ ११ देखि कार्तिक २७ सम्म |

## २.५ सञ्चार माध्यमहरूमा सहभागिता

आयोगका कार्यसम्पादन, मानव अधिकारको अवस्था तथा समसामयिक मानव अधिकारसम्बन्धी विषयमा आयोगको धारणा तथा जानकारी सार्वजनिक गर्न विभिन्न सञ्चार माध्यमहरूले आयोगका कर्मचारीलाई अन्तर्वार्ता तथा अन्तरक्रियाका लागि आमन्त्रण गर्ने गरेका छन्। यस आ.व.मा यस कार्यालयका कार्यालय प्रमुख तथा कर्मचारीलाई मानव अधिकारसम्बन्धी विभिन्न विषयमा धारणा तथा जानकारी प्रस्तुत गर्न देहायबमोजिमका सञ्चार माध्यमबाट अन्तर्वार्ताका लागि आमन्त्रण गरिएको थियो।

| क्र.सं. | कार्यक्रमको | मिति | सञ्चार माध्यमको नाम | सहभागी कर्मचारी |
|---|---|---|---|---|
| १. | जेनजी प्रदर्शन पछिको मानव | २०८२/८/७ | सिटीवान टेलिभिजन | नीतु गतौंला |

| | | | | |
|---|---|---|---|---|
| | अधिकारको अवस्था | | | |
| २. | ७७ औ मानव अधिकार दिवसको सन्दर्भमा कार्यक्रम समय सन्दर्भ | २०८२/८/२३ | सार्वजनिक प्रसारण सेवा रेडियो नेपाल | नीतु गतौंला |
| ३. | मानव अधिकार सम्बन्धमा | २०८२/८/२४ | रेडियो सफलता | नीतु गतौंला |
| ४. | जेन्जी प्रतिवेदन कार्यान्वयन सम्बन्धमा अन्तर्वार्ता | २०८३/२/१४ | एभरेष्ट एफएम | नीतु गतौंला |

## २.६. अन्य निकायले संचालन गरेको तालिम/कार्यक्रममा सहभागिता

यस आ.व.मा विभिन्न सरकारी तथा गैरसरकारी निकाय, संघसंस्था तथा सरोकारवाला निकायहरूले आयोजना गरेका विभिन्न कार्यक्रमहरूमा यस कार्यालयबाट कुल १३३ पटक सहभागिता जनाइएको छ। यस्ता कार्यक्रमहरूमा सहभागितामार्फत आयोगका गतिविधि तथा मानव अधिकारसम्बन्धी कार्यहरूका बारेमा सरोकारवाला पक्षलाई जानकारी गराउन, आपसी समन्वय तथा सहकार्य अभिवृद्धि गर्न र मानव अधिकार संरक्षण तथा प्रवर्द्धनका क्षेत्रमा सहकार्यलाई थप प्रभावकारी बनाउन सहयोग पुगेको छ।

## २.७.अन्य संस्थाले आयोजना गरेको तालिम/कार्यक्रममा स्रोत व्यक्तिको रुपमा सहभागिता

मानव अधिकारसँग सम्बन्धित विभिन्न सरकारी तथा गैरसरकारी निकायहरूले मानव अधिकारसम्बन्धी विषयमा तालिम, गोष्ठी, अन्तरक्रिया तथा अन्य कार्यक्रमहरू सञ्चालन गर्दा आयोगका तर्फबाट मानव अधिकारसम्बन्धी विषयमा प्रस्तुतिकरण तथा सहजीकरणका लागि आमन्त्रण गर्ने गरेका छन्। यस्ता कार्यक्रमहरूमा सहभागितामार्फत मानव अधिकारसम्बन्धी विषयमा जानकारी तथा अनुभव आदानप्रदान हुनुका साथै सम्बन्धित निकायहरूसँग समन्वय र सहकार्य अभिवृद्धि गर्न सहयोग पुग्ने गरेको छ।यस आ.व.मा आयोग निम्नबमोजिमको संस्थाहरूले आयोजना गरेको कार्यक्रममा सहभागीता जनाएको थियो ।

| **क्र.सं.** | **तालिम/कार्यक्रमको विषय** | **संचालन गर्ने निकायको, नाम ठेगाना** | **सहभागीको नाम** | **कैफियत** |
|---|---|---|---|---|
| १ | National Human Rights Commissions Mandates And Fundamental Rights Assurance | पश्चिम पृतना हे. क्वा. विजयपुर ब्यारेक, पोखरा | रेगम महर्जन | |
| २ | मानव अधिकार विषयमा अभिमुखिकरण | गण्डकी प्रदेश प्रहरी तालिम केन्द्र, पोखरा | नीतु गतौंला | |
| ३ | मानव अधिकार सचेतना तथा लैंगिक हिंसा बिरुद्धको १६ दिने अभियान विषयमा अन्तरक्रिया | पो.म.न.पा. ७ वडा कार्यालय र नागरिक समाज कास्की | टंक प्रसाद खनाल | |

| | | | | |
|---|---|---|---|---|
| | कार्यक्रम | | | |
| ४ | लैंगिक हिंसा र मानव अधिकार | कोपिला नेपाल | मोहन काफ्ले | |
| ५ | मानव अधिकार विषयमा अभिमुखिकरण | भारती मा.वि. पुरानचौर, कास्की | नीतु गर्तौला | |
| ६ | मानव अधिकार र स्वतन्त्र तथा स्वच्छ निर्वाचनको अन्तरपुस्ता अन्तरक्रिया तथा संवाद कार्यक्रम | गैर-सरकारी संस्था महासंघ. कास्की | नीतु गर्तौला | |
| ७ | मानव अधिकार सम्बन्धी अभिमुखिकरण कार्यक्रम | पोखरा बहुमुखी क्याम्पस, कास्की | नीतु गर्तौला | |
| ८ | मानव अधिकार, लैङ्गिक हिंसा सम्बन्धमा जनप्रतिनिधतथा सचिवहरूलाई अभिमुखिकरण | कोपिला नेपाल | नीतु गर्तौला | |
| ९ | मानव अधिकार सम्बन्धमा अन्तर्राष्ट्रिय संयन्त्रहरू | गण्डकी प्रदेश तालिम केन्द्र | नीतु गर्तौला | |
| १० | मानव अधिकार रक्षकको लागि क्षमता अभिबृद्धि | इन्सेक, गण्डकी | नीतु गर्तौला | |
| ११ | मेलमिलाप कर्ताका लागि भिमाद न.पा.द्वारा आयोजित ८ दिने तालीम कार्यक्रम | भिमाद नगरपालिकाको कार्यालय, भिमाद । | टंक प्रसाद खनाल | |
| १२ | नेतृत्व विकास तथा जनवकालत सम्बन्धी ३ दिने मानव अधिकार तथा दलित अधिकार सम्बन्धी कार्यक्रम | मानव अधिकारका लागि दलित महिला सशक्तिकरण नेपाल | नीतु गर्तौला | |
| १३ | जातीय भेदभाव तथा मानव अधिकार सम्बन्धी सचेतनामूलक कार्यक्रम | मादी गाँउपालिकाको कार्यालय | नीतु गर्तौला | |
| १४ | व्यवसाय र मानव अधिकार | इन्सेक | नीतु गर्तौला | |
| १५ | साझा अभियानका लागि आदिबासी, अपाङ्गता भएका | साझा अभियानका लागि आदिबासी, अपाङ्गता भएका | नीतु गर्तौला | |

| | | | | |
|---|---|---|---|---|
| | व्यक्तिहरूका लागि सचेतना कार्यक्रम | व्यक्ति संघ | | |
| १६ | क्षमता अभिबृद्धि नेतृत्व विकास कानूनी सचेतना साथै मनोसामाजिक परामर्श | मानव अधिकारका लागि एकल महिला संघ | नीतु गतौंला | |
| १७ | मानव अधिकार र स्वतन्त्र तथा स्वच्छ निर्वाचनको अन्तरपुस्ता अन्तरक्रिया तथा संवाद कार्यक्रम | गैर-सरकारी संस्था महासंघ | नीतु गतौंला | |
| १८ | मानव अधिकार सम्बन्धी अभिमुखिकरण कार्यक्रम | पोखरा बहुमुखी क्याम्पस | नीतु गतौंला | |
| १९ | मानव अधिकार, लैङ्गिक हिंसा सम्बन्धमा जनप्रतिनिधतथा सचिवहरूलाई अभिमुखिकरण | कोपिला नेपाल | नीतु गतौंला | |

## २.८ प्रशासनिक कार्यहरू

प्रशासनिक कार्यहरू अन्तरगत कार्यालयद्वारा प्रेषित एवं प्राप्त हुने चिठीपत्रहरूको व्यवस्थापन, शाखाहरूबाट माग भएका बस्तु र सेवा उपलब्ध गराउन पहल, कर्मचारीहरूको विदाको अभिलेखीकरण, भण्डार शाखाको संचालन र व्यवस्थापन, कर्मचारी बैठकको समन्वय र माइन्यूट, मानव अधिकार श्रोत केन्द्र व्यवस्थापन, अतिथि सत्कारको लागि आवश्यक व्यवस्था तथा कार्यालयमा प्राप्त सम्पूर्ण सामाग्रीहरूको अभिलेख लगायतका नियमित कार्य गरिएको छ।

## २.९ कर्मचारी बैठक

आ.ब. २०८२/८३ मा यस कार्यालयमा १३ पटक कर्मचारी बैठक बसी तपसील बमोजिमका विषयहरूमा छलफल गरी विभिन्न निर्णयहरू गरिएको थियो ।

| बैठक नं | बैठक मिति | एजेण्डाहरू |
|---|---|---|
| ०१ | २०८२/०४/०५ | ○ आ.व. २०८१/०८२ को समिक्षा सम्बन्धमा।<br>○ आ.व २०८२/०८३ का लागि कर्मचारीहरूको कार्य बिभाजन गर्ने सम्बन्धमा।<br>○ कार्यालयको जिन्सी निरीक्षण गर्ने सम्बन्धमा।<br>○ खरिद समिति गठन गर्ने सम्बन्धमा। |

| | | |
|---|---|---|
| | | ○ आ.व. २०८२/०८३ का कार्यक्रमका सम्बन्धमा।<br>○ अन्य निकाय, प्रादेशिक कार्यालय, स्थानीय स्तरका कार्यालयहरूसँग समन्वय/सहकार्य गर्ने सम्बन्धमा।<br>○ आ.व. २०८१/०८२ को वार्षिक गतिबिधि पुस्तिका प्रकाशन सम्बन्धमा।<br>○ आयोगको यस कार्यालयका लागि घर स्थानान्तरण गर्ने सम्बन्धमा।<br>○ विविध। |
| ०२ | २०८२/०४/२६ | ○ मानव अधिकारका विषयगत जिम्मेवारी बाँडफाँडका सम्बन्धमा।<br>○ लैंगिक समानता तथा समावेशीकरण नीति २०७७- अभिमुखिकरण कार्यक्रम सम्बन्धमा। |
| ०३ | २०८२/०४/३० | ○ लैंगिक समानता तथा समावेशीकरण नीति २०७७ अभिमुखिकरण कार्यक्रम/नीति कार्यान्वयन संयन्त्र सम्बन्धमा। |
| ०४ | २०८२/०६/०८ | ○ आ.व.२०८२/०८३ को लागि जिन्सी निरीक्षण समिति गठन गर्ने सम्बन्धमा।<br>○ दशैं बिदाका बेला आयोगको कार्यालय खुला राख्ने सम्बन्धमा। |
| ०५ | २०८२/०७/२८ | ○ वार्षिक योजना अनुरुपका अनुसनधान अनुगमन गर्ने सम्बन्धमा।<br>○ हिरासत अनुगमन सम्बन्धमा। |
| ०६ | २०८२/०८/०९ | ○ महिला हिंसा विरुध्दको १६ दिने अभियानको सम्बन्धमा।<br>○ अन्तराष्ट्रिय मानव अधिकार दिवस मनाउने सम्बन्धमा।<br>○ दुर्गा प्रसाईको आन्दोलन सम्बन्धमा। |
| ०७ | २०८२/०८/२५ | ○ लैङ्गिक हिंसा विरुध्दको १६ दिने अभियान सम्बन्धमा।<br>○ अन्तराष्ट्रिय मानव अधिकार दिवस र अन्य दिवसहरूका सम्बन्धमा। |
| ०८ | २०८२/११/०८ | ○ प्रतिनिधिसभा निर्वाचन २०८२ को निर्वाचनपूर्वको अनुगमन सम्बन्धमा।<br>○ प्रतिनिधिसभा निर्वाचन-२०८२ को निर्वाचनपूर्व, निर्वाचनको अवधि र निर्वाचनपश्चातको अनुगमन सम्बन्धमा। |
| ०९ | २०८२/११/२५ | ○ प्रतिनिधिसभा निर्वाचन- २०८२ को निर्वाचनपूर्वको अनुगमन सम्बन्धमा।<br>○ प्रतिनिधिसभा निर्वाचन- २०८२ को निर्वाचनपूर्व, निर्वाचनको |

| | | |
|---|---|---|
| | | अवधि र निर्वाचनपश्चातको अनुगमन सम्बन्धमा। |
| १० | २०८३/०१/०८ | ○ कार्यालय समयका सम्बन्धमा।<br>○ दैनिक कार्य-सम्पादन सम्बन्धमा।<br>○ कार्यालयको माषिक प्रतिवेदनका सम्बन्धमा। |
| ११ | २०८३/०२/०१ | ○ कार्यालय समयमा Staff In/Out लगबुक राख्ने सम्बन्धमा।<br>○ दैनिक कार्य सम्पादन सम्बन्धमा।<br>○ CMRS मा फाईल update गर्ने सम्बन्धमा।<br>○ राष्ट्रिय सरसफाई सप्ताह सम्बन्धमा।<br>○ गुनासो सुनुवाई समिति सम्बन्धमा।<br>○ जेष्ठ १३, आयोगको स्थापना दिवसको सम्बन्धमा। |
| १२ | २०८३/०२/०४ | ○ आयोगको २६ औं स्थापना दिवस मनाउने सम्बन्धमा। |
| १३ | २०८३/०३/३१ | ○ अनुसन्धान फाईलहरू सम्बन्धमा।<br>○ आ.व. २०८२/०८३ को गतिबिधिका सम्बन्धमा। |

## २.१० खरिद इकाईको गठन

विभिन्न शाखाहरूबाट माग भएका कार्यालयलाई आवश्यक पर्ने सामाग्री खरिदको लागि सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम खरिद इकाई गठन गरिएको छ । उपसचिव रेगम महर्जनको संयोजकत्वमा गठन गरिएको उक्त समितिमा लेखा अधिकृत मुक्तिराम सुवेदी र नायब सुब्बा मुकेश घिमिर सदस्य रहेका छन् । उक्त समितिले कार्यालयलाई आवश्यक पर्ने खर्च भएर जाने र नजाने सामानहरूको खरिद योजना बनाई सोही बमोजिम सामानहरू खरिद गरी खरिद प्रक्रियालाई व्यस्थित गरेको थियो।

## २.११ आयोगको छैटौं रणनीतिक योजना (२०२१-२०२६) कार्यान्वयन समिति गठन

आयोगको छैटौं रणनीतिक योजना (२०२१/२०२६) लाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि कार्यालय प्रमुख नीतु गर्तौलाको संयोजकत्वमा मानव अधिकार अधिकृत टंक प्रसाद खनाल र नायब सुब्बा मुकेश घिमिरे रहेको छैटौं रणनीतिक योजना प्रदेशस्तरीय कार्यान्वयन समिति गठन गरिएको छ । उक्त समितिले हालसम्म उक्त रणनीतिक योजनाले लिएको उद्देश्य र लक्ष्य बमोजिम कार्यालयका गतिविधिहरू संचालन भए नभएको सम्बन्धमा समिक्षा गरेर केन्द्रीय कार्यालयमा प्रतिवेदन समेत पेश गरेकोऔ छ।

## २.१२ लैङ्गिक तथा सामाजिक समावेशिकरण नीति समिति गठन

आयोगबाट जारी भएको लैङ्गिक तथा सामाजिक समावेशिकरण नीतिको प्रभावकारी कार्यान्वयनको लागि कार्यालय प्रमुख नीतु गर्तौलाको संयोजकत्वमा मानव अधिकार अधिकृत टंक प्रसाद खनाल सदस्य र महिला अधिकृत सदस्यमा रेगम महर्जन रहने गरी लैङ्गिक तथा सामाजिक समावेशिकरण नीति समिति गठन गरिएको छ । लैङ्गिक तथा सामाजिक समावेशीकरण सम्बन्धी विषयहरूमा गुनासो, उजुरीहरू सुनुवाई गर्ने उक्त समितिमा हालसम्म कुनै गुनासो आएको छैन।

## २.१३ अभिव्यक्ति स्वतन्त्रता संरक्षणका लागि कार्यसमूह गठन

राष्ट्रिय मानव अधिकार आयोग गण्डकी प्रदेश कार्यालय पोखराको कार्यालय प्रमुख/सहसचिव नीतु गर्तौलाको अध्यक्षतामा मिति २०८२/०८/०८ र २०८२/१०/१९ गते अभिव्यक्ति स्वतन्त्रता संरक्षणका लागि प्रदेश कार्यसमूहको बैठक बसी मानव अधिकार रक्षकको अधिकार, जिल्ला सञ्जाल गठन लगायत समसामयिक मानव अधिकारको अवस्थाका बारेमा छलफल भएको थियो।

## २.१३ समन्वय र सहकार्य

आयोगको यस कार्यालयले मानव अधिकारको संरक्षण र सम्बर्धन सवालमा प्रदेश सरकार, विभिन्न जिल्लाका सरकारी तथा सुरक्षा निकाय, स्थानीय तहहरू, नागरिक समाज, मानव अधिकारकर्मी तथा मानव अधिकारको क्षेत्रमा क्रियाशील विभिन्न संघ संस्थाहरूसँग आवश्यकता अनुसार समन्वय र सहकार्य गर्दै आईरहेको छ । कुनै संघ, संस्था वा निकायबाट समन्वय र सहकार्यमा कार्यक्रम गर्न अनुरोध भई आएमा कार्यालय प्रमुखको अध्यक्षतामा कर्मचारी बैठक वसी निर्णय गरेर यस्ता कार्यक्रमहरू सम्पन्न गरिएका छन् । एकल महिलाका अधिकार विषयमा कानुनी पुनरावलोकन सम्बन्धी लक्षित समूह छलफल, अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको सन्दर्भमा विविध कार्यक्रमहरू, लेखनाथ महोत्वसमा मानव अधिकार शिक्षा,  कानून व्यवसायीहरूको व्यवसायिक आचरण, समस्या र दृष्टिकोण सम्बन्धी सरोकारवालाहरूविच छलफल, आयोगको स्थापना दिवसको सन्दर्भमा छलफल, लगायतका विभिन्न कार्यक्रमहरू सम्पन्न गरिएको छ । साथै विभिन्न संघ संस्थाद्वारा आयोजना गरिएको मानव अधिकार सम्वन्धी तालिममा स्रोत व्यक्तिको रुपमा आयोगको यस कार्यालयवाट उपस्थित भई मानव अधिकार शिक्षा प्रदान गरिदै आइएको छ ।

# परिच्छेद ३
# गण्डकी प्रदेशको मानव अधिकारको अवस्था

गण्डकी प्रदेशमा मानव अधिकारको समग्र अवस्था, राष्ट्रिय स्तरमा निर्माण भएका ऐन, कानून तथा नीतिगत व्यवस्थाद्वारा प्रत्याभूत अधिकारहरूको उपभोगको अवस्था, साथै मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि तथा नेपाल पक्ष भएका सन्धि-सम्झौताबाट सिर्जित दायित्वहरूको कार्यान्वयनको अवस्थालाई आधार बनाई मानव अधिकारको स्थितिको संक्षिप्त विश्लेषण गरिएको छ।

## ३.१ नागरिक तथा राजनीतिक अधिकारको अवस्था

नागरिक तथा राजनीतिक अधिकार व्यक्तिको स्वतन्त्रता, समानता, मर्यादा तथा राज्यका निर्णय प्रक्रियामा सहभागिता सुनिश्चित गर्नेसँग सम्बन्धित छ । यी अधिकारले व्यक्तिलाई राज्यको तर्फबाट अनावश्यक हस्तक्षेपबाट संरक्षण गर्नुका साथै राज्यका हरेक व्यवस्थामा सहभागी हुने अवसर प्रदान गर्छन्।यस अधिकारमा मुख्यत जीवनको अधिकार, समानताको अधिकार तथा भेदभावविरुद्धको अधिकार, विचार तथा अभिव्यक्ति स्वतन्त्रताको अधिकार, शान्तिपूर्ण सभा तथा संगठन खोल्ने स्वतन्त्रता, निष्पक्ष न्याय तथा कानुनी उपचारको अधिकार , राजनीतिक सहभागिताको अधिकार आदि लगायतका अधिकारहरू पर्दछ । नेपालको सन्दर्भमा यी अधिकारहरू नेपालको संविधानले मौलिक हकका रूपमा संरक्षण गरेको छ।यी अधिकारको प्रभावकारी कार्यान्वयन भनेको देशमा कानुनी शासन, निष्पक्ष निर्वाचन, अभिव्यक्ति स्वतन्त्रता, जवाफदेही शासन र मानव अधिकारको सम्मान हुनु हो । नागरिक तथा राजनीतिक अधिकारको अवस्था अनुगमनबाट नै देशको समग्र मानव अधिकारको अवस्था कस्तो छ भनी हेर्न र विश्लेषण गर्न सकिन्छ ।

अन्तरराष्ट्रिय रुपमा यस प्रकारका अधिकारको संरक्षणमा मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणा पत्र, १९४८ तथा संयुक्त राष्ट्र संघबाट सन् १९६६ मा नागरिक तथा राजनीतिक अधिकार सम्वन्धी महासन्धिले माथि उल्लिखित अधिकारहरूलाई प्रत्याभूती गरेको छ ।

यस आर्थिक वर्षमा नागरिक तथा राजनीतिक अधिकार हनन् भएको भनी आयोगको पोखरा कार्यालयमा उजुरी दर्ता नभएपनि गैरकानुनी थुना तथा हिरासतमा भएका अमानवीय व्यवहारका बारेमा आयोगमा प्राप्त गुनासाहरू आयोगको पहलमा गुनासोहरू सम्बोधन भएका छन् ।अपराध पीडितले न्याय पाउनुपर्ने विषय मुख्यतःन्याय प्रशासनसंग सम्बन्धित रहेको हुदाँ यसमा विशेषगरी जीवनको अधिकार, अभिव्यक्ति स्वतन्त्रताको अधिकार, कैदीबन्दीको अधिकारसंग सम्बन्धित विषयलाई यहाँ विश्लेषण गरिएको छ। प्रतिवेदनका लागि औपचारिक, स्पष्ट र व्याकरणसम्मत हुने गरी बनाइदिनु

### ३.१.१ जीवनको अधिकार (सम्मानपूर्वक बाँच्न पाउने अधिकार) को अवस्था :

नागरिक तथा राजनीतिक अधिकारअन्तर्गत सम्मानपूर्वक बाँच्न पाउनु प्रत्येक व्यक्तिको आधारभूत तथा नैसर्गिक अधिकार हो। यस अधिकारको संरक्षण र प्रत्याभूतिबाट नै अन्य मानव अधिकारको प्रभावकारी अभ्यास तथा उपभोग सम्भव हुन्छ। नेपालको संविधानको धारा १६ ले प्रत्येक

व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हकलाई मौलिक हकका रूपमा प्रत्याभूत गरेको छ। त्यसैगरी, मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा ३ तथा नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६६ को धारा ६ ले समेत जीवनको अधिकारलाई संरक्षण गरेको छ।

आयोगको गण्डकी प्रदेश कार्यालय, पोखराबाट आर्थिक वर्षमा जेन्जी आन्दोलनका क्रममा यस प्रदेशमा ३ जनाको मृत्यु भएको देखिन्छ। यसका अतिरिक्त, नागरिकको जीवन तथा सुरक्षाप्रति राज्यका निकायहरूले निर्वाह गर्नुपर्ने दायित्व प्रभावकारी रूपमा कार्यान्वयन हुन नसक्दा तथा सम्बन्धित निकायहरू अपेक्षित रूपमा संवेदनशील र उत्तरदायी हुन नसक्दा नागरिकको सम्मानपूर्वक बाँच्न पाउने अधिकार प्रभावित भएको देखिन्छ। विशेषगरी अपराधजन्य गतिविधि, स्वास्थ्य उपचारको अभाव वा पहुँचमा कठिनाइ, आत्महत्या, वैदेशिक रोजगारीका क्रममा हुने जोखिम, प्राकृतिक विपद्, सडक दुर्घटना तथा साइबर अपराधलगायतका घटनाले नागरिकको जीवन तथा सम्मानपूर्वक बाँच्न पाउने अधिकारमा प्रतिकूल प्रभाव पारेको देखिन्छ। उपलब्ध विवरणअनुसार यस अवधिमा गण्डकी प्रदेशमा आत्महत्याबाट ३५४ पुरुष, १८० महिला, ३० बालक र २७ बालिका गरी जम्मा ५९१ जनाको मृत्यु भएको छ। त्यसैगरी, कर्तव्य ज्यानका घटनामा ४१ जना र भवितव्य ज्यानका घटनामा ३६३ जना गरी जम्मा ४०४ जनाको मृत्यु भएको देखिन्छ।

यसैगरी, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट प्राप्त विवरणअनुसार प्राकृतिक विपद्का घटनाबाट ६७ जनाको मृत्यु, १ जना बेपत्ता, २८१ जना घाइते तथा १,००५ परिवार प्रभावित भएका छन्। उल्लिखित तथ्याङ्कले नागरिकको जीवन तथा सुरक्षाको अधिकार विभिन्न कारणबाट प्रभावित भइरहेको अवस्थालाई देखाउँछ।

अतः नागरिकको सम्मानपूर्वक बाँच्न पाउने अधिकारको प्रभावकारी संरक्षणका लागि राज्यका सम्बन्धित निकाय तथा अन्य सरोकारवाला पक्षहरू थप संवेदनशील, उत्तरदायी र जवाफदेही भई कानून तथा नीतिगत व्यवस्थाको प्रभावकारी कार्यान्वयन, जोखिम न्यूनीकरण, समयमै उद्धार तथा राहत, प्रभावकारी स्वास्थ्य सेवा, सुरक्षा व्यवस्था र नागरिक संरक्षणका उपायहरूलाई सुदृढ गर्न आवश्यक देखिन्छ।

### ३.१.२ विचार तथा अभिव्यक्ति स्वतन्त्रता र निर्वाचनमा सहभागिताको अवस्था :

कुनै पनि नागरिकले आफ्ना विचार र अभिव्यक्ति स्वतन्त्रता पूर्वक राख्न पाउने कुरा कानूनले नै सुरक्षित गरेको हुन्छ । त्यसैगरी निर्वाचनमा सहभागी भई आफ्नो राजनीतिक अधिकारको उपभोग गर्न पाउनु पर्ने विषय मानव अधिकारको विषयमात्र नभई लोकतान्त्रिक पद्दतीको उच्चतम रुपमा पनि लिइन्छ । जसलाई नेपालको संविधान तथा अन्य कानूनले समेत सम्बोधन गरेको छ । हरेक नागरिकले स्वतन्त्र रुपमा आफ्नो मताधिकारको प्रयोग गर्न तथा निर्वाचनमा भाग लिन, निर्वाचनमा प्रत्यासी भई जनताको अभिमतबाट निर्वाचित भई जनप्रतिनिधिको रुपमा जनताको सेवा गर्न पाउने कुरा देशको संविधान तथा मानव अधिकारको विश्वव्यापी घोषणा पत्र १९४८, नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धी १९६६ को धारा १९, नेपालको संविधान र निर्वाचन सम्बन्धी ऐन कानूनले सुनिश्चित गरेको छ। नेपालको संविधानमा व्यवस्था भए बमोजिम

विचार र अभिव्यक्ति राख्ने, विना हातहतियार शान्तिपूर्वक भेला हुन पाउने,राजनीतिक दल, संघ संस्था खोल्ने, आवतजावत र बसोवास गर्ने तथा कुनै पेशा, रोजगार, उद्योग र व्यापार गर्ने स्वतन्त्रता नागरिकलाई प्रदान गरिएको छ।

यस वर्ष नेपाल सरकारले फेसबुक तथा ट्वीटरमा जस्ता सामाजिक सञ्जालमा लगाएको प्रतिबन्ध लगाउँदा अभिव्यक्ति स्वतन्तत्रा हनन् भएको तथा देशमा भष्ट्राचार व्यप्त रहेको र सो अन्त्य हुनुपर्ने आदि विषयमा लिएर जेन्जी समूहले आन्दोलन गरेको थियो । सो आन्दोलनको आयोगबाट अनुगमन गरेको थियो ।

त्यस्तै यस वर्ष भएको प्रतिनिधि सभा सद्स्यको निर्वाचन शान्तिपूर्ण रुपमा सम्पन्न भएको थियो । यस निर्वाचनमा नागरिकहरूले मताधिकारको स्वतन्त्र र शान्तिपूर्वक प्रयोग गर्न पाएको आयोगको अनुगमनको क्रममा पाइयो । आयोगले यस गण्डकी प्रदेशको ११ वटा जिल्ला मध्ये मनाङ र मुस्ताङ बाहेक सबै जिल्लाहरूमा प्रतिनिधि सभा सद्स्यको निर्वाचनको मानव अधिकार दृष्टिकोणाबाट मतदान पूर्व, मतदानको दिन र मतदान पश्चात अनुगमन गरेको थियो ।

### ३.१.३ कैदी - बन्दीहरूको अधिकारको अवस्था :

देशमा शान्ति—सुरक्षा कायम राख्न तथा कानूनी राज्यको प्रत्याभूति गर्न राज्यले आवश्यक कानून तथा नियमहरूको तर्जुमा गरेको हुन्छ। कानूनविपरीतको कार्यलाई अपराधका रूपमा परिभाषित गरी त्यस्तो कार्य गर्ने व्यक्तिलाई प्रचलित कानूनबमोजिम सजायको भागीदार बनाइन्छ। कैद सजाय प्राप्त गरेका व्यक्ति कारागारमा रहेको अवस्थामा समेत उनीहरूको मानव अधिकार तथा कैदीबन्दीका रूपमा प्राप्त अधिकारको सम्मान र संरक्षण गरिनुपर्दछ। कैदीबन्दीमाथि स्वेच्छाचारी व्यवहार गर्न नहुने, मानव अधिकारका मूल्य—मान्यताविपरीतका कार्य गर्न नहुने, थुनुवा, कैदी तथा बन्दीलाई मानवीय मूल्य, मर्यादा र सम्मानका साथ व्यवहार गर्नुपर्ने, यातना दिन नपाइने तथा उनीहरूप्रति न्यूनतम मानवोचित व्यवहार सुनिश्चित गर्नुपर्ने व्यवस्था प्रचलित कानूनले गरेको छ।

गण्डकी प्रदेशमा नवलपरासी (बर्दघाट—सुस्तापूर्व) जिल्ला बाहेकका १० जिल्लामा कारागार रहेका छन्। आयोगको अनुगमनबाट अधिकांश कारागारमा तोकिएको क्षमताभन्दा अत्यधिक बढी कैदीबन्दी तथा थुनुवा रहेको पाइएको छ। कतिपय कारागारमा तोकिएको क्षमताको चार गुणासम्म कैदीबन्दी रहेको अवस्था देखिएको छ। गण्डकी प्रदेशका कारागारहरूको कुल क्षमता ९९८ जना रहेकोमा यस आर्थिक वर्षमा १,६३७ जना कैदीबन्दी तथा थुनुवा रहेको कारागार व्यवस्थापन विभागको तथ्याङ्कबाट देखिन्छ। तीमध्ये ५४ जना महिला र ८८५ जना पुरुष गरी जम्मा ९३९ जना कैदीबन्दी तथा ३२ जना महिला र ६६६ जना पुरुष गरी जम्मा ६९८ जना थुनुवा रहेका छन्।त्यसैगरी, कास्की जिल्लाको सराङकोटस्थित बाल सुधार गृहमा ५० जना बालक राख्ने क्षमता रहेकोमा कैद सजाय तोकिएका ६७ जना र थुनुवा ३८ जना गरी जम्मा १०५ जना बालक रहेको पाइएको छ। यसबाट बाल सुधार गृहमा समेत निर्धारित क्षमताभन्दा उल्लेख्य रूपमा बढी बालक राखिएको अवस्था देखिन्छ।

कारागार तथा सुधार गृहमा क्षमताभन्दा बढी कैदीबन्दी तथा बालक राखिँदा खानपान, बसोबास, सुत्ने व्यवस्था, सरसफाइ, आवतजावत तथा खुला स्थानमा समय बिताउनेलगायतका विषयमा विभिन्न समस्या उत्पन्न हुने गरेको पाइएको छ। विगतको तुलनामा केही क्षेत्रमा सुधार भए पनि कारागार तथा सुधार गृहको समग्र अवस्था अपेक्षाअनुरूप सुधार हुन नसकेको आयोगको अनुगमनबाट देखिएको छ। कैदीबन्दीलाई मानवोचित व्यवहार, कानूनी परामर्श सेवा, खानपान तथा स्वास्थ्य सेवा, सीपमूलक तालिम, पुस्तकालय, मनोरञ्जन तथा खेलकुदका सामग्रीको व्यवस्थालगायतका क्षेत्रमा केही सकारात्मक सुधार भएको पाइए पनि अधिकांश कारागारको भौतिक अवस्था अझै जीर्ण रहेको पाइएको छ।

जेन्जी आन्दोलनका क्रममा गण्डकी प्रदेशअन्तर्गतका विभिन्न कारागारबाट कास्कीका ७७६ जना, तनहुँका ३२६ जना, म्याग्दीका ७६ जना र पर्वतका १९ जना गरी जम्मा १,१९५ जना थुनुवा तथा कैदीबन्दी फरार भएको जानकारी प्राप्त भएको थियो। तीमध्ये अझै १६५ जना फरार रहेको जानकारी प्राप्त भएको छ।

जेन्जी आन्दोलनका क्रममा तथा त्यस पश्चात् कारागार तथा थुनुवा केन्द्रमा भएको तोडफोड, भौतिक क्षति तथा त्यसबाट उत्पन्न अवस्थाका सम्बन्धमा आयोगले अनुगमन गरेको थियो। अनुगमनका क्रममा कारागार तथा थुनुवा केन्द्रको भौतिक संरचना, सुरक्षा व्यवस्था, कैदीबन्दी तथा थुनुवाको अवस्था र मानव अधिकारको संरक्षणसँग सम्बन्धित विषयहरूको समेत अध्ययन तथा अवलोकन गरिएको थियो।

### ३.१.४ जेन्जी आन्दोलन र मानव अधिकार अवस्था अनुगमन

सरकारले सामाजिक सञ्जालमाथि लगाएको प्रतिबन्धको विरोध, मुलुकमा व्याप्त भ्रष्टाचारको अन्त्य तथा सुशासनको माग गर्दै जेनजी पुस्ताले भाद्र २३ गते देशव्यापी रूपमा प्रदर्शन गरेको थियो। उक्त प्रदर्शनको प्रभाव गण्डकी प्रदेशमा समेत व्यापक रूपमा परेको थियो। भाद्र २३ गतेको प्रदर्शनका क्रममा भएको बल प्रयोगबाट मानवीय क्षति भएपछि भोलिपल्ट, भाद्र २४ गते, गण्डकी प्रदेशलगायत देशका विभिन्न स्थानमा प्रदर्शनले थप उग्र रूप लिएको थियो।

देशव्यापी रूपमा भएको प्रदर्शनका क्रममा भएको घुसपैठ तथा सुरक्षा निकायको प्रभावकारी परिचालनको अभावका कारण भाद्र २४ गते गण्डकी प्रदेशका विभिन्न जिल्लामा सरकारी कार्यालय, स्थानीय तहका कार्यालय, राजनीतिक दलका कार्यालय, निजी तथा व्यापारिक प्रतिष्ठानमा तोडफोड तथा आगजनी भएको थियो। सो क्रममा केही सर्वसाधारण तथा सुरक्षाकर्मी घाइते भएको जानकारी प्राप्त भएको थियो।

जेनजी पुस्ताको प्रदर्शन तथा त्यसपछिको मानव अधिकार अवस्थाका सम्बन्धमा आयोगको यस कार्यालयले गण्डकी प्रदेशअन्तर्गत कास्की, तनहुँ र नवलपरासी (बर्दघाट—सुस्तापूर्व) जिल्लामा स्थलगत रूपमा अनुगमन गरेको थियो। प्रारम्भिक अनुगमनका क्रममा गण्डकी प्रदेशका अन्य जिल्लाको तुलनामा कास्की, नवलपरासी (बर्दघाट—सुस्तापूर्व) र तनहुँ जिल्लामा बढी भौतिक तथा मानवीय क्षति भएको पाइएको थियो। सोही आधारमा उक्त जिल्लामा स्थलगत रूपमा उपस्थित भई तथ्य तथा सूचना संकलन गरिएको थियो।

अनुगमनका क्रममा मृतक तथा घाइतेको अवस्था, भौतिक क्षतिको अवस्था, सार्वजनिक सेवा सञ्चालनको अवस्था, कैदीबन्दीको अवस्था, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको अवस्था, घाइते परिचयपत्र वितरण तथा राहत उपलब्धताको अवस्थालगायतका विषयमा केन्द्रित रही सूचना तथा तथ्यहरू संकलन गरिएको थियो।

प्राप्त जानकारीअनुसार आन्दोलनका क्रममा गण्डकी प्रदेशभर ३ जनाको मृत्यु भएको तथा आन्दोलनकारी र सुरक्षाकर्मीसहित ७० जनाभन्दा बढी घाइते भएको पाइएको थियो। जेनजी आन्दोलनका क्रममा तथा त्यसपश्चात् मानव अधिकारको अवस्थाका सम्बन्धमा आयोगको अनुगमन तथा अनुसन्धानबाट प्राप्त तथ्य तथा सूचनाका आधारमा आयोगले नेपाल सरकारसमक्ष आवश्यक सिफारिससमेत गरेको छ।

## ३.१.५ सङ्क्रमणकालीन न्यायको अधिकार :

राष्ट्रिय मानव अधिकार आयोगबाट संक्रमणकालीन न्यायको विषयमा विगतदेखि नै आयोगका धारणा तथा भनाईहरू सार्वजनिक गर्दै आएको छ र यस विषयमा नेपाल सरकार लगायत सरोकारवालासमक्ष यस सम्बन्धी कानूनका मस्यौदामा राय सुझाव दिने कार्य गर्दै आएको छ । सङ्क्रमणकालीन न्यायलाई टुंगोमा पुर्याउन पटक पटक आयोगहरू गठन भएतापनि मूर्त रुपमा कार्य गर्न सकेको छैन । उल्लेख्य उपलिब्धविना गठन र विघटनको लामो शृंखलाले द्वन्द्वपीडित झन् निराश भएको देखिन्छ । सर्वोच्च अदालतको आदेश र अन्तर्राष्ट्रिय कानून, मूल्य, मान्यता बमोजिम नभएको र पीडकलाई उन्मूक्ति दिने खालका प्रावधानहरू राखेको भनेर बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ मा २०८१ भदौमा गरिएको संसोधनबाट समेत चित्त नबुझाएका पीडित परिवार र सरोकारवालाहरू मिति २०८२/०२/०४ गते सरकारले दुवै आयोगमा पदाधिकारीहरू नियुक्ति गरेपछि नियुक्त गर्दा अपनाइएको प्रक्रियामा पीडित परिवारको अर्थपूर्ण सहभागिता नभएको र सरकारले विज्ञताको आधारमा भन्दा पनि अपारदर्शी ढंगले राजनीतिक भागवण्डाका आधारमा नियुक्ति गरेको भन्दै पीडितहरूले आयोग पुर्नगठनको मागसहित सर्वोच्च अदालतमा रिट समेत दायर गरेका छन । साथै राजनीतिक हस्तक्षेप र विश्वसनीयताको संकटले नेपालको संक्रमणकालीन न्याय असफलतातर्फ उन्मूख भएको भनी ४७ वटा पीडित संस्था र २६ वटा नागरिक संस्थाको तर्फबाट संयुक्त राष्ट्र संघीय मानव अधिकार परिषदमा प्रतिवेदन बुझाउनुका साथै दुई आयोगलाई मान्यता नदिन संयुक्त राष्ट्र संघीय उच्चायुक्तलाई ज्ञापन पत्र समेत बुझाएका थिए । प्रतिनिधि सभा सदस्य निर्वाचन पछि बनेको सरकारले दुवै आयोगका पदाधिकारीहरूलाई हटाई हाल अर्को आयोग गठन नभएको र पीडितहरूको न्याय पाउने अधिकार झन लम्विदै गएको देखिन्छ ।

गण्डकी प्रदेश सरकार तथा स्थानीय तहहरूले द्धन्द्धपीडितहरूको लागि केही सीपमुलक तथा आयआर्जनमुलक कार्यक्रमहरू सञ्चालन गरेको भएपनि पर्याप्त हुन नसकेको, न्याय प्राप्तिको अधिकार लम्विदै गएको, कतिपय पीडितका आफन्तहरू हालसम्म पनि वेपत्ता नै रहेको हुदा आफनो धर्म, सँस्कृति लगायत साँस्कृतिक अधिकार अवलम्वन गर्न कठिनाई भएको जस्ता समस्याहरू द्धन्द्धपीडितहरूले भोग्दै आईरहेका छन।

## ३.२ आर्थिक, सामाजिक तथा सास्कृतिक अधिकारको अवस्था

### ३.२.१ स्वास्थ्यको अधिकारको अवस्था :

स्वास्थ्यको अधिकार भन्नाले प्रत्येक व्यक्तिले गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्न पाउने अधिकारलाई जनाउँछ। स्वास्थ्य उपचार सबै नागरिकका लागि उपलब्ध, पहुँचयोग्य र समान हुनुपर्ने विषय मानव अधिकारअन्तर्गत पर्दछ। यसअन्तर्गत रोगको उपचार मात्र नभई रोगको रोकथाम, मातृ तथा शिशु स्वास्थ्य, औषधि तथा पोषण, स्वच्छ खानेपानी र सरसफाइजस्ता आधारभूत पक्षसमेत पर्दछन्। नेपालको संविधानले प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने तथा स्वास्थ्य सेवामा समान पहुँच हुने अधिकार सुनिश्चित गरेको छ। साथै, जाति, लिङ्ग, भाषा वा अन्य कुनै आधारमा स्वास्थ्य सेवामा भेदभाव गर्न नहुने व्यवस्था गरेको छ।

नेपालको संविधानको धारा ३५ मा स्वास्थ्यसम्बन्धी हकअन्तर्गत आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने, स्वास्थ्य संस्थामा सबै नागरिकको समान पहुँच हुने तथा आकस्मिक स्वास्थ्य सेवाबाट कसैलाई पनि वञ्चित नगरिने लगायतका व्यवस्थालाई मौलिक हकका रूपमा सुनिश्चित गरिएको छ। त्यस्तै, मौलिक हक कार्यान्वयन गर्न बनेको जनस्वास्थ्य सेवा ऐन, २०७५ ले पनि नागरिकको स्वास्थ्य अधिकारसम्बन्धी विभिन्न व्यवस्था गरेको छ।

गण्डकी प्रदेश सरकारले गण्डकी प्रदेश जनस्वास्थ्य सेवा ऐन, २०८२, प्रादेशिक स्वास्थ्य आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८३, जनस्वास्थ्य आपत्काल व्यवस्थापन तथा सङ्क्रामक रोग नियन्त्रण कार्यविधि, २०८३ तथा स्वास्थ्य नीति, २०७८ तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ। प्रदेशमा पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, प्रदेश सरकार मातहतका १४ वटा अस्पताल, ११ वटा आयुर्वेद अस्पताल तथा स्थानीय तहअन्तर्गत स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र, गाउँघर क्लिनिकलगायतका स्वास्थ्य संस्थाहरू सञ्चालनमा रहेका छन्।

गण्डकी प्रदेश सरकारको स्वास्थ्य नीति, २०७८ ले निःशुल्क आधारभूत स्वास्थ्य सेवाको पहुँच विस्तार गर्ने, आकस्मिक स्वास्थ्य सेवामा पहुँच बढाउने, विशेषज्ञ तथा विशिष्टीकृत स्वास्थ्य सेवाको विस्तार गरी गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच वृद्धि गर्दै जाने, स्वास्थ्य संस्थाहरूमा औषधि, चिकित्सकीय सामग्री तथा भ्याक्सिनको नियमित आपूर्ति सुनिश्चित गर्ने र 'एक चिकित्सक/स्वास्थ्यकर्मी, एक संस्था नीति अवलम्बन गर्नेलगायतका नीति अवलम्बन गरेको छ।

आ.व. २०८२/०८३ मा गण्डकी प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रले रु. ९ करोड ५८ लाख १४ हजार बराबरको औषधि खरिद गरी स्वास्थ्य संस्थाहरूमा उपलब्ध गराएको भए पनि स्वास्थ्य संस्थाहरूबाट वितरण हुने सबै प्रकारका निःशुल्क औषधि नियमित रूपमा उपलब्ध हुन नसकेको पाइएको छ। त्यसैगरी, प्रादेशिक अस्पताल, मनाङमा विशेषज्ञ सेवा उपलब्ध हुन नसकेको तथा रिक्त दरबन्दीमा पदपूर्ति नहुँदा जनशक्तिको अभावले स्वास्थ्य सेवा प्रवाहमा असर परेको देखिन्छ।

स्वास्थ्य बीमा सरकारी अस्पतालमा मात्र केन्द्रित हुँदा सरकारी अस्पतालहरूमा सेवाग्राहीको चाप बढेको र नागरिकहरूले स्वास्थ्य सेवा लिन एक—दुई दिनसम्म कुर्नुपर्ने अवस्था रहेको पाइएको छ। त्यस्तै, सेवासुविधासम्बन्धी माग राखी शिक्षण अस्पताललगायत निजी अस्पतालमा कार्यरत स्टाफ नर्स

तथा अन्य स्वास्थ्यकर्मीहरूले समय समयमा गर्ने आन्दोलनका कारण नागरिकको सहज रूपमा स्वास्थ्य सेवा प्राप्त गर्ने अधिकारमा समेत अवरोध हुने गरेको देखिन्छ।

प्रदेशमा मनोचिकित्सक जनशक्तिको कमी हुँदा मानसिक स्वास्थ्यसम्बन्धी सेवा प्रवाहमा समस्या रहेको विषय सरोकारवाला निकायहरूसँगको छलफलमा उठ्ने गरेको छ। गण्डकी प्रदेश सरकार मातहतका अस्पतालहरूमध्ये तीनवटा अस्पतालमा मात्र कन्सल्टेन्ट साइक्याट्रिस्टबाट नियमित सेवा प्रवाह भइरहेको र अन्य अस्पतालहरूमा नियमित विशेषज्ञ सेवा उपलब्ध नहुँदा मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिहरू सेवा लिन पोखरा तथा काठमाडौं धाउनुपर्ने अवस्था रहेको छ। पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा समेत मानसिक रोगसम्बन्धी अन्तरङ्ग सेवा लामो समयपछि पुनः सञ्चालनमा आएको छ।

मानसिक स्वास्थ्यसम्बन्धी समस्या लगायत विभिन्न कारणले यस प्रदेशअन्तर्गतका जिल्लाहरूमा आत्महत्या गर्नेको सङ्ख्यामा उल्लेख्य कमी आउन नसकेको देखिन्छ। गण्डकी प्रदेश प्रहरी कार्यालय, पोखराबाट प्राप्त विवरणअनुसार आ.व. २०८२/०८३ मा कास्कीमा १५४, तनहुँमा ७९, स्याङ्जामा ४९, गोरखामा ६७, लमजुङमा ३०, मनाङमा ०, बागलुङमा ५५, पर्वतमा ३३, म्याग्दीमा २४, मुस्ताङमा २ र नवलपरासी (बर्दघाट सुस्ता पूर्व) मा ९७ जनाले आत्महत्या गरेको पाइएको छ।

## ३.३ महिला अधिकार

महिला अधिकार भन्नाले महिलाहरूले पाउने सबै अधिकार जनाउने गर्दछ। यस अन्तरगत महिलाहरूको जीवन, शिक्षा, स्वास्थ्य, रोजगार, सुरक्षा, समानता आदिमा समान अवसरहरू पर्दछ। नेपालको संविधानले महिलाको समानता, समानुपातिक समावेशी सहभागिता, विशेष अवसर तथा हिंसा र शोषणबाट संरक्षणका लागि विभिन्न संवैधानिक तथा कानूनी अधिकारको व्यवस्था गरेका छन् । नेपालको प्रचलित कानूनहरू र नेपाल पक्ष राष्ट्र भएका विभिन्न अन्तर्राष्ट्रिय महासन्धि बमोजिम महिला भएकै नाताले प्राप्त गर्ने केही विशेष अधिकारहरू महिलाले बिना भेदभाव प्राप्त गर्न पाउनुपर्दछ । राज्यले समावेशीकरणको नीति अबलम्बन गरेपछि राज्यका निकायहरूमा महिलाहरूको सहभागितामा वृद्धि हुँदै गैरहेको अवस्था देखिन्छ । प्रदेश नीति तथा योजना आयोगको दोस्रो पञ्चवर्षीय योजना आधारपत्र, २०८० अनुसार गण्डकी प्रदेशमा महिला परिवारमूली भएका परिवार ४१ प्रतिशत, महिला साक्षरता दर ७५.३ प्रतिशत (राष्ट्रिय ६९.४ प्रतिशत), प्रत्यक्ष लैङ्गिक उत्तरदायी बजेट अनुपात ६० प्रतिशत र महिलाको नाममा घर वा जग्गा वा घर जग्गा दुवैमा स्वामित्व भएको ३० प्रतिशत पुगेको देखिएको छ ।

अनुगमनका क्रममा प्राप्त तथ्यांक विश्लेषण गर्दा गण्डकी प्रदेशमा बहुविवाह जवरजस्ती करणीका, जवरजस्ती करणी उद्योगका, यौन दुव्यववहार, मानव बेचविखन तथा ओसारपसार, बोक्सीको आरोप जस्ता घटनाबाट ७२७ जना महिला पीडित भएको देखिन्छ ।प्रदेशमा लैंगिक समानता र सामाजिक समावेशीकरण निर्देशिका, २०७७, हिंसा पीडित एवम मानव वेचविखन तथा ओसारपसारबाट प्रभावितहरूको संरक्षण, मनोसामाजिक विमर्श, स्वास्थ्य उपचार, पारिवारिक पुनर्स्थापना, पुनर्मिलन तथा स्वरोजगारमा सहयोग पुर्याई एकीकृत सेवा प्रदान गरी दीर्घकालिन पुनर्स्थापना केन्द्र सञ्चालनका

लागि प्रादेशिक पुनर्स्थापना केन्द्र सञ्चालन मापदण्ड, २०७८, हिंसा प्रभावितहरूको लागि सेवा केन्द्र स्थापना तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०७६, एकल महिला संरक्षण कार्यक्रम सम्बन्धी कार्यविधि, २०७६ कार्यान्वयनमा ल्याइएको छ ।

महिला अधिकार उल्लङ्घन भएको सम्बन्धमा यस गण्डकी प्रदेश कार्यालयमा प्रत्यक्ष रूपमा कुनै उजुरी दर्ता नभए पनि घरेलु हिंसा तथा विभिन्न प्रकारका दुर्व्यवहारबाट पीडित व्यक्तिहरूलाई आयोगबाट मनोसामाजिक परामर्श, कानूनी सहायता तथा आवश्यक सहजीकरण प्रदान गरी न्यायमा पहुँचका लागि पहल गरिएको छ।

महिला अधिकारको संरक्षण, संवर्द्धन तथा प्रवर्द्धनका लागि विभिन्न सकारात्मक प्रयासहरू भइरहे पनि महिलाले आफ्ना अधिकारको पूर्ण रूपमा उपभोग गर्न सक्ने अवस्था अझै निर्माण भइसकेको देखिँदैन। सामाजिक कुरीति, कुसंस्कार, पुरातनवादी सोच तथा लैङ्गिक विभेदका कारण महिलाहरू आर्थिक, सामाजिक, मानसिक तथा यौनजन्य हिंसाबाट प्रभावित हुनुपरेको अवस्था आयोगको अनुगमन तथा पीडितबाट प्राप्त गुनासाहरूबाट समेत देखिएको छ। यसले महिलाको अधिकारको प्रभावकारी संरक्षण तथा समान र मर्यादित जीवनयापनका लागि विद्यमान कानूनी तथा संस्थागत व्यवस्थाको प्रभावकारी कार्यान्वयनसँगै सामाजिक सोच र व्यवहारमा समेत परिवर्तन आवश्यक रहेको देखाउँछ।

## ३.४ बाल अधिकार

नेपालको प्रचलित कानूनअनुसार १८ वर्ष उमेर पूरा नगरेका व्यक्तिलाई बालबालिका मानिन्छ। बाल अधिकार भन्नाले १८ वर्षभन्दा कम उमेरका प्रत्येक बालबालिकाले सम्मानपूर्वक, सुरक्षित र मर्यादित जीवनयापन गर्न तथा आफ्नो शारीरिक, मानसिक, बौद्धिक, सामाजिक र भावनात्मक विकासका लागि उपभोग गर्न पाउने अधिकारलाई जनाउँछ। बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिई उनीहरूको संरक्षण, विकास, सहभागिता तथा समानताको सुनिश्चितता गर्नु राज्य, परिवार र समाजको साझा दायित्व हो।

नेपालको संविधान तथा प्रचलित कानूनले बाल अधिकारको संरक्षण र प्रवर्द्धनका लागि विभिन्न अधिकार तथा व्यवस्थाहरू सुनिश्चित गरेका छन्। बाल अधिकारको प्रभावकारी कार्यान्वयनका लागि परिवार, समुदाय, विद्यालय, स्थानीय तह तथा राज्यका सम्बन्धित सबै निकायले बालबालिकाको सर्वोत्तम हित, संरक्षण, विकास तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न आवश्यक छ।

बालबालिकालाई बाँच्न पाउने, विकास गर्न पाउने, संरक्षण प्राप्त गर्ने तथा सहभागिता जनाउने अधिकार राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनद्वारा सुनिश्चित गरिएको छ। सोहीअनुरूप गण्डकी प्रदेशले बालबालिकाको हित तथा अधिकार संरक्षणका लागि विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ। विगतका वर्षहरूमा जस्तै यस वर्ष पनि विद्यालयस्तरीय दिवा खाजा कार्यक्रम, छात्राका लागि शौचालयमा सेनिटरी प्याडको व्यवस्था, सीमान्तकृत बालबालिकाका लागि छात्रवृत्ति तथा बालबालिकाको प्रतिभा विकाससम्बन्धी कार्यक्रम सञ्चालन गरिएको छ।

यद्यपि, बाल संरक्षण समितिको गठन, बालमैत्री स्थानीय शासनको कार्यान्वयन तथा बाल कल्याण अधिकारीको नियुक्तिलगायतका कानूनी प्रावधानहरू अझै पूर्ण रूपमा कार्यान्वयन हुन सकेको

देखिँदैन। त्यसैगरी, अनिवार्य तथा निःशुल्क शिक्षाको पूर्ण कार्यान्वयन, गरिब, सीमान्तकृत तथा सडक आश्रित बालबालिकाको शिक्षा र स्वास्थ्यमा पहुँच तथा बालबालिकामाथि हुने हिंसा, यौनजन्य दुर्व्यवहार, बालश्रम र बेचबिखनजस्ता समस्याको प्रभावकारी सम्बोधन हुन सकेको अवस्था देखिँदैन। विद्यालयमा बालबालिकामाथि हुने शारीरिक तथा मानसिक दण्डसजायको पूर्ण अन्त्यसमेत हुन सकेको छैन। गण्डकी प्रदेशमा अझै पनि कानूनी रुपमा विवाहको उमेर पुग्नु भन्दा अगाडी विवाह गर्ने समस्या, हिंसात्मक अनुशासन, बालश्रम तथा आवश्यकताबिना बालगृहमा राख्ने प्रवृत्तिजस्ता समस्या विद्यमान रहेको पाइन्छ।

यस आर्थिक वर्षमा यस आयोगको प्रदेश कार्यालयमा बालबालिकाको जन्मदर्ता, नागरिकता तथा अन्य बाल अधिकारसँग सम्बन्धित उजुरीमा आवश्यक परामर्श तथा सहजीकरण गरी समस्या समाधानका लागि पहल गरिएको छ। त्यसैगरी, गण्डकी प्रदेशमा आ.व. २०८२/०८३ मा बालविवाहसम्बन्धी ४ वटा उजुरी दर्ता भएको जानकारी प्राप्त भएको छ। तीमध्ये गोरखामा १, बागलुङमा १ र पर्वतमा २ वटा उजुरी रहेका छन्। (स्रोतः गण्डकी प्रदेश प्रहरी कार्यालय)। उक्त घटनाका सम्बन्धमा आवश्यक कानूनी कारबाही अगाडि बढाइएको छ।

गण्डकी प्रदेशमा बाल अधिकारको संरक्षण तथा प्रवर्द्धनका लागि नीति, कार्यक्रम तथा बजेटको व्यवस्था भए तापनि तिनको प्रभावकारी कार्यान्वयन, स्थानीय तहमा बालमैत्री संरचना तथा प्रणालीको विकास र सामाजिक सचेतनाको अभिवृद्धि अझै आवश्यक देखिन्छ। बाल अधिकारको प्रभावकारी संरक्षण तथा बालबालिकाको सर्वोत्तम हित सुनिश्चित गर्न राज्यका निकाय, स्थानीय तह, परिवार, समुदाय तथा समाजका प्रत्येक पक्षको सक्रिय र समन्वयात्मक भूमिका थप सशक्त हुनुपर्ने देखिन्छ।

## ३.५ बलपूर्वक बेपत्ता पार्ने कार्य विरुद्धको अधिकार

बलपूर्वक बेपत्ता पार्ने कार्यलाई कानूनी रुपमा अपराध मानिएको छ । राज्य र राज्यका निकायको संलग्नतामा हुने यस प्रकारको कार्यले वेपत्ता पारिएको व्यक्तिलाई मात्र नभई नीजको परिवार र सिंगो समाजलाई नै असर पारेको हुन्छ । आयोगमा हाल बलपूर्वक बेपत्ता पार्ने कार्य सम्बन्धी कुनै उजुरी दर्ता नभएतापनि विगतमा देशमा चलेको तात्कालिन ने.क.पा. माओवदी र नेपाल सरकारवीच भएको १० वर्षे लामो सशस्त्र द्वन्द्धका क्रममा राज्यपक्षबाट बेपत्ता पारिएका तथा ने.क.पा. माओवदीबाट अपहरण गरी स्थिति अज्ञात पारिएका भनिएका व्यक्तिहरूको उजुरीहरू हालसम्म पनि अनुसन्धानको क्रममा रहेका छन् । आयोगको अनुसन्धानका क्रममा बलपूर्वक बेपत्ता पारिएका नागरिकका हकवालाले राज्यले घोषणा गरेको राहत, सुविधाहरू प्राप्त गरेको पाइएतापनि उनीहरूको अवस्था सार्वजनिक हुन नसक्दा पीडा र अन्योलमा बाँचीरहन परेको गुनासो रहेको पाइन्छ । द्वन्द्धका क्रममा भएका मानव अधिकार सम्बन्धी घटनाहरूका न्यायिक छानबिनको लागि बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन बनाई आयोगहरू पनि गठन भएको अवस्था छ । सो आयोगहरूले प्रभावकारी कार्य गर्न नसकिएको भन्ने पीडित परिवारको भनाइ रहेको छ । बलपूर्वक बेपत्ता पारिएका व्यक्तिका परिवारलाई बेपत्ता व्यक्तिको अवस्था र वास्तविकताबारे सत्य तथा जानकारी प्राप्त गर्ने अधिकार,, न्यायमा पहुँच तथा प्रभावकारी उपचार

पाउने अधिकार हुन्छ। राज्यले बेपत्ता पार्ने कार्यको प्रभावकारी अनुसन्धान गरी दोषीलाई कानुनी कारबाही तथा पीडित र परिवारलाई उचित न्याय, परिपूरण र पुनर्स्थापना सुनिश्चित गर्नुपर्छ। आयोगको यस गण्डकी प्रदेश कार्यालय, पोखरामा बेपत्ता पारिएको भनी परेका उजुरी उपर अनुसन्धान कार्य जारी रहेको छ ।

## ३.६ यातना विरुद्धको अधिकार

यातनालाई पनि मानवता विरुद्धको गम्भिर अपराधको रुपमा लिईन्छ । यसले व्यक्तिको सम्मानपूर्वक बाँच्न पाउने अधिकार हनन् गर्दछ । यातनाले व्यक्तिको शारिरीक तथा मानसिक दुबै पक्षलाई असर गरेको हुन्छ । नेपालको संविधानको धारा २२ मा यातना विरुद्धको हकको व्यवस्था गरेको छ, धारा १६ ले प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक, धारा २० मा कुनै पनि व्यक्तिलाई पक्राउ भएको कारण सहितको सूचना नदिई थुनामा नराखिने, स्वच्छ सुनुवाईको हक हुने लगायतका व्यवस्था, भने मुलुकी अपराध संहिता, २०७४ को दफा १६७ मा यातना दिन नहुने, दफा १६८ मा अपमानजनक वा अमानवीय व्यवहार गर्न नहुने लगायतका व्यवस्थाहरू रहेका छन् । नेपाल समेत पक्ष राष्ट्र भएको यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्डविरुद्धको महासन्धि, १९८४ ले कुनै पनि व्यक्तिलाई यातना वा क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड दिन नहुने व्यवस्था गरेको छ । नेपालको प्रचलित कानूनले पनि यातनाविरुद्धका विभिन्न व्यवस्थाहरू गरेको छ । यस आ.व.मा यातना दिइएको भनी यस गण्डकी प्रदेश कार्यालयमा उजूरी दर्ता भएको छैन तर द्वन्द्वकालमा युद्धरत दुबै पक्ष तात्कालिन ने.क.पा.माओवादी र राज्यपक्षबाट यातना पाएका भनिएका केही उजुरीहरूको कारवाही अझै जारी रहेको छ ।

## ३.७ अपाङ्गता भएका व्यक्तिहरूको अधिकार

व्यक्ति अपाङ्गता भएकै आधारमा कुनै पनि प्रकारको भेदभावविना सम्मान, स्वतन्त्रता, सुरक्षा र समानता पूर्वक मर्यादित जीवनयापन गर्न पाउने अधिकारलाई नै अपाङ्गता भएका व्यक्तिहरूको अधिकार हो। अपाङ्गता भएका व्यक्तिहरूको क्षमता र आवश्यकता फरक फरक हुन्छ । सोही आधारमा उनीहरूको क्षमता र आवश्यकता अनुसार अवसर तथा सहयोग उपलब्ध गराई राज्यको मूलधारमा समान रूपमा सहभागी गराउँदै लानु राज्यको दायित्व हुन्छ। नेपालको संविधान, ऐन कानूनमा अपाङ्गता भएका व्यक्तिहरूको संरक्षण तथा सम्वर्द्धनको लागि विविध व्यवस्थाहरू गरेका छन्। गण्डकी प्रदेश सरकारले अपाङ्गता भएका व्यक्तिहरूको मानव अधिकार संरक्षण र सम्वर्द्धनको लागि गण्डकी प्रदेश अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०८२ र गण्डकी प्रदेशमा अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी नियमावली, २०८३ तर्जुमा गरी कार्यान्वयनमा रहेका छन। ऐन बमोजिम सामाजिक विकास मन्त्रीको अध्यक्षतामा रहने निर्देशन समितिको गठन समेत भएको छ। सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयले अपाङ्गता भएका व्यक्तिहरूको मानव अधिकार संरक्षण सम्वर्द्धनको लागि जानकी मा.वि. महतगौडा, कास्कीमा सञ्चालित अटिजम स्रोतकेन्द्रलाई सिकाई सामग्री व्यवस्थापन, मन्त्रालयमा अपाङ्गता सहायता कक्ष सञ्चालन, लैगिंक हिंसा विरुद्धको निःशुल्क हटलाईन सेवा सञ्चालन, सांकेतिक भाषा(दोभाषे) तालिम, केयर टेकर व्यवस्थापन,

गण्डकी प्रदेश दीर्घकालिन पुनर्स्थापना केन्द्र सञ्चालन गरेको जानकारी आयोगको यस कार्यालयमा प्राप्त हुन आएका छन। तथापि आयोगको यस कार्यालयमा प्राप्त हुने सूचना, जानकारी, राष्ट्रिय अपाङ्ग महासंघ गण्डकी प्रदेश कार्यालय, पोखरावाट प्राप्त जानकारी तथा कार्यालयवाट प्रदेश अन्तर्गतका जिल्लाहरूमा गरिएको अनुगमन, छलफलवाट प्राप्त तथ्यहरूलाई हेर्दा पहुँचयुक्त भौतिक संरचनाको अभाव, प्रदेशमा स्थानीय तहका सूचना, विपद् सम्बन्धी जानकारी, स्वास्थ्य सन्देश र सेवा प्रवाहका विवरणहरू सांकेतिक भाषा, ब्रेललिपि, अडियो वा सजिलो भाषामा उपलव्ध नहुँदा अपाङ्गता भएका व्यक्तिहरूको सूचना तथा संचारमा सहज पहूँचको अभाव रहेको देखिन्छ। त्यस्तै,सार्वजनिक निकायका सूचना सामग्रीहरू सबै प्रकारका अपाङ्गता भएका व्यक्तिको लागि पहूचयुक्त नभएका, स्वास्थ्य सस्था लगायत बढी जनसम्पर्क हुने सरकारी कार्यालयहरूमा दोभाषेको व्यवस्था नहुँदा संचारमा कठिनाई जस्ता अवस्था अपाङ्गता भएका व्यक्तिहरूले भोग्नुपरिरहेको छ। भौतिक संरचना, प्रक्रियागत झन्झट, कानूनी सचेतनाको अभाव जस्ता अवस्थाले अपाङ्गता भएका व्यक्तिहरूको न्यायमा सहज पहूच सुनिश्चित हुन नसकेको देखिन्छ। मानसिक तथा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरू अझै पनि उपचार अभावमा खोरमा थुनिनुपर्ने, बाधिएर बस्नुपर्ने तथा अमानवीय जीवन बिताउन परेको अवस्था कायम नै छ। अपाङ्गतामैत्री पाठ्यक्रम तथा पाठ्यपुस्तक उपलब्ध हुन नसकेको, नीति निर्माण तहसम्म अझै पनि अपाङ्गता भएका व्यक्तिहरूको सहज पहुँच सुनिश्चित हुन नसकेको तथा अझै पनि अपाङ्गता भएका व्यक्तिहरूलाई अधिकारको दृष्टिकोणवाट भन्दा पनि दया मायाका दृष्टिले हेर्ने गरिएको पाईन्छ। स्थानीय तहहरूले अपाङ्गता सम्बन्धी बजेट छुट्याईए पनि त्यो नियमित रुपमा, योजनाबद्ध ढंगले र लक्षित समुहसँग परामर्श गरेर खर्च हुन नसकेको, कतिपय स्थानीय तहमा अपाङ्गता समन्वय समिति निसकृय रहेका, परिचयपत्र वितरणमा एकरुपता नहुने जस्ता समस्याहरू विद्यमान रहेका छन्।

## ३.८ जातीय भेदभाव विरूद्धको अधिकारको अवस्था

जातीय भेदभाव विरूद्धको अधिकार भन्नाले मानिस मानिसबीच जातका, वर्ण, वंश, समुदाय आदि आधारमा ठूलो-सानो घृणा गर्ने, हेला गर्ने, अपमान गर्ने वा अधिकारबाट वञ्चित गर्ने कार्यको रोकथाम गरी सबैमा समान व्यवहार गर्न सुनिश्चित गर्ने अधिकर हो । यसले कुनै पनि व्यक्तिको जातका, वर्ण, वंश, समुदाय आदि आधारमा भेदभाव गर्न नपाउने प्रत्येक व्यक्तिको समान रुपमा, सम्मान र मर्यादापूर्वक बाँच्न पाउने अधिकारको कुरा गर्दछ । नेपालको संविधानले जात, जाति, उत्पत्ति, भाषा, धर्म, समुदायलगायतका आधारमा भेदभाव गर्न निषेध गरेको छ। साथै, छुवाछूत तथा भेदभावलाई दण्डनीय कार्यका रूपमा स्वीकार गर्दै पीडितलाई कानूनबमोजिम संरक्षण र न्यायको अधिकार प्रदान गरेको छ।

नेपालको संविधानको धारा २४ र धारा ४० ले छुवाछूत तथा जातीय भेदभाव विरुद्धको हक र दलितको हक सुनिश्चित गरेको छ । जातीय तथा अन्य छुवाछूत र भेदभाव कसूर र सजाय ऐन, २०६८, शिक्षा ऐन, २०२८ (संशोधित २०७७), भूमि सम्बन्धी ऐन, २०७६ लगायतका नीतिगत र कानूनी प्रावधानहरूले दलित समुदायको अधिकारलाई कानूनी संरक्षण प्रदान गरेका छन् । साथै, नेपालले CERD र ICCPR जस्ता अन्तर्राष्ट्रिय महासन्धिहरूमा हस्ताक्षर गरी जातीय भेदभाव विरुद्धको प्रतिबद्धता जनाएको छ । गण्डकी प्रदेश सरकारबाट पनि जतिय विभेद उन्मुलन गर्न तथा

दलिहरूको अधिकार सुनिश्चित गर्न विभिन्न प्रयास गरेको पाइन्छ ।जातीय भेदभाव विरुद्धको अधिकारको अवस्था हेर्दा संविधान, कानून, नीति तथा संस्थागत तथा कार्यक्रमगत संरचनाले दलित समुदायको अधिकार सुनिश्चित गर्ने प्रयास देखिए पनि व्यवहारमा बिभिन्न रुपमा अझै पनि विभेद यथावत रहेको पाइएको छ । दलित समुदाय अझै पनि सामाजिक, सांस्कृतिक तथा आर्थिक रूपले विभेदको शिकार भइरहेका पाइएका छन् । सार्वजनिक स्थल, मठमन्दिर, दुग्ध सङ्कलन केन्द्र, सामाजिक कार्यमा सहभागिता, अन्तरजातीय विवाहको स्वीकृति जस्ता क्षेत्रमा अप्रत्यक्ष विभेद कायम रहेको गुनासो आउने गरेका छन् । गण्डकी प्रदेश प्रहरी कार्यालयको जानकारी अनुसार गण्डकी प्रदेशमा आ.व. २०८२/०८३ मा जातीय विभेद सम्बन्धी उजूरीहरू जम्मा ३ वटा (कास्की- २ गोरखा- १) सामान्य दर्ता भई आवश्यक कारवाही अगाडी बढाईएको भन्ने जानकारी प्राप्त भएको छ छ ।

## ३.९ आप्रवासी कामदारहरूको अधिकार

आप्रवासी कामदारहरूको अधिकार भन्नाले रोजगारीका लागि आफ्नो देश वा स्थानबाट अर्को देशमा जाने कामदारले समान व्यवहार, सुरक्षित तथा मर्यादित श्रम, उचित पारिश्रमिक तथा शोषण र भेदभावबाट संरक्षण प्राप्त गर्न पाउने अधिकारलाई जनाउँछ। आप्रवासी कामदारहरूको अधिकार संरक्षणमा गन्तव्य मुलुकमा रहेका वैदेशिक रोजगारसम्बन्धी नीति तथा कानूनका साथै सोही मुलुकमा प्रचलित अन्य कानूनको समेत महत्वपूर्ण भूमिका हुन्छ।

नेपालबाट वैदेशिक रोजगारीका लागि ठूलो संख्यामा नेपाली नागरिक दैनिक रूपमा विदेशिने गरेका छन्। वैदेशिक रोजगारीबाट प्राप्त हुने रकमले नेपालको अर्थतन्त्रमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ। वैदेशिक रोजगारीमा जाने नेपाली कामदारहरूले विभिन्न प्रकारका समस्या तथा जोखिमसमेत भोग्दै आएको विषय विभिन्न सञ्चारमाध्यममा प्रकाशित तथा प्रसारित समाचारबाट देखिन्छ। यी समस्याहरुको निराकरणको लागि राज्यबाट पहल भएतापनि त्यस विषयमा राज्यबाट अझ आवश्य पहल कदम उठाउनु पर्ने देखिन्छ ।

नेपाल सरकारले वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित तथा व्यवस्थित बनाउन नेपालको संविधान, वैदेशिक रोजगार ऐन, २०६४, वैदेशिक रोजगार नियमावली, २०६४, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा वैदेशिक रोजगार नीति, २०६८ लगायतका विभिन्न कानूनी तथा नीतिगत व्यवस्था गरेको छ। साथै, वैदेशिक रोजगारीसम्बन्धी अधिकारको संरक्षण तथा सेवा प्रवाहका लागि आवश्यक संस्थागत संरचनासमेत निर्माण गरिएको छ।

गण्डकी प्रदेश सरकारले श्रम तथा रोजगार नीति, २०७८ तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ। उक्त नीतिले सुरक्षित तथा मर्यादित कामका अवसर सिर्जना गरी रोजगारीको प्रवर्द्धन गर्ने, युवालक्षित रोजगारीका अवसर सिर्जना गर्ने, श्रम सम्बन्धलाई सुमधुर बनाई रोजगारमैत्री लगानीको वातावरण निर्माण गर्ने, वैदेशिक रोजगारीमा रहेका कामदारको व्यवस्थापन गर्ने तथा वैदेशिक रोजगारीका कारण सिर्जित सामाजिक लागत र द्वन्द्व न्यूनीकरण गर्ने उद्देश्य लिएको छ। त्यसैगरी, वैदेशिक रोजगारीमा जाने श्रमशक्तिका लागि वित्तीय साक्षरता तथा सीपमूलक तालिम सञ्चालन, वैदेशिक रोजगारीबाट

फर्केका व्यक्तिको सामाजिक पुनःएकीकरण तथा वैदेशिक रोजगारीबाट प्राप्त ज्ञान, सीप र उद्यमशीलताको उपयोगलगायतका कार्यको जिम्मेवारी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहलाई दिएको छ।

आयोगको अनुगमन तथा सञ्चारमाध्यमको अनुगमनबाट प्राप्त सूचनाका आधारमा वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित तथा व्यवस्थित बनाउन निर्माण गरिएका कानून तथा नीतिको प्रभावकारी कार्यान्वयन हुन नसक्दा नागरिक ठगीमा पर्ने, पारिवारिक विखण्डन हुने, गन्तव्य मुलुकमा जबर्जस्ती श्रममा लगाइने, यौन शोषणमा पर्ने तथा यातना र कुटपिटको सामना गर्नुपर्ने जस्ता समस्या देखिएका छन्। साथै, समस्यामा परेका कामदारले विदेशस्थित नेपाली कूटनीतिक नियोगबाट अपेक्षित सहयोग प्राप्त गर्न नसकेको भन्ने गुनासासमेत प्राप्त भएको छ।

उल्लिखित समस्याको प्रभावकारी सम्बोधन तथा आप्रवासी कामदारको अधिकार संरक्षणका लागि संघ, प्रदेश तथा स्थानीय तहबीच प्रभावकारी समन्वय आवश्यक देखिन्छ। साथै, विद्यमान कानून तथा नीतिको प्रभावकारी कार्यान्वयन, वैदेशिक रोजगारीमा जानुअघि आवश्यक सूचना, अभिमुखीकरण तथा सीप प्रदान गर्ने व्यवस्था, कामदारको गन्तव्य मुलुकमा प्रभावकारी संरक्षण तथा समस्यामा परेका कामदारलाई शीघ्र कानूनी तथा कूटनीतिक सहायता उपलब्ध गराउने विषयमा सम्बन्धित निकायले थप ध्यान दिनुपर्ने देखिन्छ।

## ३.१० आदिवासी जनजातिहरूको अधिकार

नेपालमा रहेका विभिन्न जातजातिका आ—आफ्नै भाषा, संस्कृति, परम्परा तथा सामाजिक पहिचान रहेका छन्। आदिवासी जनजातिहरूको पहिचान, भाषा, संस्कृति, परम्परा तथा जीवनपद्धतिको संरक्षण, प्राकृतिक स्रोतसाधनमा पहुँच, आत्मनिर्णयको अधिकार, राज्यका विभिन्न निकायमा समान सहभागिता तथा विकासबाट न्यायोचित लाभ प्राप्त गर्ने अधिकारलाई आदिवासी जनजातिहरूको अधिकारका रूपमा लिन सकिन्छ। नेपालको संविधानले आदिवासी जनजातिसहित विभिन्न समुदायको पहिचान, समानता, समावेशिता तथा सामाजिक न्यायका अधिकारलाई सुनिश्चित गरेको छ।

आदिवासी जनजातिहरूको अधिकारको संरक्षण तथा प्रवर्द्धनका लागि आयोगले विभिन्न अध्ययन, अनुगमन तथा वकालतका कार्य गर्दै आएको छ। विशेषगरी विकास निर्माणका कार्य, जलविद्युत् आयोजना निर्माण तथा विद्युत् प्रसारण लाइन विस्तारका क्रममा आदिवासी जनजाति समुदायसँग स्वतन्त्र, अग्रिम र सुसूचित सहमति (Free, Prior and Informed Consent-FPIC) नलिइएको तथा उनीहरूको पर्याप्त सहभागिता र परामर्श सुनिश्चित नगरिएको विषय आयोगको अनुगमन तथा सरोकारवालासँगको छलफलका क्रममा उठ्ने गरेको पाइन्छ।

आयोगको यस गण्डकी प्रदेश कार्यालयमा विभिन्न जिल्लामा निर्माणाधीन जलविद्युत् आयोजना तथा उच्च भोल्टेजका विद्युत् प्रसारण लाइन विस्तारका क्रममा आदिवासी जनजाति समुदायसँग पर्याप्त परामर्श तथा सहभागिता नगराई, स्वतन्त्र, अग्रिम र सुसूचित सहमति (FPIC) समेत नलिई निर्माण कार्य अगाडि बढाइएको भन्ने सम्बन्धमा विभिन्न गुनासाहरू प्राप्त हुने गरेका छन्। प्राप्त गुनासाहरूका

सम्बन्धमा आयोगले सम्बन्धित निकायहरूको ध्यानाकर्षण गराई समस्या समाधानका लागि आवश्यक पहल गर्न आग्रह गर्दै आएको छ।

विकास निर्माणका कार्यबाट प्रभावित आदिवासी जनजाति समुदायको अधिकार संरक्षण तथा उनीहरूको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न सम्बन्धित निकायले आयोजना सञ्चालनपूर्व पर्याप्त परामर्श, सूचना प्रवाह तथा सहभागिताका अवसर सुनिश्चित गर्न आवश्यक देखिन्छ। साथै, आदिवासी जनजाति समुदायको अधिकारसँग सम्बन्धित संवैधानिक तथा कानूनी व्यवस्था र अन्तर्राष्ट्रिय मानव अधिकारसम्बन्धी दायित्वहरूको प्रभावकारी कार्यान्वयनमा सम्बन्धित निकायले थप ध्यान दिनुपर्ने देखिन्छ।

## ३.११ जेष्ठ नागरिकको अधिकार

ज्येष्ठ नागरिक भन्नाले उमेरका कारण शारीरिक, मानसिक तथा सामाजिक अवस्थामा क्रमशः परिवर्तन आउने अवस्थाका व्यक्तिलाई जनाउँछ। नेपालको ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ अनुसार ६० वर्ष उमेर पूरा गरेका व्यक्तिलाई ज्येष्ठ नागरिकका रूपमा परिभाषित गरिएको छ। नेपालमा हाल करिब २९ लाख व्यक्ति ६० वर्षभन्दा माथिको उमेर समूहमा रहेको तथ्याङ्कले देखाउँछ। उमेरसँगै शारीरिक तथा मानसिक अवस्था कमजोर हुँदै जानु, त्यसमा पनि घरपरिवार तथा समाजमा एक्लोपन महसुस गर्नु ज्येष्ठ नागरिकका लागि चिन्ताको विषय बन्दै गएको छ। उमेरका आधारमा हुने भेदभाव, उपेक्षा, हिंसा तथा शोषणबाट मुक्त भई सम्मानपूर्वक, सुरक्षित र मर्यादित जीवनयापन गर्न पाउने अधिकारलाई ज्येष्ठ नागरिकको अधिकारका रूपमा लिन सकिन्छ।

ज्येष्ठ नागरिकलाई सम्मान गर्न तथा उनीहरूमाथि कुनै पनि प्रकारको हिंसा, दुर्व्यवहार, अपमान वा उपेक्षा नगर्न नयाँ पुस्तालाई सचेत गराउने उद्देश्यले विभिन्न संघसंस्था तथा निकायबाट कार्यक्रम सञ्चालन हुँदै आएका छन्। यद्यपि, आयोगको अनुगमनबाट ज्येष्ठ नागरिकप्रति अपेक्षित सम्मानजनक व्यवहार हुन नसकेको तथा उनीहरूमा एक्लोपनको अनुभूति बढ्दै गएको अवस्था देखिएको छ। घरपरिवारबाट हुने हिंसा, दुर्व्यवहार तथा उपेक्षाका कारण ज्येष्ठ नागरिकले सम्मानपूर्वक आफ्ना अधिकारको उपभोग गर्नबाट वञ्चित हुनुपरेको पाइएको छ।

ज्येष्ठ नागरिकको संरक्षण गर्ने पहिलो दायित्व परिवारको र त्यसपछिको दायित्व स्थानीय तहको रहेको हुन्छ। ज्येष्ठ नागरिकहरूले घरपरिवारबाटै विभिन्न प्रकारका हिंसा तथा दुर्व्यवहार भोग्नुपरेको बताउने गरे पनि परिवारजनको डर, त्रास वा सामाजिक दबाबका कारण त्यस्ता घटनाका सम्बन्धमा प्रहरी कार्यालय तथा सम्बन्धित निकायमा निवेदन वा उजुरी दिने गरेको पाइँदैन। ज्येष्ठ नागरिकमाथि हुने शोषण तथा दुर्व्यवहारविरुद्ध कानूनी उपचारको प्रभावकारी व्यवस्था हुन नसकेको तथा विद्यमान कानूनी व्यवस्थाको समेत प्रभावकारी कार्यान्वयन हुन नसकेको अवस्था देखिएको छ। कतिपय ज्येष्ठ नागरिक घरपरिवारबाट बेवास्ता हुनुका साथै माया, स्नेह तथा हेरचाहबाट वञ्चित भएका कारण वृद्धाश्रममा बस्न बाध्य भएको समेत पाइएको छ।

ज्येष्ठ नागरिकलाई सम्मान तथा आर्थिक सुरक्षाका लागि राज्यले सामाजिक सुरक्षा कार्यक्रमअन्तर्गत ज्येष्ठ नागरिक भत्ता उपलब्ध गराउँदै आएको छ। हाल ज्येष्ठ नागरिक भत्ता प्राप्त गर्ने उमेर ७०

वर्ष कायम गरिएको छ। त्यसैगरी, ज्येष्ठ नागरिकसम्बन्धी ऐनमा व्यवस्था भएअनुसार अस्पतालमा ज्येष्ठ नागरिक कक्ष तथा जेरियाट्रिक सेवा, सार्वजनिक यातायातमा आरक्षित सिट तथा ५० प्रतिशत भाडा छुट र दिवा सेवा केन्द्र सञ्चालनलगायतका व्यवस्थाहरू पूर्ण रूपमा कार्यान्वयन हुन नसकेको पाइएको छ।

ज्येष्ठ नागरिकको हकहित तथा संरक्षणका लागि वि.सं. २०६७ सालमा ज्येष्ठ नागरिक महासंघ स्थापना भएको थियो। ज्येष्ठ नागरिक प्रदेश संघ, गण्डकी प्रदेशबाट प्राप्त जानकारीअनुसार गण्डकी प्रदेशका ११ जिल्लामध्ये १० जिल्लामा जिल्ला तहका ज्येष्ठ नागरिक संघहरू सञ्चालनमा रहेका छन्।

ज्येष्ठ नागरिकको सामाजिक सुरक्षा, संरक्षण तथा हकहितका लागि विभिन्न कानूनी तथा संस्थागत व्यवस्था भए तापनि तिनको प्रभावकारी कार्यान्वयनमा थप सुधार आवश्यक देखिन्छ। ज्येष्ठ नागरिकमाथि हुने हिंसा, दुर्व्यवहार, उपेक्षा तथा भेदभावको अन्त्य गरी उनीहरूको सम्मानपूर्वक, सुरक्षित तथा मर्यादित जीवनयापन सुनिश्चित गर्न परिवार, स्थानीय तह, प्रदेश तथा संघीय सरकार र समाजका सबै पक्षको समन्वयात्मक भूमिका थप सशक्त हुनुपर्ने देखिन्छ।

## ४. सामुहिक अधिकार

### ४.१ वातावरण र विकासको अधिकारको अवस्था

प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक संविधान तथा कानुनले सुनिश्चित गरेको छ । त्यस्तै नेपाल पक्ष भएका विभिन्न अन्तराष्ट्रिय सन्धिहरूले पनि स्वच्छ र स्वस्थ्य वातावरण एवं विकासको अधिकारको प्रत्याभुत गरेको छ । वातावरण र विकास वीच सामाञ्जस्यता कायम हुन नसक्दा नागरिकको मानव अधिकार प्रचलनमा समस्या देखिएको छ । यस प्रदेशका विभिन्न जिल्लामा विकासका नाममा जथाभावी(विना प्राविधिक) सडक निर्माण लगायतका कार्यले बाढी पहिरो दुर्घटना, विस्थापित, अकालमा मृत्यु जस्ता घटनाहरूमा भौतिक तथा मानवीय क्षति व्यहोर्नु परेको छ ।

### ४.२ वातावरण/जलवायु परिर्वतन

वातारण र जलवायु परिर्वतनले मानिसको जीवनमा प्रत्यक्ष असर गर्ने भएकोले यसले व्यक्तिको स्वच्छ रुपमा बाँच्न पाउने अधिकारमा प्रत्यक्ष असर गर्दछ । नेपालको संविधानले पनि प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक सुनिश्चित गरेको छ । यसैलाई मध्य नजर गरेर गण्डकी प्रदेश सरकारले बर, पिपल, समी र चौतारो संरक्षण ऐन, २०७५, गण्डकी प्रदेश वातावरण संरक्षण ऐन, २०७६ नियमावली २०७७, गण्डकी प्रदेश बन ऐन, २०८०,गण्डकी प्रदेश वन क्षेत्रको रणनीतिक योजना(२०८२—२१०१), अस्पतालवाट निष्कासन हुने फोहोर पानीको मापदण्ड लगायतका कानूनी व्यवस्थाहरू गरेको देखिन्छ ।व्यवहारिक रुपमा हेर्दा प्रदेश अन्तर्गतका विभिन्न जिल्लाहरूमा विकासका नाममा जथाभावी(विना प्राविधिक) सडक निर्माण लगायतका कार्यले बाढी पहिरो, सवारी दुर्घटना, विस्थापित, अकालमा मृत्यु जस्ता घटनाहरूले मानवीय तथा भौतिक क्षति

व्यहोर्नु परेको अवस्था छ । प्लाष्टिकजन्य सामाग्रीको अत्यधिक अव्यस्थित प्रयोग, अव्यवस्थित ढल, मलमूत्र, फोहरमैला, अस्पतालजन्य फोहरमैला र यसको अव्यवस्थित विसर्जनको अवस्थाले नागरिकहरूमा स्वास्थ्य समस्या बढदै गएको, प्राकृतिक स्रोत साधनको अत्यधिक दोहनले प्राकृतिक प्रकोप, जलवायु परिवर्तन, विविध खाले प्रदूषणमा वृद्धि जस्ता समस्याहरू वढदै गएको देखिन्छ । जलवायु परिवर्तनले यस प्रदेश अन्तर्गतका हिमाली जिल्लाहरू मनाङ, मुस्ताङ र उत्तरी गोरखाका हिमालहरूमा हिउ पग्लिने क्रम वढदो रहेको, हिमताल विस्फोटको जोखिम रहेको, असामान्य वर्षा, वाली चक्रमा परिवर्तन, वाढी पहिरो, डुवान, संक्रामक रोगको फैलावट, वन डढेलो तथा सुख्खा पहिरो जस्ता विपदजन्य समस्याहरू देखिने गरेका छन । वन जङगल, जल उपयोग, वातारण, पर्यावरण तथा जैविक विविधता संघ, प्रदेश तथा स्थानीय तहको साझा अधिकार सुचीमा रहेको भएपनि वातावरण तथा जलवायु परिवर्तनको असरलाई सम्बोधन गर्न प्रभावकारी समन्वयको अभाव रहेको देखिन्छ । जसले गर्दा वातावरण तथा जलवाय परिवर्तनको असर न्यूनिकरणमा उल्लेख्य उपलव्धि हासिल हुन सकेको देखिदैन । त्यस्तै प्रदेश तथा स्थानीय तहवाट स्वीकृत वातावरणीय अध्ययनमा समावेश भएको वातावरणीय व्यवस्थापन योजनाका क्रियाकलापहरू कार्यान्वयनको अनुगमन हुन नसक्नु, वातावरण संरक्षणको क्षेत्रमा साधन, स्रोत र दक्ष जनशक्तिको सिमितता, मानव सस्कृति र विकाससँग प्रत्यक्ष सरोकार राख्ने नदीको प्राकृतिक वहावलाई परिवर्तन गरी निर्माण एवं सञ्चालन गरिने जलविद्युत आयोजना, अव्यवस्थित शहरीकरण, अवैज्ञानिक सडक सञ्जाल विस्तार जस्ता समस्या/चुनौतीहरू वातावरण संरक्षणमा रहेका छन ।

### ४.३ विपद् र मानव अधिकार

विपद्को दृष्टिले नेपाल उच्च जोखिमयुक्त मुलुकका रूपमा रहेको छ। प्रत्येक वर्ष बाढी, पहिरो, नदी कटान, आगलागी, भूकम्प, हुरीबतास, चटयाङ, वन्यजन्तुको आक्रमण, महामारी, फ्लु तथा सर्पदंशलगायतका प्राकृतिक तथा गैरप्राकृतिक विपद्का कारण ठूलो मात्रामा मानवीय, भौतिक तथा आर्थिक क्षति हुँदै आएको छ। विपद् तथा महामारीबाट हुने सम्भावित जोखिमको न्यूनीकरण तथा क्षति कम गर्न पूर्वतयारी, जोखिम सामना गर्ने क्षमता विकास र प्रभावकारी प्रतिकार्य आवश्यक हुन्छ। यसका लागि विपद् पूर्वतयारीका गतिविधि सञ्चालन गर्नुका साथै विपद्पश्चात् उद्धार, राहत तथा पुनःस्थापनाका कार्यलाई प्रभावकारी बनाउनुपर्ने हुन्छ।

प्राकृतिक तथा गैरप्राकृतिक विपद्बाट हुने जनधनको क्षति न्यूनीकरण गर्न नेपालको संविधान, २०७२ ले प्राकृतिक स्रोत—साधनको संरक्षण, संवर्द्धन र उपयोगसम्बन्धी नीतिअन्तर्गत प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण, पूर्वसूचना, तयारी, उद्धार, राहत तथा पुनःस्थापनाका साथै जलउत्पन्न प्रकोप नियन्त्रण र नदी व्यवस्थापनसम्बन्धी व्यवस्था गरेको छ। साथै, विपद् व्यवस्थापनलाई संघ, प्रदेश र स्थानीय तहको एकल तथा साझा अधिकार सूचीमा समावेश गरी विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी, प्रतिकार्य र पुनःस्थापनामा तीनै तहका सरकारलाई जिम्मेवार बनाइएको छ।

गण्डकी प्रदेशमा विशेष गरी वाढी, पहिरो, नदीजन्य कटान, आगलागी, चटयाङ, करेन्ट, सडक दुर्घटना, हावाहुरी, सिजनल फ्लु जस्ता प्राकृतिक तथा गैह्रप्राकृतिक विपद्का घटनाबाट जिल्लाका नागरिकहरू प्रभावित हुने गरेका, विपद्को समयमा सिमान्तकृत समुदाय, अपाङ्गता भएका व्यक्तिहरू,बालबालिका र

ज्येष्ठ नागरिकहरू अझ बढी प्रकोप तथा महामारीको चपेटामा पर्ने गरेका,यस प्रदेशका अधिकांश पहाडी जिल्ला र भौगोलिक अवस्था पनि भिरालो हुनुका साथै भिरालो स्थानमा नै बस्तीहरू हुने र मनसुनको समयमा बढी वर्षा हुदा विपद्का अन्य घटना भन्दा बाढी पहिरोवाट ठुलो मात्रामा मानवीय तथा भौतिक क्षति पुग्ने गरेको, भिरालो जमिनमा पहिरो आउदा जग्गा जमिन पुरिनुका साथै नदी तथा खोलामा आउने बाढीले खेतीयोग्य जमिन पुरिने भई विस्थापन हुनुपर्ने देखिन्छ । संवैधानिक, कानूनी र नीतिगत व्यवस्था सहित विपद् व्यवस्थापन संघ, प्रदेश र स्थानीय तहको एकल र साझा अधिकार सूचीमा राखी ३ तहको सरकारलाई उतिकै जिम्मेवार वनाएको भएपनि व्यवहारिक रुपमा कानूनी व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयन नहुँदा, कतिपय नीतिगत प्रस्टताको अभाव, जिम्मेवारी कार्यान्वयनमा अन्यौलताले विभिन्न प्रकोप तथा महामारीमा नागरिकहरूका आधारभुत मानव अधिकारहरूको संरक्षण हुन सकेको देखिदैन ।

गण्डकी प्रदेश सरकारले पनि सबै जिल्लासँग समन्वय गरेर तत्काल राहत र उद्धारलाई प्राथमिकता दिएको देखिन्छ । मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेश विपद् व्यवस्थापन परिषद् र प्रदेश कार्यकारी समिति गठन भएको छ । यस्तै, मनसुन प्रतिकार्यलाई प्रभावकारी बनाउन प्रदेश सचिवको संयोजकत्वमा सुरक्षा निकायका प्रतिनिधिहरू सम्मिलित मनसुन प्रतिकार्य कमाण्ड पोस्ट समेत गठन भइसकेको छ । विपद्को समयमा आर्थिक स्रोतको अभाव हुन नदिन प्रदेश विपद् व्यवस्थापन कोषमा सरकारले २२ करोड ५१ लाख रुपैयाँ मौज्दात राखेको छ । जिल्लाको कोषबाट रकम खर्च भएमा प्रदेश सरकारले तत्काल थप रकम उपलब्ध गराई न्यूनतम मौज्दात रहने व्यवस्था मिलाएको छ । यस्तै, आपतकालीन उद्धारका लागि नेपाली सेनाको पश्चिम पृतना विजयपुरमार्फत गण्डकी प्रदेशका लागि डेडिकेटेड हेलिकप्टर तयारी अवस्थामा राखिएको छ । विपद्बाट पुलमा क्षति भए सवारी आवागमनमा असर नपर्ने गरी बेलिब्रिजको व्यवस्था हुने, प्रदेश सरकारले विपद्मा राहत र उद्धारका लागि सामग्रीहरू छुट्टै राखेको छ । पोखराको पुरानो विमानस्थल र सशस्त्र प्रहरीको क्याम्पमा गोदाम घर निर्माण गरिएको हो । सशस्त्र प्रहरीले पनि विभिन्न जिल्लामा ४ वटा अस्थायी बेस निर्माण गरेको छ । १ सय ३४ जना गोताखोर अलर्ट अवस्थामा राखिएका छन् भने ८ हजार जनशक्ति विपद् प्रतिकार्यमा खटिने छन् बढी क्षति हुन सक्ने ठाउँहरूको आङ्कलन गरेर ८ ठाउँमा डिजास्टर रिलिफ कन्टेनरको व्यवस्था गरिएको छ ।
https://www.ratopati.com/story/576783/gandaki-active-in-disaster-management-220-million-in-reserve-8000-manpower-in-readiness

आ.व. २०८२/०८३ मा गण्डकी प्रदेशमा भएका विपद् तथा सडक दुर्घटनाको संख्यात्मत विवरण निम्मानुसार रहेका छ ।

| क्र.स | जिल्ला | विपद् | | | | सडक दुर्घटना | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | घटना संख्या | मृत्यु | घाईते | वेपत्ता | दुर्घटना संख्या | मृत्यु | घाईते | |
| 1. | कास्की | १४४ | २ | १८ | | १६१ | ५५ | १०७ | |
| 2. | स्याङ्जा | ४३ | १ | ७ | | १९ | ८ | ४४ | |
| 3. | तनहुँ | ६७ | ३ | ३ | | १०४ | ५७ | ११२ | |
| 4. | लम्जुङ | ४० | १ | २ | १ | १८ | १६ | २३ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| 5. | गोरखा | २५ | १ | ५ | | २८ | १७ | ५३ | |
| 6. | मनाङ | ० | ० | ० | | २ | २ | ० | |
| 7. | बाग्लुङ | ३७ | १ | १३ | | २१ | ११ | ३५ | |
| 8. | पर्वत | ४५ | ४ | ७ | | २७ | ६ | २५ | |
| 9. | म्याग्दी | ३५ | ५ | १२ | | १९ | ४ | २१ | |
| 10. | मुस्ताङ | १० | ० | ० | | ९ | ४ | ८ | |
| 11. | नवलपरासी पूर्व | ६४ | ३ | ४ | | १७६ | ६८ | ११० | |
| जम्मा | | ५१० | २१ | ७१ | १ | ५८४ | २५२ | ५३८ | |

स्रोत : गण्डकी प्रदेश प्रहरी कार्यालय

माथीको तथ्याङ्कलाई हेर्दा आ.व. २०८२/०८३ मा गण्डकी प्रदेशमा भएका विपद्का घटनाहरूलाई हेर्दा प्रदेशका ११ ओटा जिल्लामा गरी ५१० ओटा विपद्का घटनाहरू घटेका जसमा २१ जनाको मृत्यु भएको, ७१ जना घाईते भएका र १ जनाको अवस्था वेपत्ता रहेको देखिन्छ भने गण्डकी प्रदेशका ११ वटा जिल्लाहरू मध्ये विपद् र सडक दुर्घटनामा सबै भन्दा बढि घटनाहरू कास्की जिल्लामा रहेको देखिन्छ भने मनाङ जिल्लामा विपद्का कुनै पनि घटना नभएको र सडक दुर्घटनामा सबै भन्दा कम घटना घटेको देखिन्छ। यसले विपद्का कारण वर्षेनी नागरिकको वाच्न पाउने अधिकार लगायत भौतिक सम्पतिमा क्षति हुदा मानव अधिकारका बहुआयामिक अधिकारको प्रचलनबाट नागरिकहरू बञ्चित हुनुपर्ने देखिन्छ।

## ४.४ लैङ्गिक तथा यौनिक अल्पसंख्यकको अधिकार

लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायले फरक लैङ्गिक पहिचान भएकै कारण समाजमा सामाजिक, आर्थिक, शैक्षिक, स्वास्थ्य तथा कानुनी चुनौतीहरूका सामना गर्नु परिरहको छ।
लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायले परिवार, समुदाय र समाजबाट विभेद, अपमान, हेपाइ तथा सामाजिक बहिष्करणको सामना गर्नुपर्ने अवस्था  अझै विद्यमान छ।

लैङ्गिक तथा यौनिक पहिचान सार्वजनिक भएपछि कतिपय व्यक्तिले परिवारबाट अस्वीकार, घरबाट निकालिने, मानसिक तथा शारीरिक दुर्व्यवहार र हिंसा भोग्नुपर्ने अवस्था देखिन्छ भन्ने भनाई रहेको छ। सुरक्षित र समावेशी शैक्षिक वातावरणको अभावमा कतिपय विद्यार्थीले पढाइ छोड्नुपर्ने वा उच्च शिक्षामा निरन्तरता दिन नसक्ने अवस्था सिर्जना हुन्छ।

सरकारी कार्यालय तथा सामाजिक सुरक्षा कार्यक्रमको कार्यान्वयनमा लैङ्गिक तथा यौनिक विविधतालाई पर्याप्त रूपमा सम्बोधन नगरिँदा सेवा प्राप्त गर्न कठिनाइ हुन सक्छ। आवेदन प्रक्रिया, अभिलेख प्रणाली तथा सेवा प्रदायकको व्यवहारमा समावेशी दृष्टिकोणको कमीले यस्तो समस्या थप जटिल बनाएको छ।

लैङ्गिक पहिचान तथा नामसम्बन्धी विवरण परिवर्तन वा अद्यावधिक गर्ने प्रक्रियामा कानुनी व्यवस्था र व्यावहारिक कार्यान्वयनबीच अन्तर देखिन सक्छ। सरकारी अभिलेख, शैक्षिक प्रमाणपत्र, राहदानी,

बैंकिङ तथा अन्य कागजातमा विवरण नमिल्दा सेवा लिन, यात्रा गर्न वा आर्थिक तथा सामाजिक गतिविधिमा सहभागी हुन थप कठिनाइ भोगिरहेको पाइन्छ।

यस समुदायको सामाजिक, आर्थिक, शैक्षिक, स्वास्थ्य तथा रोजगारीसम्बन्धी विश्वसनीय र विभेदित तथ्यांकको अभावले वास्तविक समस्या पहिचान गर्न कठिन भएको देखिन्छ। तथ्यमा आधारित नीति, योजना तथा बजेट निर्माणका लागि नियमित रूपमा लैङ्गिक तथा यौनिक विविधतासम्बन्धी तथ्यांक संकलन आवश्यक देखिन्छ।

## ४.५ मानव अधिकार रक्षकको अधिकार अवस्था

गण्डकी प्रदेशमा मानवअधिकार रक्षकहरू प्रत्यक्ष रुपमा प्रभावित भएको नदेखिएपनि मानव अधिकार रक्षकहरूले मानव अधिकार तथा सार्वजनिक सरोकारका विषय उठाउँदा विशेष गरी सञ्चारकर्मी, मानव अधिकार अभियन्ता तथा महिला अधिकारकर्मीहरूले सामाजिक सञ्जालमार्फत गाली-गलौज, धम्की, दबाब र डरत्रास, चरित्रहत्या, अभद्र व्यवहार तथा विभिन्न किसिमका मानसिक दबाबको सामना गर्नुपरेको भन्ने अनुगमनबाट पाइन्छ । यधपी मानवअधिकार उल्लङ्घनका घटनामा मानव अधिकार रक्षकबाट उजुरी दिने प्रवृत्ति भने न्यून रहेको छ । आयोगबाट अभिव्यक्ति स्वतन्त्रता संरक्षणका लागि प्रदेश समिती गठन गरी मानवअधिकार रक्षकमाथि भएका धम्की तथा आक्रमणका घटनाको विषयमा वैठक छलफल तथा संवाद गर्दै आएको छ । गण्डकी प्रदेशमा मानवअधिकार रक्षकहरूले लोकतन्त्र, सुशासन तथा मानवअधिकार संरक्षणमा महत्वपूर्ण योगदान दिएका छन्। मानवअधिकार रक्षकको सुरक्षा, स्वतन्त्र रूपमा काम गर्ने वातावरण तथा राज्यबाट संरक्षणको संयन्त्रलाई प्रभावकारी बनाउन प्रदेशस्तरबाट मानव अधिकार रक्षक सम्बन्धी आवश्यक नीति तथा कानुन तर्जुमा गर्नुपर्ने देखिन्छ।

# परिच्छेद ४
# आयोगका गतिविधिहरूका झलकहरू



- मिति २०८२ श्रावण ९ गते गण्डकी प्रदेश दलित अधिकार तथा सशक्तिकरण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक उपर सामाजिक विकास तथा कृषि समितिमा आयोग गण्डकी प्रदेश कार्यालयको तर्फबाट विधेयक उपर राय तथा सुझाव दिँदै।




- मिति २०८२ श्रावण १६ गते राष्ट्रिय मानव अधिकार आयोग गण्डकी प्रदेश कार्यालयका प्रमुख नितु गर्तौलाको टोलीले गण्डकी प्रदेश सरकारका स्वास्थ्य मन्त्री माननीय कृष्णप्रसाद पाठकसँग भेटी नागरिकका स्वास्थ्यका अधिकार सुनिश्चितताका लागि समन्वय र सहकार्य गरी अगाडि बढ्ने विषयमा छलफल।





मिति २०८२ भाद्र २० गते मानव बेचविखन तथा ओसार विरूद्ध दिवसको सन्दर्भमा पोखरा-लेकसाईड स्थित डान्सवारहरूको संयुक्त अनुगमनका साथै सचेतना कार्यक्रम सम्पन्न।







मिति २०८२ भाद्र २३ र २४ गते जेन्जी पुस्ताले गरेको प्रदर्शन र प्रदर्शनका क्रममा भएका मानव अधिकार उल्लङ्घन तथा ज्याजती लगायतका घटनाको समन्धमा राष्ट्रिय मानव अधिकार आयोग, गण्डकी प्रदेश कार्यालयबाट अनुगमन।








मिति २०८२ असोज ८ गते जेन्जी पुस्ताको प्रदर्शन पछिको मानवअधिकार अवस्था सम्बन्धमा नागरिक समाज, बार, मानव अधिकारकर्मी, पत्रकार, जेन्जी प्रतिनिधि लगायत सरोकारवालाहरूसँग छलफल।

- मिति २०८२ असोज २६ गते जेन्जी पुस्ताको प्रदर्शनको क्रममा भएको मानवीय तथा भौतिक क्षतिको छानबिनको लागि आयोगको माननीय सदस्य डा. लिली थापाको संयोजकत्वमा समिति गठन भई कार्य भइरहेको क्रममा आयोगका माननीय सदस्य तथा छानबिन समितिको संयोजक डा. लिली थापाको उपस्थितिमा जेन्जी प्रतिनिधि, नागरिक समाज र जिल्ला सुरक्षा समितिका पदाधिकारीहरूसँग छुट्टाछुट्टै रुपमा पछिको मानव अधिकार अवस्था सम्बन्धमा छलफल।



- मिति २०८२ कात्तिक महिनामा भदौ २३ र २४ गते भएको जेनजी पुस्ताको प्रदर्शन र त्यसपछिको मानव अधिकार अवस्था सम्बन्धमा नवलपरासी (सुस्ता पुर्व) र तनहु जिल्लामा अनुगमन।





- मिति २०८२ मंसिर १२ गते ७७ औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवसलाई प्रभावकारी रूपमा मनाउने उद्देश्यले राष्ट्रिय मानव अधिकार आयोग, गण्डकी प्रदेश कार्यालयको आयोजनामा सरोकारवालासँग पूर्व तयारी बैठक।






- मिति २०८२ मंसिर २१ गते ७७ औं अन्तर्राष्ट्रिय मानवअधिकार दिवसको सन्दर्भमा श्री रत्नज्योति मावि पोखरामा अध्ययनरत ५० जना छात्र छात्राहरूलाई मानवअधिकार सचेतना कार्यक्रम आयोगको सभाहलमा सम्पन्न।

- ७७ औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवस तथा १७ औं मानव अधिकार महाभेलाको अवसरमा गण्डकी प्रदेश सरकार, राष्ट्रिय मानव अधिकार आयोग, पोखरा तथा मानव अधिकार महाभेलामा आबद्ध विभिन्न संघ-संस्थाको संयुक्त आयोजनामा रक्तदान कार्यक्रम सम्पन्न।






- राष्ट्रिय मानव अधिकार आयोग पोखराको संयोजन तथा गण्डकी प्रदेश सरकार र विभिन्न संघसस्थाहरू सँगको समन्वय र सहकार्यमा ७७ औ अन्तर्राष्ट्रिय मानव अधिकार दिवस कार्यक्रम १० डिसेम्वर मिति २०८२ मंसिर २४ गते पोखरामा सम्पन्न भएको थियो । **"Human Rights: The Essential Foundation for All of Us"** भन्ने अन्तराष्ट्रिय नाराका साथ ७७औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवस पोखराको मानव अधिकार चोक, चिप्लेढुंगाबाट विहान ७.३० बजे शुरु भएको प्रभातफेरी कार्यक्रम पोखरा सभागृहमा पुगेर शुभकामना कार्यक्रममा परिणत भएको थियो। सोही दिन बेलुका ५.३० बजे दिपप्रज्वलन कार्यक्रम पनि सम्पन्न भएको थियो।













- मिति २०८२-०९-०३ देखि २०८२-०९-१४ सम्म गै.स.स., पोखरा उच्च बार (महिला समिति) तथा मानसिक स्वास्थ्य संजालसँगको समन्वय तथा सहकार्यमा राष्ट्रिय मानव अधिकार आयोग, गण्डकी प्रदेश कार्यालयको मानव अधिकार सचेतना तथा परामर्श सम्बन्धी स्टल लेखनाथ महोत्सव २०८२ सञ्चालन।









- मिति २०८२-९-१४ गते Opportunity Village Nepal मा आबद्ध मनोरञ्जन क्षेत्रमा कार्यरत श्रमिकहरूको मानव अधिकार अवस्था र कार्यक्षेत्रमा भोग्नुपरेका समस्याहरूको सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगको कार्यालयमा छलफल।



- राष्ट्रिय मानव अधिकार आयोग स्थापना भएको २५ औं वसन्त पुरा गरि २६ औं वसन्तमा प्रवेश गर्दै गर्दा मिति २०८३ जेठ १३ गतेका दिन आयोगको गण्डकी प्रदेश कार्यालयको आयोजनामा २६ औं वार्षिकोत्सव समारोह पोखरामा सम्पन्न भएको छ।  राष्ट्रिय मानव अधिकार आयोग गण्डकी प्रदेश कार्यालयको कार्यालय प्रमुख नीतु गर्तौलाको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा प्रदेश सचिवहरू, सरकारी निकायका प्रमुख तथा प्रतिनिधीहरू, गैर-सरकारी संघ संस्था प्रमुख तथा प्रतिनिधीहरू, पत्रकार एवं अन्य सरोकारवालाहरूको सहभागिता रहेको थियो। उक्त कार्यक्रम गण्डकी प्रदेश सरकार, स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश, पोखरा र राष्ट्रिय मानव अधिकार आयोग, गण्डकी प्रदेश कार्यालय, पोखराको संयुक्त आयोजनामा आयोगको २६ औं स्थापना दिवश तथा गणतन्त्र दिवशको उपलक्ष्यमा शुभकामना आदान प्रदानका साथै रक्तदान गरी सम्पन्न गरिएको थियो।







- मिति २०८२ साल फागुन २१ गते हुने प्रतिनिधी सभा सदस्य निर्वाचनमा मानव अधिकारको दृष्टिकोणबाट आयोगको गण्डकी प्रदेश कार्यालय र आयोगको केन्द्रीय कार्यालयबाट खटिएको अनुगमन टोलीले गण्डकी प्रदेशका ११ वटा जिल्लाहरू मध्ये ९ वटा जिल्लाहरूमा ५ वटा टोलीबाट अनुगमन गरेको थियो । निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष तथा मानव अधिकारमैत्री बनाउन मतदानको अघि, मतदानको दिन र मतदान पछिको अवस्था अनुगमन गरेको थियो ।





।

# परिच्छेद ५

# उपलब्धी, चुनौती र समाधानका उपायहरू

## ५.१ उपलब्धिहरू

आयोगको गण्डकी प्रदेश कार्यालय पोखरा स्थापनाकालदेखि नै यस क्षेत्रको मानव अधिकारको संरक्षण र संवद्र्धनको उलेखिय कार्य गर्दै आइरहेको छ। यस गण्डकी प्रदेशको ११ वटै जिल्लाहरूमा मानव अधिकारको अवस्थाको विविध पक्षमा आयोगले सक्रिय रुपमा स्थानिय स्तरका मानव अधिकारसँग सम्बद्ध सरकारी तथा गैर सरकारी र मानव अधिकारसँग आवद्ध व्यक्तिहरूसँग सहकार्य र समन्वय गर्दै आएको छ।

यस कार्यालयमा मानव अधिकारका विभिन्न विषयमा आएका निवेदन तथा मौखिक गुनासाहरूका सम्बन्धमा सम्बन्धित निकायमा समन्वय र सहकार्य गरी त्यसको निकारण गर्न सम्बन्धित निकायबाट सहयोग तथा सहकार्य भएको छ। यस आयोगले सिमित श्रोत तथा साधनको उपयोग गरी आयोगको आयोगको कामलाई प्रभावकारी ढंगले सम्पादन गर्दै आएको छ।

यस कार्यालयले प्रदेश सरकार, नागरिक समाज, प्रहरी प्रशासनको सहकार्यलाई निरन्तरता दिदै मानव अधिकारका विषयहरू सूचना आदान प्रदान तथा क्षमता अभिवृद्धिको कार्यमा सरिक हुँदै आएको छ। विभिन्न सरकारी तथा गैरसरकारी निकायबाट मानव अधिकार सम्बन्धी प्रर्वद्धनात्मक कार्यक्रमा तथा तालिममा १९ वटा कार्यक्रममा श्रोत व्यक्तिका रुपमा आयोगका प्रतिनिधीहरूले सहभागिता जनाएका छन्। त्यसै मानव अधिकार आयोगले मानव अधिकार सम्बन्धी अन्तराष्ट्रिय मानव अधिकार दिवस (१० डिसेम्वर) को अवसरमा, अन्तरष्ट्रिय मानव वेचविखन विरुद्धको दिवस, एकल महिला दिवस आदि कार्यक्रमहरूमा विभिन्न संघ संस्थाहरूसँग समन्वय र सहकार्य गरी कार्यक्रम संचालन गर्दै आएको छ।
त्यस्तै आयोगले देशमा भएको महत्वपूर्ण कार्य प्रतिनिधी सभा चुनावको मानव अधिकार दृष्टिकोणबाट अनुगमन गर्दै शान्तिपूर्ण र मानव अधिकार मैत्री चुनाव सम्बन्धित निकायको ध्यानाकर्षण गर्दै आएको छ। त्यस्तै जेन्जी आन्दोलनको पनि मानव अधिकार दृष्टिकोणमा अनुगमन गरिएको थियो। त्यस्तै आयोगमा विभिन्न माध्यमबाट आएका मानव अधिकारसँग सम्बन्धित विषयमा आयोगले अनुगमन गर्दे आएको छ । यस आर्थिक वर्षमा यस कार्यालयवाट विभिन्न विषय तथा जिल्लाहरूमा १९ पटक अनुगमन कार्य सम्पन्न गरिएको छ।
आयोगप्रति आम जनसमुदायको विश्वास तथा भरोसा रहेको कुरा यस अवधिमा यस कार्यालयवाट मानव अधिकारका विभिन्न विषयमा आएका निवेदन तथा मौखिक गुनासाहरूबाट स्पष्ट हुन्छ । यस अवधिमा यस आयोगबाट १०१ पटक परामर्श सेवा प्रदान गरिएको छ । विभिन्न संघसंस्थाहरूले आयोजना गरेका १३३ वटा कार्यक्रमहरूमा यस कार्यालयवाट प्रमुख अतिथि, विशेष अतिथि तथा अतिथिको रुपमा सहभागीता, २० वटा कार्यक्रममा स्रोत व्यक्ति तथा सहजकर्ता र विभिन्न ४ वटा सञ्चार माध्यमका कार्यत्रममा आयोगको सहभागिता रही मानव अधिकारको सम्बर्धन कार्यमा संलग्न

रहेको थियो। मानव अधिकार उल्लङ्घन भएको भनी दर्ता भएका १३ वटा उजूरी उपर आवश्यक अनुसन्धान कार्य सम्पन्न गरी आवश्यक निर्णयार्थ केन्द्रीय कार्यालयमा पठाइएको छ।

आयोगको कामलाई प्रभावकारी ढंगले सम्पादन गर्ने उद्देश्यले प्रशासनिका कार्यको लागि खरिद इकाई, लैङ्गिक तथा सामाजिक समावेशीकरण नीति समिति, आदि समितिहरूको गठन गरी कार्य गरेको छ।

## ५.२ चुनौती र समस्याहरू

### ५.२.१ संस्थागत चुनौती र समस्याहरू

- आयोगको आफ्नै कार्यालय भवन नहुँदा कार्यालयको आवश्यकता अनुसार अपाङ्गतामैत्री, स्तनपान कक्ष, मनोसामाजिक विमर्श कक्ष, उजूरी कक्ष व्यवस्थापन गर्न कठिनाई रहेको छ।
- पर्याप्त मात्रामा स्रोत साधनको अभावका कारण मानव अधिकार प्रवर्धन तथा अन्य आयोगका गतिबिधिहरू समिति रुपमा संचालन गर्नु परेको अवस्था छ।
- कर्मचारीहरूको उत्प्रेरण र मनोवलको लागि आवश्य क्षमता अभिबृद्धि सम्बन्धी कार्यक्रम, वृत्ति विकास, वैदेशिक तालिम र भ्रमणमा समान अवसरको कमी हुनु।
- आयोगबाट भएका सिफारीसहरूको पूर्ण रुपमा कार्यान्वयन नहुँदा पीडितले न्याय प्राप्त गर्न कठिन रहेको अवस्था छ।

### ५.२.२ मानव अधिकारसँग सम्बन्धित चुनौती/समस्याहरु

- यस कार्यालयमा दर्ता हुन आएका ऊजुरीका सरोकारवाला व्यतिहरूको बसाईसराई, बैदेशिक रोजगार, ठेगाना परिवर्तन, तथ्याकं अध्यावधिक समयमा नहुँदा अनुसन्धानका उजुरी उपर प्रमाण संकलनमा कठिनाई भएको छ।
- महिला विरुद्ध हुने हिंसा तथा दुर्व्यवहारका घटनाहरूमा कमी आउन नसक्नु तथा कतिपय घटना उजूरी प्रक्रियामा नगई प्रलोभन र दबाबमा मिलापत्रतर्फ लैजान खोज्ने प्रवृति कायम नै रहेको छ।
- जातीय भेदभाव कानूनी रुपमा दण्डनीय भएपनि व्यवहारिक रुपमा अप्रत्यक्ष रुपबाट जातिय विभेद हुने तथा कतिपय घटना उजूरी प्रक्रियामा नगई प्रलोभन र दबाबमा मिलापत्रतर्फ लैजान खोज्ने प्रवृति कायम नै रहनु।
- अनिवार्य तथा निशुल्क शिक्षाको प्रभावकारी कार्यान्वयन र जोखिम अवस्थामा रहेका बालबालिकाहरूको शैक्षिक गुणस्तर सुधार गर्न पर्याप्त स्रोत साधनको व्यवस्था हुन नसकेको अवस्था छ।
- अनुसन्धानको प्रमुख जिम्मेवारी पाएको प्रहरी स्रोत साधन सम्पन्न नहुँदा अनुसन्धान प्रभावकारी हुन नसकेको।
- प्रदेशमा विधिविज्ञान प्रयोगशाला नहुँदा अनुसन्धान तथा न्याय प्राप्तीमा ढिला सुस्ती हुने गरेको ।

- प्रदेश, जिल्ला तथा स्थानिय बिपद् व्यवस्थापन समितिले विपद् पछिको प्रतिकार्य भन्दा बिपद्को पूर्व तयारीमा पर्याप्त ध्यान केन्द्रीत गर्न नसक्नु।
- जलवायु परिवर्तनका कारण हिमालमा रहेका हिउहरू पग्लिने, हिमताल विस्फोटको जोखिम, बाढीपहिरो जस्ता विपद्ले मानव जीवनमा पार्ने असरलाई न्युनिकरण गर्नु ।
- बालबालिकाको अधिकार संरक्षणका लागि कानून बमोजिम कार्यान्वयन गर्नुपर्ने बाल संरक्षण समिति गठन, वालमैत्री स्थानीय शासनको कार्यान्वयन, वालकल्याण अधिकारीको नियुक्ति जस्ता प्रावधानहरूको अझै पूर्ण कार्यान्वयन नहुनु।
- बढ्दो बैदेशिक रोजगारी मर्यादित र व्यवस्थित हुन नसक्दा ठगि, मानव बेचविखन, तस्करी, पारिवारीक बिखन्डन, मानसिक स्वास्थ्य समस्याको अनुभव गर्नेको सख्या बढ्नु।
- अपाङ्गता भएका ब्यक्तिहरूको लागि भौतिक संरचना, सुचना तथा संचार र न्यायमा पहुँच सुनिश्चित हुन नसकेको।
- आत्महत्याको घटनाहरूमा कमी आउन नसक्नु साथै मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिहरूका लागि प्रदेश अन्तर्गतका सबै सरकारी अस्पतालहरूमा अन्तरंग सेवाको व्यवस्था नहुँदा सेवाग्राहीहरू महंगो शुल्क तिरेर निजी अस्पतालमा जानुपर्ने बाध्यता रहेको।
- निशुल्क औषधी र स्वास्थ्य बिमा प्रभावकारी हुन नसक्नु।
- सामाजिक सञ्जालको दुरुपयोग मार्फत विभिन्न खालका हिंसाहरूमा बढोत्तरी भएको।
- ज्येष्ठ नागरिकहरू घर परिवारबाट उपेक्षित हुनुका साथै ज्येष्ठ नागरिक परिचय पत्र बमोजिम उपलब्ध हुने सेवा र सुविधाको कार्यान्वयन प्रभावकारी हुन नसक्नु।
- लैङिगक तथा यौनिक अल्पसंख्यक समुदायले परिवार, समुदायवाट विभेद, अपमान र सामाजिक वहिष्करणको सामना गर्नुपर्ने अवस्था कायम नै रहनु।
- कारागारको भौतिक अवस्था जीर्ण, क्षमता भन्दा बढि कैदीबन्दी हुँदा उनीहरूको आधारभूत अधिकारको उपभोगबाट बन्चित रहेका।
- बिकासमा मानव अधिकारमूखि पद्दतिको अवलम्बन हुन नसक्नु।
- वातावरण प्रदुषण र जलबायु परिवर्तनको असरले बहुआयामिक मानव अधिकारको प्रचलनमा समस्या निम्त्याउनु।
- मानव अधिकार रक्षकहरूले मानव अधिकारका सवालहरू उठाउदा गाली गलौज, धम्की र चरित्रहत्या जस्ता असहजताको सामना गर्नुपर्ने अवस्था रहेको।

## ५.३ समस्या/चुनौति समाधानका सम्भावित उपायहरू

उल्लेखित समस्या, चुनौतिलाई सम्बोधन गर्नका लागि सम्बद्ध पक्षहरूले निम्नानुसारको कार्य गर्नुपर्ने देखिन्छ।

- आयोगको प्रदेश कार्यालयलाई भवन उपलब्धताको लागि प्रदेश र स्थानीय तहहरूसँग पटक पटक लिखित तथा मौखिक आग्रह गर्दा समेत हालसम्म ठोस उपलब्धि नआएको देखिँदा आयोगको प्रदेश कार्यालयलाई भवन/जग्गा उपलब्धताको लागि प्रदेश/स्थानीय तहले ठोस निर्णय गर्नुपर्ने ।
- कर्मचारीहरूलाई उत्प्रेरणा र क्षमता अभिबृद्धि सम्बन्धी कार्यक्रम र समान अवसरको व्यवस्था गर्नुपर्ने।
- आयोगलाई पर्याप्त मात्रामा स्रोत साधनको व्यवस्था गर्नुपर्ने।
- आयोगबाट भएका सिफारीसहरूको संघ, प्रदेश र स्थानीय तहबाट पूर्ण रुपमा कार्यान्वयन गर्नुपर्ने।
- महिला हिंसा तथा जातीय भेदभाव लगायतका कतिपय घटना उजूरी प्रक्रियामा नगई प्रलोभन र दबाबमा मिलापत्रतर्फ लैजान खोज्ने प्रवृति कायम नै रहेको हुँदा यसलाई निरुत्साहति गर्न पर्याप्त मात्रामा जनचेतना अभिवृद्धि गर्नुपर्ने।
- अनिवार्य तथा निशुल्क शिक्षाको प्रभावकारी कार्यान्वयन र शैक्षिक गुणस्तर सुधार गर्न पर्याप्त स्रोत साधनको व्यवस्था गर्नुपर्ने।
- विभिन्न कारणले उजूरी प्रक्रियामा आउन नसकेका घटनाहरूमा प्रहरी प्रतिवेदनका आधारमा कारवाही प्रक्रिया अगाडि बढाउनुपर्ने।
- अनुसन्धानको प्रमुख जिम्मेवारी पाएको नेपाल प्रहरीलाई स्रोत साधन सम्पन्न गराउनुपर्ने साथै प्रदेशमा विधिबिज्ञान प्रयोगशालाको स्थापना गर्नुपर्ने।
- विपद् व्यवस्थापनको लागि आवश्यक स्रोत साधन, तालिम लगायत यन्त्र उपकरणको पर्याप्त व्यवस्थापन गर्नुपर्ने साथै सुरक्षित, समावेशी र मानवअधिकारमैत्री विपद् व्यवस्थापन प्रणालीको निर्माण गर्नुपर्ने।
- बालबालिका सम्बन्धी रहेका कानूनी तथा नीतिगत प्रावधानहरूको संघ, प्रदेश र स्थानीय तहवाट पूर्ण कार्यान्वयन हुनुपर्ने।
- बैदेशिक रोजगारीलाई व्यवस्थित, सुरक्षित र मर्यादित बनाउदै सो सँग सम्बन्धित प्रभावकारी सचेतना कार्यक्रम संचालन गर्नुपर्ने।
- अपाङ्गता भएका व्यक्तिहरूको सार्वजनिक सेवा प्रवाहमा पहुँच सुनिश्चित गर्न अपाङ्गतामैत्री भौतिक संरचना, सुचना तथा संचारमा पहुँच सुनिश्चित गर्नुपर्ने।
- आत्महत्याको घटनाहरूको कारण पहिचान गरी रोकथामका लागि विभिन्न सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने। साथै मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिहरूका लागि प्रदेश अन्तरगतका सबै सरकारी अस्पतालहरूमा बहिरंग तथा अन्तरंग सेवाको सञ्चालन गर्नुपर्ने।

- सामाजिक सञ्जालको दुरुपयोग मार्फत विभिन्न खालका हिंसाहरूमा बढोत्तरी भएको पाइएकोले यसको नियमनको साथै कानूनी साक्षरता अभियान सञ्चालन गर्नुपर्ने।
- निशुल्क औषधी र स्वास्थ्य बिमा प्रभावकारी बनाउनुपर्ने।
- ज्येष्ठ नागरिक सम्बन्धी कानूनी व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयन हुनुपर्ने।
- यौनिक तथा लैङिगक अल्पसंख्यकहरूका मागहरूलाई संघ, प्रदेश तथा स्थानीय तहहरूले नीति, योजना र वजेट मार्फत सम्बोधन गर्नुपर्ने।
- वातावरण प्रदुषण र जलबायु परिवर्तनको असरले बहुआयामिक मानव अधिकारको प्रचलनमा समस्या निम्त्याएकोले समस्या न्यूनिकरण गर्नको लागि ठोस कदम चाल्नुपर्ने।
- कैदीबन्दीको आधारभूत मानव अधिकार सुरक्षित गर्नुपर्ने।
- मानव अधिकार रक्षकको सुरक्षा, स्वतन्त्ररुपमा काम गर्ने वातावरण तथा राज्यवाट संरक्षणको संयन्त्रलाई प्रभावकारी वनाउन प्रदेशस्तरमा मानव अधिकार सम्बन्धी आवश्यक नीति तथा कानून तर्जुमा गर्नुपर्ने ।

# अनूसूचीहरू

**अनूसूची १ उजूरीको विवरण (राष्ट्रिय मानवअधिकार आयोगको पोखरा कार्यालय स्थापना (२०६२ वैशाख २१ पश्चात् यस कार्यालयमा दर्ता हुन आएका)**

| क.सं | अवधि | उजुरी संख्या |
|---|---|---|
| १ | २०६२ वैशाख २१ देखि २०६२ चैत मसान्तसम्म | 325 |
| २ | २०६३ वैशाख १ देखि २०६३ चैत मसान्तसम्म | 250 |
| ३ | २०६४ वैशाख देखि २०६४ चैत मसान्तसम्म | 149 |
| ४ | २०६५ वैशाख देखि २०६५ चैत मसान्तसम्म | 113 |
| ५ | २०६६ वैशाख देखि २०६६ चैत मसान्तसम्म | 53 |
| ६ | २०६७ वैशाख देखि २०६७ चैत मसान्तसम्म | 39 |
| ७ | २०६८ वैशाख देखि २०६८ चैत मसान्तसम्म | 44 |
| ८ | २०६९ वैशाख देखि २०६९ चैत मसान्तसम्म | 19 |
| ९ | २०७० वैशाख देखि २०७० चैत मसान्तसम्म | 20 |
| १० | २०७१ वैशाख देखि २०७१ चैत मसान्तसम्म | 12 |
| ११ | २०७२ वैशाख देखि २०७२ चैत मसान्तसम्म | 7 |
| १२ | २०७३ वैशाख देखि २०७३ चैत मसान्तसम्म | 13 |
| १३ | २०७४ वैशाख देखि २०७४ चैत मसान्तसम्म | 13 |
| १४ | २०७५ वैशाख देखि २०७५ चैत मसान्तसम्म | 23 |
| १५ | २०७६ वैशाख देखि २०७७ असार मसान्तसम्म | 16 |
| १६ | २०७७ वैशाख देखि २०७८ असार मसान्तसम्म | 9 |
| १७ | २०७८ वैशाख देखि २०७९ असार मसान्तसम्म | 1 |
| १८ | २०७९ वैशाख देखि २०८० असार मसान्तसम्म | 3 |
| १९ | २०८० वैशाख देखि २०८१ असार मसान्तसम्म | 4 |
| २० | २०८१ वैशाख देखि २०८२ असार मसान्तसम्म | 2 |
| २१ | २०८२ वैशाख देखि २०८३ असार मसान्तसम्म | 0 |
| | **जम्मा उजुरी संख्या** | **1115** |

नोटः पोखरा कार्यालयबाट वुटवल उपक्षेत्रीय कार्यालयमा पठाईएका उजुरी संख्या २१२

## अनुसूची २ निर्णयका लागि केन्द्रीय कार्यालय पठाईएका उजूरी संख्या

| क.सं | अवधि | संख्या |
|---|---|---|
| १ | २०६६ भन्दा अगाडी | 67 |
| २ | २०६६ वैशाखदेखि चैतसम्म | 46 |
| ३ | २०६७ वैशाखदेखि चैतसम्म | 134 |
| ४ | २०६८ वैशाखदेखि चैतसम्म | 163 |
| ५ | २०६९ वैशाखदेखि चैतसम्म | 65 |
| ६ | २०७० वैशाखदेखि चैतसम्म | 54 |
| ७ | २०७१ वैशाखदेखि चैतसम्म | 50 |
| ८ | २०७२ वैशाखदेखि चैतसम्म | 33 |

| | | |
|---|---|---|
| ९ | २०७३ वैशाखदेखि चैतसम्म | 37 |
| १० | २०७४ वैशाखदेखि चैतसम्म | 18 |
| ११ | २०७५ वैशाखदेखि चैतसम्म | 35 |
| १२ | २०७६ वैशाखदेखि असारसम्म | 20 |
| १३ | २०७७ वैशाखदेखि असारसम्म | 26 |
| १४ | २०७८ वैशाखदेखि असारसम्म | 23 |
| १५ | २०७९ वैशाखदेखि असारसम्म | 55 |
| १६ | २०८० वैशाखदेखि असारसम्म | 13 |
| १७ | २०८१ वैशाखदेखि २०८२ असारसम्म | 36 |
| १८ | २०८२ वैशाखदेखि २०८३ असारसम्म | 13 |
| | **जम्मा** | **888** |

## अनूसूची ३ जिल्लागत तथा विषयहत उजूरी विवरण

| District | ICCPR | ESCR | CRC | CEDAW | MGW | Disappearance | CERD | CAT | CRPD | hDdf |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कास्की | १० | २ | २ | १ | ० | २२ | ० | ६ | ० | ४४ |
| तनहुँ | ० | ० | ० | ० | ० | ६ | ० | ० | ० | ६ |
| लमजुङ | ० | १ | १ | ० | ० | ० | ० | ० | ० | २ |
| गोरखा | २ | ० | ० | १ | ० | ३ | ० | ० | ० | ६ |
| पर्वत | २ | ० | ० | ० | ० | ३ | ० | ० | ० | ५ |
| वाग्लुङ | ० | ४ | ० | ० | ० | ३ | ० | २ | ० | ९ |
| नवलपुर | १ | ५ | १ | १ | ० | ३ | ० | ० | ० | ११ |
| मनाङ | ० | १ | ० | ० | ० | १ | ० | १ | ० | ३ |
| मुस्ताङ | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | १ |
| म्याग्दी | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | २ |
| स्याङ्जा | १ | ० | ० | ० | ० | ३ | ० | ० | ० | ४ |
| जम्मा | २३ | १४ | ५ | ३ | ० | ४८ | ० | १० | ० | ९१ |

# राष्ट्रिय मानव अधिकार आयोग

गण्डकी प्रदेश कार्यालय, पोखरा


**केन्द्रीय कार्यालय**

हरिहर भवन, पुल्चोक, ललितपुर

फोन : ०१-५०१००१५, (हटलाइन : ०१-५०१००००)

फ्याक्स : ०१-५४४७९७३, पोष्ट बक्स नं. ९१८२, काठमाडौँ, नेपाल

ई-मेल : nhrc@nhrcnepal.org

**प्रदेश कार्यालयहरू :**

**कोशी प्रदेश कार्यालय, विराटनगर**

फोन : ०२१-५१२९३१, ५९०९९३, फ्याक्स : ०२१-५१११००

ई-मेल : nhrcbrt@nhrcnepal.org

**मधेश प्रदेश कार्यालय, जनकपुर**

फोन : ०४१-५९०३१३/१४, फ्याक्स : ०४१-५९०३१५

ई-मेल : nhrcjnk@nhrcnepal.org

**बागमती प्रदेश कार्यालय, हेटौंडा**

फोन : ०५७-५९१२११, ५९१३११ फ्याक्स : ०५७-५९१३११

ई-मेल : nhrcsnp@nhrcnepal.org

**गण्डकी प्रदेश कार्यालय, पोखरा**

फोन : ०६१-५८६०५९/५८६०८१, ९८५६०२६९७७, फ्याक्स : ०६१-५३५८७५

ई-मेल : nhrcpkr@nhrcnepal.org or nhrcpkr@gmail.com

**लुम्बिनी प्रदेश कार्यालय, दाङ**

फोन : ०७१-४१०१७५, फ्याक्स : ०७१-४१०१७६

ई-मेल : nhrcbtl@nhrcnepal.org

**कर्णाली प्रदेश कार्यालय, वीरेन्द्रनगर, सुर्खेत**

फोन : ०८३-५९०२२४, फ्याक्स : ०८३-५९०२२४

ई-मेल : nhrcskt@nhrcnepal.org

**सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढी**

फोन : ०९१-५२५६२१, ५२५६२२, फ्याक्स : ०९१-५२५६२३

ई-मेल : nhrcdhn@nhrcnepal.org

**प्रदेश शाखा कार्यालयहरू**

**कोशी प्रदेश शाखा कार्यालय, दिक्तेल**

फोन : ०३६-४२०२८४

ई-मेल : nhrchkht@nhrcnepal.org

**लुम्बिनी प्रदेश शाखा कार्यालय, नेपालगञ्ज**

फोन : ०८१-५३६७०७, ५३६७०८, फ्याक्स, ०८१-५३६७०६

ई-मेल : nhrcnpj@nhrcnepal.org

**कर्णाली प्रदेश शाखा कार्यालय, जुम्ला**

फोन : ०८७-५२०२२२

ई-मेल : nhrcjum@nhrcnepal.org